आज मिति २०६५ साल भाद्र ६ गतेका दिन यस रत्ननगर न. पा. बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल द.

**अन्य उपस्थिती :**

१. परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP द.
२. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल द.
३. योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना द.
४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया द.
५. सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल द.

**निर्णय :**

१. एशियाली विकास बैंक (ADB) को ऋण सहयोगमा रत्ननगर नगरपालिकामा संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाको Component C. Revenue Generating Urban Facilities अन्तर्गत तरकारी बजार निर्माण कार्यको लागि कुल ल. ई. रु. १,३४,९९,६३५।९२ को ८०% ले हुने रकम रु. १,०७,९९,४९२।७४ ऋणको रुपमा उपलब्ध गराई दिन र सो रकमको ऋण सम्झौताको लागि समेत आगामी नगर परिषद बैठकबाट अनुमोदन गर्ने गरी यस न. पा. को सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार नगर विकास कोष (TDF) संग अनुरोध गर्ने निर्णय गरियो ।

आ.व. ०६५।०६६ बाट तपशिल बमोजिमका नितीगत निर्णयहरु गरि कार्यान्वयन गर्ने सर्व सम्मतद्धारा गरियो ।

१. आ.व. ०६४।०६५ मा स्विकृत भै संचालन भएका तर कार्यसम्पन्न भै नसकेका योजनाहरुलाई चालु आ.व. ०६५।०६६ मा निरन्तरता दिने ।

२. चालु आ.व. ०६५।०६६ को आय प्रस्तावमा प्रस्तावित कर शुल्कहरु मध्ये विज्ञापन कर (होडिङ्ग. वोर्ड), कवाडी संकलन शुल्क तथा तरकारी, माछा, मासु, फुटपाथ व्यवसायलाई एउटै प्याकेजमा राखी दैनिक सेवा शुल्क असुलीको लागी ठेक्का प्रथामा जाने ।

३. सर सफाई शुल्कलाई एकिकृत सम्पत्ति करसंगै असुली गर्ने प्रकृया अवलम्वन गर्ने ।

४. घर बहाल कर असुलीलाई प्रभावकारी बनाउनको लागि अविलम्व सो सम्बन्धि तथ्यांक लिने र घर बहाल कर असुली प्रकृयालाई सरलीकृत गर्न र. न. पा. भित्रका सरकारी तथा अन्य संघ संस्था एवं बैंकिङ्ग संस्थाहरुसंग समन्वय गरी करको दायरा भित्र ल्याउने ।

५. यूवा तथा खेलकुद क्षेत्रलाई व्यवस्थित गर्न नगर स्तरिय खेलकुद समिति बनाई सोही समितिले खेलकुद परिचालन गर्ने ।

६. नगर क्षेत्रको शैक्षिक स्तर बृद्धि एवं शैक्षिक संस्था सहयोगका लागि नगर स्तरिय शैक्षिक समिति बनाई कार्य गर्ने ।

७. नगर स्तरिय टोल विकास संस्था समन्वय समिति रत्ननगर मार्फत प्राप्त TLO निर्देशिका स्वीकृत गर्ने ।

८. रत्ननगर ईलाका प्रहरी कार्यालयलाई वडागत तहसम्म सेवा पुर्‍याउन वडा प्रहरी कार्यालयमा स्तरोन्नती गर्न सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने ।

९ रत्ननगर न. पा. क्षेत्र विस्तारको लागि बछ्यौली गा. वि. स. लाई र. न. पा. मा समावेस गर्न स्थानिय विकास मन्त्रालयमा सिफारिस सहित अनुरोध गर्ने ।

१० रत्ननगर न. पा. क्षेत्रभित्र खोला नियन्त्रण गर्न तारजालीका लागि सिफारिस सहित जलश्रोत मन्त्रालयमा जाने ।

११ र. न. पा. सिमाना पूर्व- ज्यामिरे, पश्चिम- टिकौलीमा पर्यटकीय नगरीको पहिचान झल्कने सहित, द्धार (Gate) निर्माण गर्ने ।

१२ र. न. पा. क्षेत्रमा तीन वर्षभित्र १(एक) घण्टाघर निर्माण गर्ने ।

१३ उद्योग वाणिज्य संघ रत्ननगरले महोत्सव गर्दा पर्यटकीय क्षेत्रलाई समेट्ने गरी र. न. पा. १ देखि १३ वडा समेट्ने गरी पंचकन्या, टिकौली, मिलीजुली, चित्रसेन सामुदायिक वनहरुलाई समेट्ने र महोत्सव संचालन गर्ने ।

१४ र. न. पा. पशुपालन क्षेत्रलाई सहयोग पुर्‍याउन बछ्यौली गा. सिव. स. मा रहेको मध्यवर्ती सामुदायिक भेटनरी औषधी दुकानलाई पशुपालन क्षेत्र रन. पा. पा. ६ गडौलीमा साझेदारी लागतमा संचालन गर्ने ।

१५ र.न .पा. /UEIP को गतिविधीहरुको प्रचार प्रसार गर्न चितवन रेडियोमा कार्यक्रम संचालन गर्ने ।

१६ र. न. पा. कार्यालयमा बसिरहेको वेस क्याम्प, ईलाका प्रहरी कार्यालयलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

१७ आ. व. ०६५।६६ का लागि नेपाली नागरिकता प्रमाण पत्र सिफारिस निःशुल्क गर्ने ।

१८ नगर तथा वडा स्तरिय सर्वदलिय समन्वय संयन्त्रको काम कारवाहीलाई व्यवस्थित गर्न कार्यविधी तयार गरी सोही आधारमा न. पा. संचालन गर्ने ।

१९ वडा स्तरिय संयन्त्रबाट छनौट भई आएका वडा तथा नगर स्तरिय योजनाहरुलाई जनसहभागिता एवं TLO परिचालनलाई आधार बनाई स्वीकृत गर्ने नीति लिईनेछ ।

२० वडा स्तरिय बजेटको कार्यान्वयन गर्दा एक कार्य विधी निर्देशिका तयार गरी सोही अनुसार खर्च गर्ने नीति लिईनेछ ।

आज मिति २०६५ साल आश्विन ७ गतेका दिन यस रत्ननगर न. पा. को सर्वदलिय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका नगर स्तरिय पार्टी प्रमुख तथा प्रतिनिधी ज्यूहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल | द. |
| २. | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी रत्ननगर | द. |
| ३. | सभापति श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस, नगर समिति, रत्ननगर | द. |
| ४. | प्रतिनिधी श्री रामशरण कुँवर, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | द. |
| ५ | अध्यक्ष श्री रामेश्वर महतो, जनमोर्चा नेपाल, नगर कमिटी, रत्ननगर | द. |
| ६. | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा नेपाल, नगर कमिटी, रत्ननगर | द. |
| ७. | प्रतिनिधी श्री विकास उप्रेती, नेकपा माले, नगर कमिटी, रत्ननगर | द. |
| ८ | परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द. |

**निर्णय :**

२. न. पा. मा लागु भएको शहरी तथा वातावरणीय सुधार परियोजना सम्बन्धि काम कारवाहीका बारेमा गुनासो सुन्ने कार्यका लागि देहाय वमोजिम गुनासो सुन्ने समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक - | प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल |
| सदस्य | परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल |
| ,, | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया |

आज मिति २०६५ साल भाद्र १० गतेका दिन यस रत्ननगर न. पा. बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल द.

**अन्य उपस्थिती :**

१. परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP द.
२. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल द.
३. योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना द.
४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया द.
५. सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल द.

**निर्णय :**

१. यस रत्ननगर नगरपालिका तथा नेपाल सरकार स्थानिय विकास मन्त्रालय जगेडा कोषको संयुक्त साझेदारीमा यस रत्ननगर न. पा. ले आफ्नो नगर क्षेत्रभित्र निस्कने ढल तथा फोहर मैलालाई दीगो रुपमा व्यवस्थापन गर्न ढल प्रशोधन केन्द्र शहरी तथा वातावरणीय सुधार आयोजना अन्तर्गत निर्माण गर्न आवश्यक जग्गा खरिद सम्बन्धि योजना प्रस्ताव जगेडा कोष संचालन समितिबाट २०६५।०३।२२ मा स्वीकृती प्राप्त भएकाले सो प्रस्ताव मुताविक नै न. पा. ले जग्गा खरिद गर्ने कार्य सम्पन्न गरेकाले जगेडा कोषबाट स्वीकृत रु. ५५,१८,०००।- (पचपन्न लाख अठार हजार) मध्ये प्रथम किस्ता वापत प्राप्त रकम रु. ३८,६२,०००।- कट्टा गरी अन्तिम किस्ताको बाँकी रकम रु. १६,५६,०००।- (अक्षेरुपी- सोह्र लाख छपन्न हजार मात्र) निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल कार्तिक २० गतेका दिन यस रत्ननगर न. पा. बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल द.

**अन्य उपस्थिती :**

१. परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP द.
२. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल द.
३. योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना द.
४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया द.
५. सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल द.

**निर्णय :**

१. यस रत्ननगर नगरपालिकामा संचालन भएको शहरी तथा वातावरणीय सुधार परियोजना, परियोजना कार्यान्वयन इकाई रत्ननगरबाट संचालन हुने Contract No. RA-N CB-C-08, Vegetable Market Construction Under Revenue Generating Sub-Project निर्माण कार्यको लागि प्राप्त भएका देहाय वमोजिम ३(तीन) मध्ये चार्टमा देखाए अनुसार ईन्जिनियर्स अंक रु. १,२२,६६,१९७।३० (१३% vat सहित) भन्दा ०.२२% बढी प्रस्ताव पेश गर्ने बोलपत्रदाता Taksar Nirman Sewa को प्राविधिक प्रस्ताव पनि Substantially Responsive भएकाले उक्त बोलपत्रदाताको बोलपत्र अंक रु. १,०८,७९,२६२।५५ र १३% vat १४,१४,३०४।१३ समेत जम्मा रु. १,२२,९३,५६६।६८ (अक्षेरुपी- एक करोड बाईस लाख त्रियानव्वे हजार पाँचसय छैसठ्ठी रुपैया र पैसा अठ्सठ्ठी मात्र) हुने गरी उक्त बोलपत्र स्वीकृतीका लागि बोलपत्र मुल्याङ्कन समितिको मिति २०६५।०७।१७ गते आईतबार बसेको बैठकबाट सिफारिस भए वमोजिम सवैभन्दा कम अंक कबोल गर्ने श्री Taksar Nirman Sewa को बोलपत्र अंक रु. १,२२,९३,५६६।६८ (१३% vat समेत) हुने गरी सर्वदलिय समन्वय संयन्त्रको सहमतीमा Taksar Nirman Sewa को बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

| सि. नं. | कम्पनी/फर्मको नाम | ईन्जिनियर्स अंक with Vat | कबोल अंक with Vat | प्रतिशत घटी/बढी | कैफियत |
|---|---|---|---|---|---|
| १ | Taksar Nirman Sewa | १२२,६६,१९७।३० | १,२२,९३,५६६।६८ | ०.२२% बढी | I |
| २ | Biruwa/Changmila/Sakura (J.V.) | | १,२९,१९,२४८।३८ | ५.३% बढी | II |
| ३ | Taudaha Construction P. Ltd | | १,३९,७६,२९०।८७ | १३.९४% बढी | Non Responsive |

२ Bid Evaluation Report आवश्यक सहमती एवं स्वीकृतीको लागि सर्वदलिय समन्वय संयन्त्रको समर्थनमा PCO तथा ADB मा पेश गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल पौष ८ गते मंगलबारका दिन यस रत्ननगर न. पा. बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल | द. |

**अन्य उपस्थिती :**

| | | |
|---|---|---|
| १. | परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP | द. |
| २. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द. |
| ३. | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द. |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया | द. |
| ५. | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द. |

**निर्णय :**

१. एशियाली विकास बैंक (ADB) को ऋण सहयोगमा रत्ननगर नगरपालिका अन्तर्गत संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाको Component C Small Urban Community Facilities (Non Revenue Generating Facilities) अन्तर्गत बकुलहरचोक, र. न. पा. १, सौराहाचोक, र. न. पा. १ र टाँडीचोक, र. न. पा. २ मा निर्माण हुन गैरहेको बसवे कार्यको लागि ADB बाट Detailed Engineering Design Report र Bidding Document सम्बन्धमा Concurence प्राप्त भएको र उक्त कार्यको लागि ADB र नेपाल सरकार बीचको सम्झौता अनुसार Component C अन्तर्गतको कार्यहरु गर्न TDF बाट आवश्यक बजेट ऋणको रुपमा उपलब्ध गराईने प्रावधान रहे अनुसार बसवे निर्माण कार्यको लागि कुल ल. ई. अंक रु. ७३,४६,०८३।८९ को ४०% रकम रु. २९,३८,४३३।५६ ऋणको रुपमा उपलब्ध गराई दिन नगर विकास कोष (TDF) संग सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार माग गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल माघ १० गते शुक्रबारका दिन यस रत्ननगर न. पा. बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती | द. |

**अन्य उपस्थिती :**

| | | |
|---|---|---|
| १. | परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP | द. |
| २. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द. |
| ३. | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द. |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया | द. |
| ५. | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द. |

**निर्णय :**

१. यस रत्ननगर न. पा. को आ. व. ०६५।६६ को विविध आकस्मिक योजना शिर्षकबाट खर्च हुने गरी तपसिलमा उल्लेख भएका आकस्मिक योजनाहरुलाई नगरस्तरिय सर्वदलिय समन्वय संयन्त्रको मिति २०६५।१०।०९ गते बसेको बैठकको सहमती अनुसार ल. ई. गरी निर्माण तथा मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

**तपसिलः**

क. पशुहाट बजार अन्तर्गत रहेका भौतिक संरचनाहरु मर्मत गर्ने, रत्ननगर-७
ख. जयमंगला राम मन्दिर पछाडिको घोलको आर. सि. सि. स्ल्याव कलभर्ट मर्मत गर्ने, रत्ननगर-१३

२. यस रत्ननगर नगरपालिकामा लागु भएको शहरी तथा वातावरणीय सुधार परियोजना तर्फ सामुदायिक विकास कार्यक्रम अन्तर्गत गरिवी एवं पिछडिएका वस्तीहरुमा वसोवास गर्ने व्यक्तिहरुका लागि आयआर्जन र साना पूर्वाधार निर्माण कार्य गरी गरिवी न्यूनिकरण गर्ने कार्यक्रम अन्तर्गत रत्ननगर ७ को पशुहाट बजार क्षेत्रमा वसोवास गर्ने समुदाय, रत्ननगर ९ को सालघारी वस्ती, रत्ननगर १० को विश्वास र शितल टोल, रत्ननगर ४ देवौली बगैंचा टोल समेत गरि ४(चार) स्थानमा कार्यक्रम अघि बढाउने सर्वदलिय समन्वय संयन्त्रको मिति २०६५।१०।०९ गते बसेको बैठकको सहमती अनुसार निर्णय गरियो ।

आज मिति २०६५ साल पौष ८ गते शुक्रबारका दिन यस रत्ननगर न. पा. बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**<u>उपस्थिती :</u>**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल | द. |

**<u>अन्य उपस्थिती :</u>**

| | | |
|---|---|---|
| १. | परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP | द. |
| २. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द. |
| ३. | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द. |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया | द. |
| ५. | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द. |

निर्णय

१ एसियाली विकास वैंक (ADB) को ऋण सहयोगमा रत्ननगर नगरपालिका अर्न्तगत संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाको Component C Small Urban Community Facilities (Non Revenue Generation Facilities) अर्न्तगत बकुलहर चोक, र.न.पा. १, सौराहा चोक र.न.पा.१ र टाँडी चोक र.न.पा. २ मा निर्माण हुन गैरहेको वस वे कामको लागि ADB बाट Detailed Engineering Desing Raport र Bidding Document सम्वन्धमा Concurrence प्रांप्त भएको र उक्त कार्यको लागि ADB र नेपाल सरकार वीचको संम्झौता र रत्ननगर नगरपालिका वीचको सहायक ऋण संम्झौता अनसार Component C अर्न्तगत कार्यहरु गर्न TDF बाट आवश्यक वजेट ऋणको रुपमा उपलव्ध गराईने प्रावधान रहे अनुसार वस वे निर्माण कार्यको लागि कुल ल.ई अंक रु ७३,४६,००३।८९ को ४०% रकम रु २९,३८,४३३।५६ ऋणको रुपमा उपलव्ध गराई दिन नगर विकास कोष (TDF) सँग सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार माग गर्न निर्णय गरियो ।

आज मिति २०६५ साल पौष ६ गते विहान ८:०० बजे यस रत्ननगर नगरपालिकाको सर्वदलिय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका नगरस्तरिय पार्टी प्रमुख तथा प्रतिनिधी ज्यूहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल, रनपा कार्यालय | द. | |
| २ | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी, रत्ननगर | द. | |
| ३ | सभापती श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस नगर समिति, रत्ननगर | द. | |
| ४ | प्रतिनिधी श्री रामशरण कुंवर, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | | द |
| ५ | अध्यक्ष श्री रामेश्वर महतो, जनमोर्चा नेपाल, कमिटी रत्ननगर | द | |
| ६ | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा, कमिटी रत्ननगर | | द |
| ७ | प्रतिनिधी श्री त बहादुर वि. क., नेकपा माले, कमिटी रत्ननगर | द | |
| ८ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | | द |
| ९ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द | |
| १० | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | | द |
| ११ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | | द |

निर्णय:

क. आ.व. ०६५।६६ बाट तपसिल वमोजिमका नितीगत निर्णयहरु गरी कार्यान्वयन गर्ने निर्णय सर्व सम्मतद्धारा गरियो ।

१. ०६४।६५ मा स्वीकृत भै संचालन भएका तर कार्य सम्पन्न भै नसकेका योजनाहरुाई चालु आ. व. ०६५।६६ मा निरन्तरता दिने ।

२. चालु आ. व. ०६५।६६ को आय प्रस्तावमा प्रस्तवित कर शुल्कहरु मध्ये विज्ञापन कर (होडिङ्ग) बोर्ड कवाडी संकलन शुल्क तथा तरकारी माछा, मासु, फुटपाथ व्यवसायलाई एउटै प्याकेजमा राखी दैनिक सेवा शुल्क असुलीको लागि ठेक्का प्रथामा जाने ।

३. सर सफाई शुल्कलाई एकीकृत सम्पत्तिसंगै असुल गर्ने प्रकृया अवलम्वन गर्ने ।

४ घर बहाल कर असुलीलाई प्रभावकारी बनाउनको लागि अविलम्व सो सम्बन्धि तथ्यांक लिने । घर बहाल कर असुली प्रकृयालाई सरलीकृत गर्न र. न. पा. भित्रका सरकारी तथा अन्य संघ संस्था एवं बैंकिङ्ग संस्थाहरुसंग समन्वय गरी करको दायरा भित्र ल्याउने ।

५. यूवा तथा खेलकुद क्षेत्रलाई व्यवस्थित गर्न नगरस्तरिय खेलकुद समिति बनाई सोही समितिले खेलकुद परिचालन गर्ने ।

६ नगर क्षेत्रको शैक्षिकस्तर बृद्धि एवं शैक्षिक संस्था सहयोगका लागि नगर स्तरिय शैक्षिक समिति बनाई कार्य गर्ने ।

७ नगर स्तरिय टोल विकास संस्था समन्वय समिति रत्ननगर मार्फत प्राप्त TLO निर्देशिका स्वीकृत गर्ने ।

८ रत्ननगर ईलाका प्रहरी कार्यालयलाई वडागत तहसम्म सेवा पुऱ्याउन वडा प्रहरी कार्यालयमा स्तरोन्नती गर्न सम्बन्धित निकायमा सिफारिस साथ अनुरोध गर्ने ।

९ रत्ननगर न. पा. क्षेत्र विस्तारको लागि बछौली गाविसलाई रनपामा समावेस गर्न स्थानिय विकास मन्त्रालयमा सिफारिस सहित अनुरोध गर्ने ।

१० रत्ननगर न. पा. क्षेत्रभित्र खोला नियन्त्रण गर्न, तारजालिका लागि सिफारिस सहित जलश्रोत मन्त्रालयमा जाने ।

११ रनपा सिमाना पूर्व ज्यामिरे, पश्चिम टिकौलीमा पर्यटकीय नगरीको पहिचान झल्कीने सहित द्धार (Gate) निर्माण गर्ने ।

१२ र. न. पा. क्षेत्रमा तीन वर्षभित्र १(एक) घण्टाघर निर्माण गर्ने ।

१३ उद्योग वाणिज्य संघ रत्ननगरले महोत्सव गर्दा पर्यटकीय क्षेत्रलाई समेट्ने गरी र. न. पा. १ देखि १३ वडा समेट्ने गरी पंचकन्या, टिकौली, मिलीजुली, चित्रसेन सामुदायिक वनहरुलाई समेट्ने र महोत्सव संचालन गर्ने ।

१४ र. न. पा. पशुपालन क्षेत्रलाई सहयोग पुऱ्याउन बछ्यौली गा. सिव. स. मा रहेको मध्यवर्ती सामुदायिक भेटनरी औषधी दुकानलाई पशुपालन क्षेत्र रन. पा. पा. ६ गडौलीमा साझेदारी लागतमा संचालन गर्ने ।

१५ र.न .पा. /UEIP को गतिविधीहरुको प्रचार प्रसार गर्न चितवन रेडियोमा कार्यक्रम संचालन गर्ने ।

१६ र. न. पा. कार्यालयमा बसिरहेको वेस क्याम्प, ईलाका प्रहरी कार्यालयलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

१७ आ. व. ०६५।६६ का लागि नेपाली नागरिकता प्रमाण पत्र सिफारिस निःशुल्क गर्ने ।

१८ नगर तथा वडा स्तरिय सर्वदलिय समन्वय संयन्त्रको काम कारवाहीलाई व्यवस्थित गर्न कार्यविधी तयार गरी सोही आधारमा न. पा. संचालन गर्ने ।

१९ वडा स्तरिय संयन्त्रबाट छनौट भई आएका वडा तथा नगर स्तरिय योजनाहरुलाई जनसहभागिता एवं TLO परिचालनलाई आधार बनाई स्वीकृत गर्ने नीति लिईनेछ ।

२० वडा स्तरिय बजेटको कार्यान्वयन गर्दा एक कार्य विधी निर्देशिका तयार गरी सोही अनुसार खर्च गर्ने नीति लिईनेछ ।

ख. रत्ननगर नगरपालिकाले UEIP अन्तर्गत निर्माण गर्ने Recreation Park लाई यसै न. पा. को वडा नं. ७ मा पर्ने टिकौली, चेपाङ्ग ताल तथा रत्ननगर ६ को मिलिजुली वनको कुमाल ताल संग समेत अन्तर सम्बन्ध विस्तार हुने गरी रत्ननगर ७ को टिकौली सशस्त्र व रक्षक तालिम केन्द्रको उत्तर पूर्वमा पर्ने चौर तथा रातोमाटे डांडामा पंचकन्या सामुदायिक वनसंग आवश्यक समन्वय गरी जैविक विविधता संरक्षण तथा ECO Tourism विस्तार एवं विकास हुने गरी निर्माण प्रकृया बढाउन UEIP/PIU रत्ननगरलाई सहमती प्रदान गर्ने निर्णय गरियो ।

ग. रत्ननगर शहरी तथा वातावरणीय सुधार आयोजना परियोजना कार्यान्वयन इकाई रत्ननगरको आ. व. ०६५।६६ को लागि तपसिल वमोजिमको वजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल पौष २० गते आईतबारका दिन यस रत्ननगर नगरपालिकाको सर्वदलिय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका नगरस्तरिय पार्टी प्रमुख तथा प्रतिनिधी ज्यूहरुको उपस्थितीमा बस्यो ।

<u>उपस्थिती :</u>

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल, रनपा कार्यालय | द. | |
| २ | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी, रत्ननगर | द. | |
| ३ | सभापती श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस नगर समिति, रत्ननगर | द. | |
| ४ | प्रतिनिधी श्री रामशरण कुंवर, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | | द |
| ५ | अध्यक्ष श्री रामेश्वर महतो, जनमोर्चा नेपाल, कमिटी रत्ननगर | द | |
| ६ | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा, कमिटी रत्ननगर | | द |
| ७ | प्रतिनिधी श्री त बहादुर वि. क., नेकपा माले, कमिटी रत्ननगर | द | |
| ८ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | | द |
| ९ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द | |
| १० | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | | द |
| ११ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द | |
| १२ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | | द |

<u>निर्णय:</u>

१. नेपाल सरकारको राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ वमोजिम नगर स्तरिय साक्षरता योजना निर्माण कार्यान्वयन र अनुगमनका लागि देहाय वमोजिम साक्षरता अभियान समिति रत्ननगर गठन गर्ने निर्णय गरियो ।

१. अध्यक्ष : प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल
२. सदस्य : नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको तर्फबाटः
 क. श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी
 ख. श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस
 ग. श्री रामशरण कुंवर, नेकपा एमाले
 घ. श्री रामेश्वर महतो, जनमोर्चा नेपाल
 ङ श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा
 च. श्री त बहादुर विश्वकर्मा, नेकपा माले
३. ,, : विद्यालयको प्र. अ. मध्ये मोहना मा. वि. का प्र. अ. श्री विष्णु प्रसाद भण्डारी
४ ,, : रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधी
५. ,, : श्रोत व्यक्ति श्रीमती अनिता अधिकारी, जिल्ला शिक्षा कार्यालय, भरतपुर, चितवन
६. सदस्य सचिवः सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल

२. रत्ननगर तेक्वान्दो डोजाङ्गको मिति २०६५।९।७ को प्राप्त पत्रका सम्बन्धमा प्रशासन संगठन तथा खेलकुद समितिको निर्णय पश्चात आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

३. थप स्थानिय विकास शुल्कलाई प्रभावकारी बनाउने शिलशिलामा २०६५।६६ को वजेट तथा कार्यक्रमलाई आवश्यक परिमार्जन गरी आगामी बस्ने बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. मिति २०६५ पौष २३ गते दिनको १:०० बजे बैठक बस्ने गरी आजको बैठक अन्त्य गरियो ।

आज मिति २०६५ साल पौष २३ गते बुधबारका दिन यस रत्ननगर नगरपालिकाको सर्वदलिय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल ज्यूको अध्यक्षतामा देहायका नगरस्तरिय पार्टी प्रमुख तथा प्रतिनिधी ज्यूहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री दुर्गा भक्त शर्मा ढकाल, रनपा कार्यालय | द. | |
| २ | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी, रत्ननगर | द. | |
| ३ | सभापती श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस नगर समिति, रत्ननगर | द. | |
| ४ | प्रतिनिधी श्री रामशरण कुंवर, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | | द |
| ५ | अध्यक्ष श्री रामेश्वर महतो, जनमोर्चा नेपाल, कमिटी रत्ननगर | द | |
| ६ | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा, कमिटी रत्ननगर | | द |
| ७ | प्रतिनिधी श्री त बहादुर वि. क., नेकपा माले, कमिटी रत्ननगर | द | |
| ८ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | | द |
| ९ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द | |
| १० | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | | द |
| ११ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द | |
| १२ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | | द |
| १३ | प्रतिनिधि श्री गंगा प्रसाद वास्तोला, एकता केन्द्र मसाल, नगर समिति, रत्ननगर | द. | |

निर्णय:

१. यस न. पा. को वार्ड नं. ७ मा रहेको पशुहाट बजारलाई व्यवस्थित रुपमा संचालनको लागि मिति २०६५।०६।०७ को संयन्त्र बैठकको निर्णय अनुसार २०६५।०९।१४ गतेका दिन सार्वजनिक सूचना गरी टेण्डर आव्हान हुँदा नव जन एकता पशुपालन सहकारी संस्था रत्ननगर ७ ले पेश गरेको रु. १८,०००।- (अठार हजार) को कबोल अंकलाई स्वीकृती गरी सम्झौता प्रकृया अगाडि बढाउन सहमती दिने निर्णय गरियो ।

२. रत्ननगर तेक्वान्दो डोजाङ्गलाई तेक्वान्दो खेल संचालनको लागि संगठन तथा प्रशासन र खेलकुद समितिले सिफारिस गरेको रु. २५,०००।- (पच्चीस हजार) यूवा तथा खेलकुद विकास शिर्षकबाट आर्थिक सहायता दिने निर्णय गरियो ।

३. भानुचोक टोल विकास संस्था रत्ननगर ७ को मिति २०६५।०९।१६ को प्राप्त पत्रका सम्बन्धमा रत्ननगर ७ भानुचोक टोल विकास संस्था स्थित पूर्व पश्चिम राजमार्ग तथा राजमार्गसंग जोडिएको दक्षिण त्रिनेत्र पेट्रोल पम्पको दायाँ बायाँ सातामा १(एक) पटक लाग्ने गरी हाट बजार संचालन गर्न स्वीकृती दिने निर्णय गरियो र साथै कार्यालय संचालनको लागि फर्निचर व्यवस्थाको निमित्त सामान वडा समितिको कार्यालयको स्वामित्वमा रहने गरी रु. ५,०००।- (पाँच हजार) समेत उपलब्ध गराउने निर्णय गरियो ।

४. जनचेतना यूवा समुह रत्ननगर ६ को मिति २०६५।०९।०९ को प्राप्त पत्रका सम्बन्धमा क्यान्सर सम्बन्धि गाईनो सिविर संचालनको लागि रु. ३,०००।- (तीन हजार) आर्थिक सहायता दिने निर्णय गरियो ।

५. थारु राष्ट्रिय माघी महोत्सव २०६५ आयोजक समितिको मिति २०६५।०९।११ को प्राप्त पत्रका सम्बन्धमा माघी महोत्सवको लागि रु. ३,०००।- (तीन हजार) आर्थिक सहायता दिने निर्णय गरियो ।

आज मिति २०६५ साल माघ ९ गतेका दिन यस रत्ननगर नगरपालिकाको सर्वदलिय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका नगरस्तरिय पार्टी प्रमुख तथा प्रतिनिधी ज्यूहरुको उपस्थितीमा बस्यो ।

<u>उपस्थिती :</u>

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. | |
| २ | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी, रत्ननगर | द. | |
| ३ | सभापती श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस नगर समिति, रत्ननगर | द. | |
| ४ | प्रतिनिधी श्री रामशरण कुंवर, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | | द |
| ५ | अध्यक्ष श्री रामेश्वर महतो, जनमोर्चा नेपाल, कमिटी रत्ननगर | द | |
| ६ | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा, कमिटी रत्ननगर | | द |
| ७ | प्रतिनिधी श्री त बहादुर वि. क., नेकपा माले, कमिटी रत्ननगर | द | |
| ८ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | | द |
| ९ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द | |
| १० | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | | द |
| ११ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द | |
| १२ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | | द |

<u>निर्णयः</u>

१. यस रत्ननगर न. पा. वडा नं. ८ पर्सौनी टोललाई माग भए अनुसार ७(सात) थान सिमेन्ट पोल उपलब्ध गराउन जिल्ला विकास समितिको कार्यालय चितवनलाई सिफारिस गर्ने निर्णय गरियो ।

२. यस रत्ननगर न. पा. को आ. व. ०६५।६६ को विविध आकस्मिक योजना शिर्षकबाट खर्च हुने गरी तपसिलमा उल्लेख भएका आकस्मिक योजनाहरुलाई ल. ई. गरी निर्माण तथा मर्मत कार्य अगाडि बढाउन न. पा. लाई सहमती दिने निर्णय गरियो ।

<u>तपसिलः</u>

क. पशुहाट बजार अन्तर्गत रहेका भौतिक संरचनाहरु मर्मत गर्ने, रत्ननगर-७

ख. जयमंगला राम मन्दिर पछाडिको घोलको आर. सि. सि. स्ल्याव कलभर्ट मर्मत गर्ने, रत्ननगर-१३

३ रत्ननगर न. पा. ले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत विगत आ. व. हरुमा वितरण गर्दै आएको जेष्ठ नागरिक, असहाय विधवा र पूर्ण अपांग भत्ता खाईपाई आएका व्यक्तिहरुको नेपाल सरकारको निर्देशन अनुसार यस आ. व. ०६५।६६ मा मार्ग महिनाको दोश्रो हप्तासम्म नविकरण गर्ने तथा पुन नयाँ दर्ताको लागि निवेदन माग गर्ने क्रममा २०६५ पौष ११ गतेको सर्वदलिय समन्वय संयन्त्रको बैठकको निर्णय वमोजिम जम्म १७२९ जनाको नामावली सिफारिस गरी पठाईएकोमा पुनः जिल्ला विकास समितिको कार्यालय भरतपुर चितवनको मिति २०६५।०९।२४ को प्राप्त पत्रानुसार २०६५ पौष मसान्तसम्म म्याद थपबाट सम्बन्धित वडाहरुबाट संकलन भै प्राप्त भएका १७१० जनाको तपसिल वमोजिमको लगत विवरणलाई अनुमोदन गरी आवश्यक निर्णयार्थ जिविस चितवनमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

आज मिति २०६५ साल माघ ९ गतेका दिन यस रत्ननगर नगरपालिकाको सर्वदलिय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका नगरस्तरिय पार्टी प्रमुख तथा प्रतिनिधी ज्यूहरुको उपस्थितीमा बस्यो ।

**<u>उपस्थिती :</u>**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. | |
| २ | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी, रत्ननगर | द. | |
| ३ | सभापती श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस नगर समिति, रत्ननगर | द. | |
| ४ | प्रतिनिधी श्री रामशरण कुंवर, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | | द |
| ५ | अध्यक्ष श्री रामेश्वर महतो, जनमोर्चा नेपाल, कमिटी रत्ननगर | द | |
| ६ | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा, कमिटी रत्ननगर | | द |
| ७ | प्रतिनिधी श्री त बहादुर वि. क., नेकपा माले, कमिटी रत्ननगर | द | |
| ८ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | | द |
| ९ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द | |
| १० | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | | द |
| ११ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द | |
| १२ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | | द |

<u>निर्णयः</u>

१. यस रत्ननगर न. पा. वडा नं. ८ पर्सौनी टोललाई माग भए अनुसार ७(सात) थान सिमेन्ट पोल उपलब्ध गराउन जिल्ला विकास समितिको कार्यालय चितवनलाई सिफारिस गर्ने निर्णय गरियो ।

२. यस रत्ननगर न. पा. को आ. व. ०६५।६६ को विविध आकस्मिक योजना शिर्षकबाट खर्च हुने गरी तपसिलमा उल्लेख भएका आकस्मिक योजनाहरुलाई ल. ई. गरी निर्माण तथा मर्मत कार्य अगाडि बढाउन न. पा. लाई सहमती दिने निर्णय गरियो ।

<u>तपसिलः</u>

क. पशुहाट बजार अन्तर्गत रहेका भौतिक संरचनाहरु मर्मत गर्ने, रत्ननगर-७

ख. जयमंगला राम मन्दिर पछाडिको घोलको आर. सि. सि. स्ल्याव कलभर्ट मर्मत गर्ने, रत्ननगर-१३

३ रत्ननगर न. पा. ले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत विगत आ. व. हरुमा वितरण गर्दै आएको जेष्ठ नागरिक, असहाय विधवा र पूर्ण अपांग भत्ता खाईपाई आएका व्यक्तिहरुको नेपाल सरकारको निर्देशन अनुसार यस आ. व. ०६५।६६ मा मार्ग महिनाको दोश्रो हप्तासम्म नविकरण गर्ने तथा पुन नयाँ दर्ताको लागि निवेदन माग गर्ने क्रममा २०६५ पौष ११ गतेको सर्वदलिय समन्वय संयन्त्रको बैठकको निर्णय वमोजिम जम्म १७२९ जनाको नामावली सिफारिस गरी पठाईएकोमा पुनः जिल्ला विकास समितिको कार्यालय भरतपुर चितवनको मिति २०६५।०९।२४ को प्राप्त पत्रानुसार २०६५ पौष मसान्तसम्म म्याद थपबाट सम्बन्धित वडाहरुबाट संकलन भै प्राप्त भएका १७१० जनाको तपसिल वमोजिमको लगत विवरणलाई अनुमोदन गरी आवश्यक निर्णयार्थ जिविस चितवनमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

आज मिति २०६५ साल माघ ९ गतेका दिन यस रत्ननगर नगरपालिकाको सर्वदलिय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका नगरस्तरिय पार्टी प्रमुख तथा प्रतिनिधी ज्यूहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. | |
| २ | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी, रत्ननगर | द. | |
| ३ | सभापती श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस नगर समिति, रत्ननगर | द. | |
| ४ | प्रतिनिधी श्री रामशरण कुंवर, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | | द |
| ५ | अध्यक्ष श्री रामेश्वर महतो, जनमोर्चा नेपाल, कमिटी रत्ननगर | द | |
| ६ | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा, कमिटी रत्ननगर | | द |
| ७ | प्रतिनिधी श्री त बहादुर वि. क., नेकपा माले, कमिटी रत्ननगर | द | |
| ८ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | | द |
| ९ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द | |
| १० | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | | द |
| ११ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द | |
| १२ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | | द |

निर्णय:

१. यस रत्ननगर न. पा. वडा नं. ८ पर्सौनी टोललाई माग भए अनुसार ७(सात) थान सिमेन्ट पोल उपलब्ध गराउन जिल्ला विकास समितिको कार्यालय चितवनलाई सिफारिस गर्ने निर्णय गरियो ।

२. यस रत्ननगर न. पा. को आ. व. ०६५।६६ को विविध आकस्मिक योजना शिर्षकबाट खर्च हुने गरी तपसिलमा उल्लेख भएका आकस्मिक योजनाहरुलाई ल. ई. गरी निर्माण तथा मर्मत कार्य अगाडि बढाउन न. पा. लाई सहमती दिने निर्णय गरियो ।

तपसिल:

क. पशुहाट बजार अन्तर्गत रहेका भौतिक संरचनाहरु मर्मत गर्ने, रत्ननगर-७

ख. जयमंगला राम मन्दिर पछाडिको घोलको आर. सि. सि. स्ल्याव कलभर्ट मर्मत गर्ने, रत्ननगर-१३

३ रत्ननगर न. पा. ले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत विगत आ. व. हरुमा वितरण गर्दै आएको जेष्ठ नागरिक, असहाय विधवा र पूर्ण अपांग भत्ता खाईपाई आएका व्यक्तिहरुको नेपाल सरकारको निर्देशन अनुसार यस आ. व. ०६५।६६ मा मार्ग महिनाको दोश्रो हप्तासम्म नविकरण गर्ने तथा पुन नयाँ दर्ताको लागि निवेदन माग गर्ने क्रममा २०६५ पौष ११ गतेको सर्वदलिय समन्वय संयन्त्रको बैठकको निर्णय वमोजिम जम्म १७२९ जनाको नामावली सिफारिस गरी पठाईएकोमा पुनः जिल्ला विकास समितिको कार्यालय भरतपुर चितवनको मिति २०६५।०९।२४ को प्राप्त पत्रानुसार २०६५ पौष मसान्तसम्म म्याद थपबाट सम्बन्धित वडाहरुबाट संकलन भै प्राप्त भएका १७१० जनाको तपसिल वमोजिमको लगत विवरणलाई अनुमोदन गरी आवश्यक निर्णयार्थ जिविस चितवनमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

आज मिति २०६५ साल माघ २९ गते साझ ५.०० वजे वुधवारका दिन यस रत्ननगर नगरपालिकाको सर्वदलीय समन्वय संयन्त्रको बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका नगर स्तरीय पार्टी प्रंमुख एवं प्रतिनिधि ज्यूहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |
| २ | प्रतिनिधी श्री कृष्ण प्रसाद सापकोटा, नेकपा माओवादी, नगर कमिटी, रत्ननगर | द. |
| ३ | प्रतिनिधि श्री सम्मर बहादुर मल्ल, नेपाली कांग्रेस जिल्ला कार्य समिति, चितवन | द. |
| ४ | सचिव श्री कमल शर्मा भुसाल, नेकपा एमाले, नगर कमिटी, रत्ननगर | द |
| ५ | प्रतिनिधी श्री त बहादुर वि. क., नेकपा माले, कमिटी रत्ननगर | द |
| ६ | अध्यक्ष श्री ईन्द्र प्रसाद पौडेल, राष्ट्रिय जनमोर्चा, कमिटी रत्ननगर | द |
| ७ | नगरइन्र्चाज श्री गंगा प्रसाद वास्तोला एकता केन्द्र मसाल नगर कमिटि रत्ननगर | द |
| ८ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| ९ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| १० | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ११ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| १२ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | द |

निर्णयः

१. यस रत्ननगर न. पा. लाई नेपालकै प्रमुख पर्यटकीय स्थल चितवन राष्ट्रिय निकुञ्ज तथा सौराहा पर्यटकीय स्थललाई जोड्ने प्रमुख सडक, सौराहा चोक (राजमार्ग) देखि बछौली (बछौली सौराहा पर्यटकीय स्थल) सम्म जोड्ने सडक अतिनै जीर्ण भै यातायत संचालनमा समेत असुविधा भएको र तत्काल मर्मत संभार नभए उक्त मार्गमा यातायत संचालनमा वन्देज लगाउने समेतको चेतावनी स्थानीय उपभोक्ताहरुबाट प्राप्त भैरहेको हँदा सो सडक पूनः निर्माण एवं विस्तार गर्न योजनालाई न.पा.ले उच्च प्राथमिकता निर्धारण गरकोले सोही योजना स्वीकृतीको लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालय योजना तथा वैदेशिक सहयोग समन्वय शाखामा जनसहभागितामा आधारित विकास कार्यक्रम समावेश गर्न अनुरोध गरी पठाउन न.पा.मा सिफारिस गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल माघ २९ गते वुधवारका दिन साँझ ६.०० वजे यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखशरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |
| | अन्य उपस्थिति | |
| २ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| ३ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ४ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ६ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | द |

निर्णयः

१. यस रत्ननगर न. पा. लाई नेपालकै प्रमुख पर्यटकीय स्थल चितवन राष्ट्रिय निकुञ्ज तथा सौराहा पर्यटकीय स्थललाई जोड्ने प्रमुख सडक, सौराहा चोक (राजमार्ग) देखि बछौली (बछौली सौराहा पर्यटकीय स्थल) सम्म जोड्ने सडक अतिनै जीर्ण भै यातायत संचालनमा समेत असुविधा भएको र तत्काल मर्मत संभार नभए उक्त मार्गमा यातायत संचालनमा वन्देज लगाउने समेतको चेतावनी स्थानीय उपभोक्ताहरुबाट प्राप्त भैरहेको हँदा सो सडक पूनः निर्माण एवं विस्तार गर्न योजनालाई न.पा.ले उच्च प्राथमिकता निर्धारण गरकोले सोही योजना स्वीकृतीको लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालय योजना तथा वैदेशिक सहयोग समन्वय शाखामा जनसहभागितामा आधारित विकास कार्यक्रम समावेश गर्न न.पा.को सर्वदलिय समन्वय सयन्त्रको मिति २०९६५।१०।२९ गतेका दिन वसेको वैठकको सहमति अनुसार अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल माघ २९ गते वुधवारका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखशरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. | |
| | अन्य उपस्थिति | | |
| २ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | | द |
| ३ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द | |
| ४ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द | |
| ६ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय | | द |

निर्णय:

१. यस रत्ननगर नगरपालिकामा संचालन भएको शहरी तथा वातावरणीय सुधार परियोजना, परियोजना कार्यान्वयन इकाई रत्ननगरबाट संचालन हुने ऋयलतचबअत ल्या च्ब(ल्क्रृद्य(.

आज मिति २०६५ साल फाल्गुन १६ गते शुक्रवारका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखशरुको उपस्थितीमा बस्यो ।

## <u>उपस्थिती :</u>

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

<u>अन्य उपस्थिति</u>

२ परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP/PIU, रत्ननगर द

३ लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय द

४ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय द

५ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय द

६ सामुदायिक विकास शाखा प्रमुख श्री तोरणराज पौडेल, र. न. पा. कार्यालय द

<u>निर्णय:</u>

१. यस न. पा. ले आ. व. ०६५।६६ का लागि सडक बोर्ड नेपालको शशर्त अनुदान तथा न. पा. को लागत साझेदारी अन्तर्गत कालोपत्रे सडक पटके मर्मत गर्ने योजनाका लागि नगर परिषदबाट किटानी गरिएका नगर क्षेत्र भित्रका विभिन्न वडामा फैलिएका प्रमुख ५ सडकहरुको मर्मत गर्ने गरी तयार भएको योजना प्रस्ताव ल. ई. रु. २३,५७,९२४।१९ भ्याट तथा कन्टेन्जेन्सी समेतलाई दलिय संयन्त्र बैठकको सहमती अनुसार स्वीकृत गरी किस्ता रकम माग गर्ने निर्णय गरियो ।

२. यस न. पा. कार्यालय परिसरभित्र रहेको गोदाम घरलाई र. न. पा. अन्तर्गतको UEIP को वजेट तथा कार्यक्रम मार्फत बहुआयमिक भवनमा रुपान्तरण गर्न पूर्ननिर्माण प्रकृया बढाउन दलिय संयन्त्र बैठकको सहमती अनुसार UEIP/PIU रत्ननगरलाई अनुरोध गर्ने निर्णय गरियो साथै साविक देखि प्रयोग गर्ने पक्षलाई सो विषय जानकारी गराउने समेत निर्णय गरियो ।

३. यस न. पा. मा उ. वा. संघ रत्ननगरबाट पेश भएको **"व्यवसायिक अचार उत्पादन तालिम"** को सम्बन्धमा न. पा. तथा उ. वा. संघ रत्ननगरको बरावर लागत साझेदारी रहने गरी पेश भएको तालिम प्रस्ताव स्वीकृती गरी कार्यक्रम संचालन गर्ने दलिय संयन्त्रको सहमती अनुसार सो सम्बन्धि प्रकृया बढाउने निर्णय गरियो ।

४. यस न. पा. ले स्थानिय विकास मन्त्रालयबाट थप स्थानिय विकास शुल्क अन्तर्गत प्राप्त गर्ने दोश्रो किस्ता रकमबाट भौतिक पूर्वाधार निर्माण तर्फ खोला तटवन्धनका लागि तारजालि तयार गर्ने र सो तारजालिमा ढुंगा भर्ने कार्यको लागि उपभोक्ता साझेदारी रहने गरी निती तयार गरी लागु गर्ने तर्फ आवश्यक कार्यक्रम बढाउन दलिय संयन्त्र बैठकबाट सहमती हुन आएकोले सो सम्बन्धि योजना प्रस्ताव सम्बन्धित स्थानिय विकास मन्त्रालय न. पा. व्यवस्था शाखामा पेश गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल चैत्र १० गते यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

**अन्य उपस्थितीः**

१ परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर द

२ आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय द

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय द

४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय द

५ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय

निर्णयः

१. यस न. पा. ले नेपाल सरकार स्थानिय विकास मन्त्रालयबाट प्राप्त गर्ने थप स्थानिय विकास शुल्कबाट प्राप्त हुने अनुदानबाट निर्माण गर्ने गरी स्थानिय जनस्तरबाट व्यापक माग भएका योजनाहरु मध्ये न. पा. बाट प्राथमिकता तोकिएका विभिन्न पूर्वाधार निर्माण, सामाजिक परिचालनबाट गरिवी न्यूनिकरण र संस्थागत विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम समेत समावेस गरी तयार भएको कुल रु. ३,५२,६३,६३४।७७ पैसा बरावरको आयोजना प्रस्ताव विभिन्न समयमा प्राप्त गर्ने निकासाबाट प्राथमिकता तोकी क्रमशः निर्माण कार्य सम्पन्न गर्ने गरी स्वीकृतीका लागि मिति २०६५।१२।१० गते बसेको नगरस्तरिय सर्वदलिय समन्वय संयन्त्रको बैठकको सहमती अनुसार नेपाल सरकार स्थानिय विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

२. यस न. पा. को प्रशासनिक भवन तथा कार्यालय परिसर विगत द्धन्दकालमा विष्फोटन तथा आगजनिबाट क्षति पुगेको र तत्कालिन अवस्थामा सुरक्षा वेस क्याम्प सोही भवन तथा कार्यालय परिसरमा स्थापना गरि वसेकोमा हाल कार्यालय भवन तथा कार्यालय परिसरबाट सो क्याम्प प्रतिस्थापन भैसकेको वर्तमान अवस्थामा सो कार्यालय भवन एवं कायालय परिसर मर्मत एवं सुधार गर्ने गरी तयार भएको योजना प्रस्तावलाई स्वीकृत गरी अनुदान निकासाका लागि मिति २०६५।१२।१० गते बसेको नगरस्तरिय सर्वदलिय समन्वय संयन्त्रको बैठकको सहमती अनुसार नेपाल सरकार शान्ति तथा पुर्ननिर्माण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

३. यस न. पा. को प्रशासनिक भवन तथा कार्यालय परिसर विगत द्धन्दकालमा विष्फोटन तथा आगजनिबाट क्षति पुगेको र तत्कालिन अवस्थामा सुरक्षा वेस क्याम्प सोही भवन तथा कार्यालय परिसरमा स्थापना गरिएकोमा हाल कार्यालय भवन तथा कार्यालय परिसरबाट सो क्याम्प प्रतिस्थापन भैसकेकोले वर्तमान अवस्थामा सो कार्यालय भवन एवं कायालय परिसर मर्मत एवं सुधार गर्ने गरी तयार भएको योजना प्रस्तावलाई स्वीकृत गरी अनुदान निकासाका लागि मिति २०६५।१२।१० गते बसेको नगरस्तरिय सर्वदलिय समन्वय संयन्त्रको बैठकको सहमती अनुसार नगर विकास कोषमा अनुरोध गर्ने निर्णय गरियो ।

४. यस न. पा. वडा नं. १ निपनी निवासी तत्कालिन अवस्थाका प्रधान पंच, समाजसेवी एवं नगरपालिका कार्यालय परिसरको जग्गादाता श्री नाथुराम महतोको असमायिक निधन भएको १३ औं दिनको पुण्य तिथीमा समग्र नगरवासी एवं कार्यालयको तर्फबाट हार्दिक समवेदना व्यक्त गर्दै सोकसन्तप्त परिवारलाई धैर्यधारण गर्ने क्षमता प्राप्त होस भन्ने कामना गर्दै सोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

आज मिति २०६५ साल चैत्र २० गते विहीबारका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रंमुखहरुको उपस्थितीमा बस्यो ।

## उपस्थिती :

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

### अन्य उपस्थिती:

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| २ | आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ५ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय | द |

निर्णय:

१. यस न. पा. ले आ. व. ०६५।६६ को वजेट तथा कार्यक्रममा स्थानिय विकास शुल्कबाट संचालन हुने योजना मध्ये कृषि सिंचाई तथा पशु प्रवर्द्धन शिर्षकमा विनियोजन भएको रु. ३,००,०००।- (तीन लाख) मध्येबाट लौरीघोल जल उपभोक्ता समिति रत्ननगर ३ लाई नहर मर्मत तथा संभार गर्ने कार्यको लागि रु. ५०,०००।- (पचास हजार) नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निकासा दिने निर्णय गरियो ।

२. यस न. पा. क्षेत्रभित्र भएर बग्ने खगेरी, कयर, बुढीकुलो तथा बढी राप्ती खोलाले बर्षादको याममा आउने बाढीका कारण व्यापक कटान गरी उर्वर कृषि योग्य जमिन तथा मानव वसोवास भएको क्षेत्रमा क्षति पुऱ्याउने भएकाले सो समस्यालाई न्यूनिकरण गर्न नेपाल सरकार, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग काठमाण्डौंमा २०००(दुई हजार) थान तारजाली नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार माग गर्ने निर्णय गरियो ।

३. यस न. पा. ले आ. व. ०६५।६६ को वजेट तथा कार्यक्रममा स्थानिय विकास शुल्कबाट संचालन हुने योजना मध्ये कृषि सिंचाई तथा पशु प्रवर्द्धन शिर्षकमा विनियोजन भएको ३,००,०००।- (तीन लाख) मध्येबाट नगर स्तरिय दुग्ध उत्पादक सहकारी समन्वय समितिको कार्यक्रम प्रस्ताव मध्येबाट नगर क्षेत्रभित्रका सम्पूर्ण पशुपालक कृषकका घरमा पशुवस्तुलाई भ्यागुते, चर्चरे, खोरेत रोग विरुद्धको भ्याक्सिनेसन गरी न. पा. को सकृय अनुगमनमा स्थानिय वडास्तरिय राजनिती पार्टीको निगरानीमा संचालन गर्न सो समन्वय समिति मार्फत सो कार्य अगाडि बढाउन नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

४. यस न. पा. ले आ. व. ०६५।६६ को वजेट तथा कार्यक्रममा स्थानिय विकास शुल्कबाट संचालन हुने योजना मध्ये कृषि सिंचाई तथा पशु प्रवर्द्धन शिर्षकमा विनियोजन भएको ३,००,०००।- (तीन लाख) मध्येबाट न. पा. क्षेत्रभित्र नेपाल सरकारको अनुपातमा निर्माण गर्ने गरी सम्झौता भै निर्माण संचालन भएको वायो ग्यास प्लान्ट निर्माण कार्यको लागी न. पा. को तर्फबाट रु. १,००,०००।- (एक लाख) सम्मको योजना नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार संचालन गर्ने निर्णय गरियो ।

५ यस न. पा. ले आ. व. ०६५।६६ को वजेट तथा कार्यक्रम शिर्षकबाट शैक्षिक संस्था अनुदान कार्यक्रममा विनियोजित रकम मध्ये रु. ५०,०००।- (पचास हजार) सम्म प्रस्तावित वेल्सी निमावि रत्ननगर ३ वेल्सीलाई विद्यालय परिसरको खाडल पुर्ने कार्यको लागि नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निकासा दिने निर्णय गरियो ।

६. यस न. पा. ले रत्ननगर ६ लाल पर्सामा udle/gtz को अनुदान तथा प्राविधिक सहयोगमा संचालन भएको शहरी गरिवी न्यूनिकरण कार्यक्रम स्थलमा नेपाल विधुत प्राधिकरणले निर्माण गर्न लागेको भोल्टेज सुधार योजनाको श्रम सहभागिता तर्फको वजेट मध्ये न. पा. को तर्फबाट High Tension तथा Low Tension लाईन जडान गर्न प्राविधिक लेवर खर्च तर्फको रु. ४०,०००।- (चालिस हजार) योजनागत खर्चलाई न. पा. को वजेट तथा

कार्यक्रमको विविध आकस्मिक योजना शिर्षकबाट नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निकासा दिने निर्णय गरियो ।

७. तामसालिङ्ग संयुक्त संघर्ष समितिको मिति २०६५।१२।१९ गते हुने विशाल भेलाको लागि जनजाति उत्थान कार्यक्रमबाट आर्थिक सहयोग माग भएकाले आ. व. ०६५।६६ को स्वीकृत वजेट कार्यक्रमको जाति जनजाति उत्थान कार्यक्रमबाट व्ययभार हुने गरी उपलब्ध गराएको रु. ५,०००।- (पाँच हजार) नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

८. नेपाल तरुण दल जिल्ला कार्य समिति, चितवनलाई उपलब्ध गराएको रु. ३,०००।- (तीन हजार) आर्थिक सहायता नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार अनुमोदन गर्ने निर्णय गरियो ।

९. अखिल ने. म. संघ (रा.ज.मो.) के. क. लाई महिला शसक्तिकरण कार्यक्रमबाट खर्च व्यहोर्ने गरी रु. ३,०००।- (तीन हजार) नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार उपलव्ध गराउने निर्णय गरियो ।

१० पुष्पान्जली कृषक समुह रत्ननगर ३ लाई कृषक समुहको वार्षिकोत्सव कार्यक्रमलाई कृषि तथा प्रवर्द्धन शिर्षकबाट रु. ३,०००।- (तीन हजार) नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार आर्थिक सहायता निर्णय गरियो ।

आज मिति २०६६ साल जेष्ठ ८ गते विहीबारका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

**अन्य उपस्थिती:**

१ परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर द
२ आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय द
३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय द
४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय द
५ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय द
६ जिन्सी उपशाखा प्रमुख श्री नवराज तिवारी, र. न. पा. कार्यालय द.

निर्णय:

१. यस रत्ननगर नगरपालिकामा संचालन भएको शहरी तथा वातावरणीय सुधार परियोजना, परियोजना कार्यान्वयन इकाई रत्ननगरबाट संचालन हुने Contract No. RA- NCB—B-01, Sanitation and Waste Water Management (Sanitary Sewerage and Storm Water Drainage) Sub-Project निर्माण कार्यको लागि 25th March, 2009 मा प्रकाशित सूचना अनुसार प्राप्त भएका आठ वटा बोलपत्रहरु मध्ये मुल्यांकनको क्रममा Substantially Responsive भएका चार (४) बोलपत्रहरु मध्ये चार्टमा देखाए अनुसार ईन्जिनियर्स अंक रु. ४,८३,५३,८४६।३६ (१३% भ्याट सहित) भन्दा ७.१३% ले घटी प्रस्ताव पेश गर्ने बोलपत्रदाता Kalika Construction/Raman Construction JV को प्राविधिक प्रस्ताव पनि Substantially Responsive भएकोले उक्त बोलपत्रदाताको बोलपत्र अंक रु. ३,९७,४१,६१३।२३ र १३% VAT रु. ५१,६६,४०९।७३ समेत जम्मा रु. ४,४९,०८,०२३।०६ (अक्षेरुपी चार करोड उनन्पचास लाख आठ हजार तेईस रुपैया र पैसा छ मात्र) हुने गरी उक्त बोलपत्र स्वीकृतीका लागि रनपाको बोलपत्र मुल्यांकन समितिको मिति २०६६।२।३ गते बसेको बैठकबाट सिफारिस भए वमोजिम सवैभन्दा कम अंक कबोल गर्ने बोलपत्रदाता श्री Kalika Construction/Raman Construction JV को बोलपत्र अंक रु. ४,४९,०८,०२३।०६ (१३% VAT सहित) हुने गरी स्वीकृती गर्न मिति २०६६।२।८ को सर्वदलिय बैठकको सहमती अनुरुप स्वीकृत गरी आवश्यक सहमती एवं जानकारीका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

| सि. नं. | कम्पनी / फर्मको नाम | ईन्जिनियर्स ल. ई. with VAT | कबोल अंक with VAT | प्रतिशत घटी / बढी | Ranking |
|---|---|---|---|---|---|
| १ | Lumbini/Taksar/ Khani JV | ४,८३,५३,८४६।३६ | ५,८२,६५,४९९।५४ | २०.५०% बढी | IV |
| २ | Ashish/Pramod JV | | ४७०,१४,५४१।०१ | २.७७% घटी | II |
| ३ | Kalika/Raman JV | | ४,४९,०८,०२३।०६ | ७.१३% | I |
| ४ | ANK Construction | | ५,४१,९२७०४।७८ | १२.०८% बढी | III |

२. रत्ननगर ४ मा निर्माण हुन गईरहेको ढल तथा फोहोर पानी प्रशोधन केन्द्र क्षेत्रमा वसोवास गर्ने स्थानिय समुदायको मागका आधारमा ढल तथा फोहोर पानी प्रशोधन केन्द्र अध्ययन अलवोकन भ्रमण सम्बन्धि प्रस्ताव अनुसार रु. १,४९,०००।- खर्चमा भ्रमण लैजाने न. पा. सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

३. रत्ननगर नगरपालिका शहरी तथा वातावरणीय सुधार परियोजनाबाट निर्माण भईरहेको निपनी-डुंगाघाट सडक अन्तर्गत सडकको दाया बाया केही ठाउँमा पक्का नालाको व्यवस्था भएको र बाँकी ठाउँहरुमा Far then नालाको व्यवस्था भएकोमा त्यस क्षेत्रमा वसोवास गर्ने उपभोक्ताहरुको मिति २०६६।१।१ मिति २०६६।१।२१ को निर्णय अनुसार त्यस बाँकी ठाउँहरुमा पनि पक्का नाला बनाउन सम्बन्धित निकायमा आवश्यक प्रकृया अगाडि बढाउने भन्ने भए वमोजिम DEDCS Consultant (Tech Studio of Engineering) बाट ल. ई. ७३,२४,९६६।२३ भ्याट समेत प्राप्त भएकाले सो अनुसारको आवश्यक वजेटको व्यवस्था गरि दिनु ल. ई. समेत संलग्न राखी ADB/PCO मा पठाउने सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

४. यस न. पा. कार्यालयमा पुरानो भै काम नलाग्ने अवस्था रहेका मेसिनरी तथा कार्यालय सामाग्रीहरुलाई न. पा. कार्यालय अन्तर्गत गठीत लिलाम मुल्यांकन समितिले पेश गरेको विभिन्न सामाग्री विवरण तथा मुल्यांकनका आधारमा न्यूनतम मुल्य रु. ५२,२८०।- लाई समर्थन गरी लिलाम बढावढ प्रकृया बढाउने न. पा. सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

५ यस न. पा. ले आ. व. ०६५।६६ को थप स्थानिय विकास शुल्कबाट निर्माण गर्ने गरी खोला तटवन्धन गर्ने कार्यको लागि ग्याविन तारजालि तयार गरि निकासा गर्न आव्हान गरेको रु. २३,५२,६९२।५० लागत अंकको VAT बाहेक नियमानुसार

दर्ता भएका ३ थान बोलपत्रहरु मध्ये हिरोज कन्स्ट्रक्सन भरतपुर ११ ले कुनै किसिमको नगद तथा बैंक ग्यारेन्टी पेश नगरेकोले सो कम्पनी बाहेकको अन्य २ कम्पनीको प्रतिष्पर्धात्मक तालिका तयार गर्दा D.B. and Sons गैंडाकोट २, नवलपरासीको रु. २३,५०,५००।- कम कबोल अंक VAT बाहेक ०.०९३% पेश भएकोले सो फर्मको बोलपत्रलाई सर्वदलिय संयन्त्रको सहमती अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

६. यस न. पा. को वडा नं. ९ र वडा नं. १३ मा पर्ने सुकुम्वासी वस्तीमा पर्ने पारिश्रमिक टोल विकास संस्था उन्नती बाल विकास केन्द्रलाई क्रमशः ३ थान तथा १ थान खानेपानी चापाकलको सामाग्री यस न. पा. को आ. व. ०६५।६६ को विभिन्न संघ/संस्था साझेदारी शिर्षकबाट खर्च हुने गरी उपलब्ध गराउन न. पा. लाई सहमती दिने निर्णय गरियो ।

७. यस न. पा. ले छिमेकी गाविस चैनपुरको ग्रामिण सडक सुधार समिति चैनपुर ४, ५ र ६ लाई गाविस को मागको आधारमा न. पा. को स्वामित्वमा रहेको ग्रेडर भाडामा उपलब्ध गराईएकोमा सो काम गर्दा ग्रेडर संचालन वापत लाग्ने भाडा रकम मध्ये स्थानिय उपभोक्ता एवं छिमेकी गाविसको मागको आधारमा २५% भाडा रकम छुट गरी अन्य रकम न. पा. कार्यालयमा दाखिला गर्ने न. पा. सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

८. यस न. पा. को वडा नं. ७ मा रहेको शिवगणेश धार्मिक सेवा समिति, सितलडाँडा रत्ननगर ७, टिकौलीले मन्दिर परिसरमा निर्माण गरेको सत्तललाई छाना छाउन तथा अन्य काम गर्नका लागि खर्च भएको रु. २५,४६०।- बरावर रकम समितिको माग अनुसाीर न. पा. को आ. व. ०६५।६६ को वजेट तथा कार्यक्रमको संघ संस्था अनुदान शिर्षकबाट खर्च हुने गरी निकासा दिने सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

९ यस न. पा. को वडा नं. १० मा पर्ने शितल टोल विकास संस्था रत्ननगर १०, जिरौनालाई लोपोन्मुख पन्चेबाजा संरक्षण गर्न आ. व. ०६५।६६ को वजेट तथा कार्यक्रम मध्येबाट सामुदायिक विकास कार्यक्रम अन्तर्गत कला तथा संस्कृति संरक्षण शिर्षकबाट रु. २०,०००।- नबढ्ने गरी टोलको मा अनुसार त्यस्को नितीगत संचालन स्थानिय टोलबाट नै हुने गरी टोलको जिम्मामा पन्चैबाजा सामाग्री उपलव्ध गराउने सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

१० यस न. पा. को वडा नं. ७ बस्ने किड्नी विरामी श्री गंगालाल पुरीलाई रु. १,५००। तथा रत्ननगर १० बस्ने गैंडाको आक्रमणबाट घाईते श्री भिम बहादुर तमाङ्गलाई रु. १,०००।- आर्थिक सहयोग उपलव्ध गराउने न. पा. सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो । साथै रनपा १२ का कान्छामान घलानलाई रु. १,०००।- उपलव्ध गराउने ।

११ यस न. पा. को सांगठनिक ढाँचामा व्यवस्था भएअनुसार आन्तरिक लेखा परिक्षण शाखा स्थापना गरि आवश्यक व्यवस्थापन न. पा. सर्वदलिय संयन्त्रको सहमती अनुसार गर्ने निर्णय गरियो ।

१२ यस न. पा. को विभिन्न स्थानमा खोला कटान भैरहेको र स्थानिय टोल तथा उपभोक्ताहरुबाट माग भैआएको आधारमा न. पा. को आ. व. ०६५।६६ को वजेट कार्यक्रम शिर्षकमा समावेस थप स्थानिय विकास शुल्क अन्तर्गत कार्यक्रमहरु मध्ये खोला तटवन्धन गर्ने शिर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी एक्साभेटर लगाई खोला खोल्ने काम गर्ने सर्वदलिय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

आज मिति २०६६ साल जेष्ठ १९ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रंमुखहरुको उपस्थितीमा बस्यो ।

## उपस्थिती :

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

**अन्य उपस्थिती:**

१ परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर द
२ आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय द
३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय द
४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय द
५ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय द

## निर्णय

१ यस न.पा.को आ.व.०६६।६७ को प्रस्तावित वजेट तथा कार्यक्रम तयार गर्न तपशीलमा उल्लेख भए अनुसारको वजेट तथा कार्यक्रम तयारी समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजकः कार्यकारी अधिकृत, र. न. पा. का.
२. सदस्यः शाखा प्रमुखहरु सवै ,,
३. ,, कर उपशाखा प्रमुख ,,

२ रत्ननगर नगरपालिका र नगर विकास कोष वीच सम्पन्न हुने नगरपालिकाको Revenue Generating Urban Facilites अन्तर्गत तरकारी बजार निर्माण तथा Small Urban Community Facility Bus Bay निर्माण कार्यको लागि अनुदान तथा ऋणबाट निर्माण कार्यहरु सम्पन्न गर्न लाग्ने रकमको ऋण संम्झौतामा लेखिए वमोजिम नगर विकास कोषलाई तिर्न वुझाउन पर्ने सावाँ व्याज लगायत अन्य शल्क समेत यस रत्ननगर न.पा.ले नेपाल सरकार स्थानीय विकास मन्त्रालयबाट वा अन्य कुनै निकायबाट पाउने कुनै वार्षिक वा चौमासिक किस्ता स्थानीय विकास शुल्क र अन्य शुल्क समेतबाट कट्टा गर्न स्थानीय विकास मन्त्रालय वा अन्य कुनै निकायबाट सिधै नगर विकास कोषलाई पठाई दिई कोषले आफ्नो सावाँ र अन्य शुल्क समेत असुलउपर गरेमा यस नगरपालिकालाई मन्जुरी भएको व्यहोरा नगर विकास कोषमा लेखी पठाउने नगरस्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

३. यस नगरपालिका र नगर विकास कोष बीच सम्पन्न हुने नगरपालिकाको Revenue Generating Urban Facilities अन्तर्गत तरकारी बजार निर्माण तथा Small Urban Community Facilities अन्तर्गत Bus bay निर्माण कार्यको लागि परियोजना प्रस्तावमा उल्लेख भए वमोजिमको रकम नगर विकास कोषसंग ऋण माग गर्ने नगरस्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

४. रत्ननगर नगरपालिका र नगर विकास कोष बीच सम्पन्न हुने नगरपालिकाको उपर्युक्त निर्णय नं. २ र ३ मा उल्लेख भएका योजनाहरुको लागि अनुदान तथा ऋणबाट निर्माण कार्यहरु सम्पन्न गर्नको लागि आवश्यक सम्पूर्ण कागजातमा हस्ताक्षर गर्ने अख्तियारी यस नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूलाई नगरस्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

उपर्युक्त वमोजिम निर्णय गरी आजको बैठक समाप्त गरियो ।

आज मिति २०६६ साल जेष्ठ २० गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रंमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| २ | आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ५ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय | द |

**निर्णय**

निर्णय नं. १:

यस न. पा. को आर्थिक वर्ष ०६५।६६ को विभिन्न क्षेत्रमा हेमपाईप कलभर्ट विस्तार शिर्षकबाट तपसिलमा उल्लेख भए अनुसारको समयमा स्थानिय टोलको मागका आधारमा तल उल्लेख भए अनुसारको हेमपाईप नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १. | निकुन्ज मार्गलाई टार जोड्ने सडक, रत्ननगर ४, ५ र ६ | 18" $NP_3$ H.P.- २ थान, 15" $NP_3$ H.P.-३ थान |
| २. | भोकाहा गाउँ हेमपाईप ड्रेन निर्माण, रत्ननगर ४ | $NP_2$ 24" H.P.- ७ थान |
| ३ | पारिजात टोल हेमपाईप क्रसड्रेन रत्ननगर १२, | $NP_3$ 20" H.P.- २ थान |
| ४. | पंचकन्या टोल विकास संस्था, डम्पिङ्गसाईड जाने सडक | $NP_3$ 18" H.P.- २ थान, $NP_3$ 15" H.P.- २ थान |

निर्णय नं. २:

यस न. पा. को वडा नं. १० मा गत वर्ष निर्माण भएको वटर खोला कुलो बाँधको बाँध क्षेत्रमा तटवन्धन गर्न जिविसबाट उपलव्ध गराईएको ग्याविन तारजालिमा स्थानिय उपभोक्ताबाट ढुंगा भर्ने गरी ढुंगा खरिद वापत रु. २५,०००।- आ. व. ०६५।६६ को विविध आकस्मिक योजना शिर्षकबाट न. पा. को नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३:

यस न. पा. ले आव. व. ०६५।६६ मा अनुदान प्राप्त थप स्थानिय विकास शुल्कको प्रथम किस्ता रकमबाट संचालन गर्ने गरी छनौट गरेका योजनाहरुको निर्माणकार्य सम्पन्न गरिसकेको र दोश्रो किस्ताबाट निर्माण संचालन गरेको योजनाहरुमा ग्याविन तारजालि तयार गर्ने कार्य ठेक्का सम्झौता भै निर्माणसंचालनमा रहेका र मोहना गाउँ सडक कालोपत्रे योजना उपभोक्ता मार्फत सम्झौता भै संचालनमा रहेकोले दुवै योजनाहरुको प्रगति ५०% भन्दा बढी भै सकेकोले न. पा. ले थप निकासा प्राप्त गर्न बाँकी किस्ता निकासा माग गर्न नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ४:

यस रत्ननगर नगर क्षेत्रका व्यवसायिक कृषक र व्यवसायिक खेति गर्न तिव्र ईच्छा भएका कृषकहरुलाई संचालन गरिने व्यवसायिक तरकारी खेति सम्बन्धि आधारभुत तालिमको रु. ५२,७५०।- को तालिम प्रस्ताव कृषि सिंचाई तथा पशु प्रवर्द्धन शिर्षकबाट व्यय हुने गरी संचालन गर्न नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ५:

यस न. पा. ले नेपाल रेडक्रस सोसाईटी रत्ननगर उपशाखाबाट संचालन गर्ने प्रकोप न्यूनिकरण अनुशिक्षण कार्यक्रमका लागि रु. २०,२५०।- को तालिम प्रस्तावलाई आ. व. ०६५।६६ को न. पा. संग विभिन्न संघ संस्था साझेदारी शिर्षकबाट खर्च हुने गरी तालिम संचालन गर्न नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ६:

यस न. पा. ले श्रीकृष्ण प्रणामी यूवा परिषद नेपाल प्रारम्भिक समिति, रत्ननगर १० ले **"दुर्व्यसन रहित स्वच्छ यूवा समाज निर्माणका लागि आध्यात्मिक चिन्तन र नैतिक शिक्षा आजको आवश्यकता"** प्रस्ताव अनुसार रु. ३,०००।- न. पा. को आ. व. ०६५।६६ को विभिन्न संघ संस्था साझेदारी शिर्षकबाट खर्च हुने गरी संचालन गर्न नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ७:

यस न. पा. को रत्ननगर ४ मा रहेको जि टु परिवारले घरेलु प्रविधीलाई प्रदर्शन गर्ने कार्यक्रम संचालनका लागि रु. ३,०००।- अनुदान नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८:

यस न. पा. ले छिमेकी जुटपानी तथा पदमपुर गाविसलाई सुगम मार्ग निर्माण गरी न. पा. को बजार क्षेत्र जोड्ने रत्ननगर ११ मिजिलुली चोक हुँदै जुटपानी २ र ७ बाट पदमुर क्याम्पस चोक जोड्ने सडक उच्च स्तारिय ग्रावेल सडक निर्माण उपभोक्ता समितिको माग अनुसार न. पा. ग्रेडर २५% छुट भाडा कायम हुने गरी सहयोग स्वरुप उपलब्ध गराउने नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं ९:

यस न. पा. आ. व. ०६५।६६ मा नगर परिषदबाट छनौट भएका वडागत तथा नगर स्तरिय योजनाहरु मध्ये सम्झौता भै संचालनमा रहेका योजनाहरुलाई क्रमागत योजनामा आगामी आ. व. मा समावेस गर्ने र आ. व. को अन्त्यसम्म संचालनमा नआएका वडागत तथा नगर स्तरिय योजनाहरुलाई आगामी आ. व. मा दायित्व सृजना नगर्ने नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. १०:

यस न. पा. ले आफ्नो नगर क्षेत्रभित्रका घर जग्गा किनवेच वापत नेपाल सरकारबाट असुली गर्ने रजिष्ट्रेसन शुल्क वापत को रकम हालसम्म जिविस कार्यालयहरुलाई अनुदान दिँदै आएकोमा सो व्यवस्थालाई परिवर्तन गरी सो रजिष्ट्रेसन शुल्क वापतको अनुदान रकम सम्बन्धित न. पा. हरुले समेत प्राप्त गर्ने व्यवस्था गर्न नेपाल सरकार, स्थानिय विकास मन्त्रालयलाई पहल कदमीको लागि नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार माग गर्ने निर्णय गरियो ।

उपर्युक्त वमोजिम निर्णय गरी आजको बैठक समाप्त गरियो ।

आज मिति २०६६ साल जेष्ठ २१ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रंमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| २ | आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ५ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय | द |

**निर्णय**

निर्णय नं. १:

नेपाल उत्पीडित दलित मुक्ति समाज रत्ननगर १० मंगलपुरले २० (वीस) घर परिवारको लागि आय आर्जन कार्यक्रम बाखा पालन गर्न रु ७५,०००।- माग प्रस्ताव पेश भएकोमा न.पा.को दलित उत्थान कार्यक्रम शिर्षकबाट निरन्तर कोष संचालन हुने गरी विधान तयार गर्न लगाई रु ४०,०००।- नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार उपलन्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २:

रत्ननगर ४ स्थित वगर टोलमा वसोवास गर्ने ७७ घरधुरीका थारु जातिका व्यक्तिहरु मार्फत आय आर्जन गरी टोलका वासिन्दाहरुमा स्वरोजगार सृजना गर्ने उदेश्यले मिकस्चर मेशिन लिफ्ट सहितको खरिदका लागि रु ५,००,०००।- माग प्रस्ताव पेश भएकोमा टोल विकास संस्थाको निर्णय र सम्वन्धित वडा समितिको कार्यलयको सिफारिसमा न.पा. गरिवी न्युनिकरण कार्यक्रम थारुवस्ती शिर्षकबाट लागत साझेदारी रहने गरी निरन्तर कोष संचालन हुने गरी बिधान तयार गर्न लगाई न.पा.बाट ८०% रकम नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३:

यस न.पा.ले आ.व.०६५।६६ को सामाजिक विकास कार्यक्रम अन्तर्गत सामुदायिक सहकारिता लाई प्रोत्साहन तथा सहयोग शिर्षकमा छुट्याईएको रु ५०,०००।-(पचास हजार) लाई रकमान्तर गरी रत्ननगर १ सौराहा चोकमा रहेको सार्वजनिक शौचालयलाई मर्मत गरी नियमित संचालन, नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

रत्ननगर नगरपालिका शहरी गरिवी न्युनिकरण कार्यक्रम तर्फ चक्रिय कोष लगानीका लागि प्रस्तुत संझौता ढाँचा स्वीकृत गरी चक्रिय कोष नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार संचालन गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ५:

यस न.पा.को वजार क्षेत्रमा रहेका राजमार्गको दाँया वाँया पुटपाथ पक्की नाला सडक वत्ती तथा हरीयाली विस्तार गर्ने सम्वन्धित योजना नगर विकास मार्फत अगाडि वढाउन प्रारम्भिक प्रस्ताव नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

रत्ननगर न.पा. क्षेत्र भित्र घट्ने दैविक प्रकोप व्यवस्थानको लागि देहाय वमोजिम **"प्रकोप व्यवस्थापन समिति, रत्ननगर"** गठन गर्ने न. पा. को नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | संयोजक : | नगर प्रमुख |
| २. | सदस्य : | नगरस्तरिय राजनिति दलका संयन्त्रका प्रमुख तथा प्रतिनिधी |
| ३ | ,, | अध्यक्ष, नेपाल रेडक्रस सोसाईटी रत्ननगर |
| ४ | ,, | अध्यक्ष, उ. वा. संघ रत्ननगर |
| ५. | ,, | प्रमुख ईलाका प्रहरी कार्यालय रत्ननगर |
| ६ | ,, | प्रमुख रत्ननगर बकुलहर अस्पताल |
| ७ | ,, | अध्यक्ष, सामुदायिक वन उपभोक्ता समितिहरु सवै रत्ननगर |
| ८ | ,, | अध्यक्ष, सामुदायिक सेवा केन्द्र रत्ननगर |
| ९ | ,, | संस्थापक नगर प्रमुख रत्ननगर |
| १० | ,, | प्र. अ. नेपाल उच्च मा. वि. रत्ननगर |
| ११ | ,, | प्रतिनिधी गैसस |
| १२ | ,, | प्रतिनिधी स्थानिय पत्रकार |
| १३ | सदस्य सचिव: | सामुदायिक विकास शाखा प्रमुख रत्ननगर न. पा. कार्यालय |

आज मिति २०६६ साल असार १ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रंमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| २ | आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ५ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय | द |

**निर्णय**

निर्णय नं. १:

यस रत्ननगर नगरपालिकामा संचालन भएको, शहरी तथा वातावरणीय सुधार परियोजना परियोजना कार्यान्वयन ईकाइ रत्ननगरबाट संचालन हुने Contract NO. RA-NCB-B-02, Construction of Reed Bed Treatment Plant Under Sanitation and Water Waste Management Sub Project का लागि 2nd May 2009 मा अन्नपूर्ण पोष्टमा प्रकाशित सूचना अनुसार प्राप्त भएका दई बटा वोलपत्रहरु मध्ये मूल्यांकनको क्रममा Substantially Responsive सार भुत रुपमा प्रभाव ग्राही भएका दुई (२) वटै वोलपत्रहरु (a) Danfe/Taksar/Khani JV (b) Kalika/Raman Constrution JV मध्ये तपशीलमा चार्टमा देखाए अनुसार ईन्जियर्स अंक रु ५,१२,१९,७५७।०१ (१३% भ्याट सहित) भन्दा ०.७६% घटी प्रस्ताव पेश गर्ने वोलपत्रदाता Kalika Constrution/Raman Construction JV को प्राविधिक प्रस्ताव पनि Substantially Responsive भएकोले उक्त वोलपत्रदाता Kalika /Raman JV को कवोल अंक रु ४,४९,८४,२१६।९५ र १३% भ्याट रु ५८,४७,९५९।०५ समेत जम्मा रु ५,०८,३२,२१६।०० (अक्षेरुपी पाँच करोड आठ लाख वत्तिसहजार दुई सय सोह्) मात्र भएकोले उक्त वोलपत्र स्वीकृति को लागि र.न.पा.को वोलपत्र मूल्याङ्कन समितिको मिति ०६६।०२।२९ गते वसेको वैठकबाट सिफारिस भए वमोजिम सवै भन्दा कम अंक कवोल गर्ने वोलपत्र दाता श्री Kalika Constrution/ Raman Construction JV को कवोल अंक रु ५,०८,३२,२१६।०० भएकोले नगर स्तरीय सर्वदलीय समन्वय संयन्त्रको सहमति अनुसार स्वीकृति गर्ने निर्णय गरियो ।

| सि.न. | कम्पनी/फर्मको नाम | ईन्जिनियर्स ल.ई. VAT सहित | कवोल अंक VAT सहित | प्रतिशत घटि वढी | Ranking |
|---|---|---|---|---|---|
| (१) | Danfe/Taksar Khani JV | ५,१२,१९,७५७।०१ | ५,२३,४९७,१८।६५ | २.२१% वढी | II |
| (२) | Kalika /Raman Construction JV | | ५,०८,३२,२१६।०० | ०.७६% घटी | I |

<u>निर्णय नं. २:</u>

यस न.पा.मा लागु भएको शहरी तथा वातावरणीय सुधार परियोजना अर्न्तगत निर्माण हुन लागेको निपनी बाघमारा डुङ्गाघाट सडक निर्माण कार्यको रेखदेखको लागि नियुक्ति गरिएको सुपरभाईजर श्री विनोद वस्नेत र श्री नवराज अधिकारीको म्याद यही २०६६ जेष्ठ मसान्तमा समाप्त हुने भएकोले निजहरुको माग र उपभोक्ता समितिको सिफारिस वमोजिम म्याद समाप्त हुने मितिबाट ४(चार) महिनाको लागि म्याद थप गरि काममा लगाउन नगर स्तरीय सर्वदलीय समन्वय सयन्त्रको निर्णय सहमति अनुसार निर्णय गरियो ।

आज मिति २०६६ साल असार ११ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रंमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| २ | आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ५ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय | द |

## निर्णय

निर्णय नं. १:

यस रत्ननगर न. पा. ले आ. व. ०६५।६६ मा माग गरे अनुसार नेपाल सरकार स्थानिय विकास मन्त्रालय जगेडा कोष तथा नगरपालिका एवं स्थानिय उपभोक्ताको लागत सहभागितामा निर्माण गर्ने गरी सडक कालोपत्रे तथा क्याम्पस तथा थप गर्ने योजना रत्ननगर १० र ३ स्वीकृत भै आएकोले सो योजनाको लागि जगेडा कोषबाट स्वीकृत रु. ३४,९२,०००।- मध्ये प्रथम किस्ता ७०% ले हुने रु. २४,४४,४००।- (अक्षेरुपी चौविस लाख चवालिस हजार चारसय रुपैया मात्र) निकासाका लागि स्थानिय विकास मन्त्रालय जगेडा कोष संचालन समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

यस न. पा. ले आ. व. ०६५।६६ मा थप निकासा प्राप्त गरेको विशेष स्थानिय विकास शुल्क मध्ये प्रथम किस्ताबाट संचालित योजना सम्पन्न भएको र दोश्रो किस्ताबाट प्राप्त रकमबाट संचालित योजना समेत ५०% भन्दा बढी काम सम्पन्न भै सकेकोले यस न. पा. को थप निकासा प्राप्त गर्न बाँकी तेश्रो किस्ता रकम निकासाका लागि नेपाल सरकार स्थानिय विकास मन्त्रायमा अनुरोध गरियो ।

निर्णय नं. ३:

यस रत्ननगर नगरपालिकाको स्थापनाकालदेखिको १३ औं तथा लोक तान्त्रिक गणतन्त्र पछिको दोश्रो नगर परिषद बैठक २०६७ साल आषाढ २६ गते शुक्रबारका दिन विहान ११:०० बजे न. पा. कार्यालय भवनमा नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार बोलाउने निर्णय गरियो ।

आज मिति २०६६ साल असार २१ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| २ | आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ५ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय | द |

## निर्णय

निर्णय नं. १:

शहरी तथा वातावरणीय सुधार परियोजना, रत्ननगर नगरपालिका अन्तर्गत संचालित निपनी डुंगाघाट सडक स्तरोन्नती कार्यको लागि कालिका/रमण जे. भी. र नगरपालिका बीच मिति 2 June, 2008 मा सम्झौता भई मिति 14th June, 2009 सम्ममा कार्य सम्पन्न गरी सक्नु पर्ने प्रावधान रहेको थियो । सोही सम्बन्धमा ठेकेदार श्री कालिका/रमण जे. भी. ले विविध कारण देखाई ठेक्का सम्झौताको म्याद थप गरी पाउँ भनी परामर्शदाता समेतको सिफारिस र Revised Work Sechedule साथ दिएको निवेदन माथि छलफल हुँदा म्याद समाप्त भएको मितिबाट थप ४(चार) महिना 13th October, 2009 सम्मको लागि नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

रत्ननगर नगरपालिका शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत संचालित निपनी-डुंगाघाट सडक स्तरोन्नती कार्य निर्माणको क्रममा सुरुको लागत ईष्टिमेट र डिजाईनहरुमा समावेश नभएको तर सम्पादन नगरी नहुने र गर्ने पर्ने केही थप विधुतिकरण सम्बन्धि कार्य रुखको जरा निकाल्ने कार्य माटो भर्ने कार्य, सववेश थप गर्ने Hume Pipe Crossing, Prime Coat मा Bitumen थप गर्न Dewatering र Additional Sprikling of Water जस्ता कार्य नगरी नहुने भएकोले उपभोक्ता समिति एवं परापर्शदाता (Tech Studio of Engineering) बाट समेत सिफारिस भई आएकाले शुरुको सम्झौता रकम २२,४८,५०३३।-६८ भन्दा थप लागत रु. ३२,७५,२९०।२८ भ्याट सहित Variation Order (VO) नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार आवश्यक स्वीकृती एवं सहमतीका लागि आयोजना समन्वय कार्यालय मार्फत एशियाली विकास बैंक समक्ष पठाउने निर्णय गरियो ।

आज मिति २०६६ साल असार २२ गतेका दिन यस रत्ननगर नगरपालिकाको बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रंमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

**अन्य उपस्थिती:**

१ परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर द
२ आ. प्र. शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय द
३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय द
४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय द
५ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय द

**निर्णय**

निर्णय नं. १:

लायन्स क्लव अफ चितवन राईनो सिटीको मिति २०६६ आषाढ १७ गतेको प्राप्त पत्रका सम्बन्धमा माग वमोजिम स्वाईनफ्लु सम्बन्धि मिति २०६६।३।२७ गते सम्पन्न अन्तरकृया कार्यक्रमलाई रु. १,५००।- (एक हजार पाँच सय मात्र) नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २:

यस न. पा. ले आ. व. ०६५।६६ मा न. पा. को जिन्सीमा लगत रहेका विभिन्न मेसिनरी फर्निचर एवं कार्यालय सामाग्रीहरुलाई परिषदको निर्णय अनुसार लिलाम प्रकृया बढाईएकोमा सो सामाग्रीको लिलाम बढाबढ गरी बोल अंक समेत न. पा. राजश्वमा दाखिला भैसकेकाले सो लिलाम सम्बन्धि लगत अनुसार लिलाम भएका सामाग्रीहरुको नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार जिन्सी लगत कट्टा गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

यस न. पा. ले छिमेकी गाविस आवागमन गर्ने प्रमुख सडक तथा नाकाहरुमा पर्ने खोलानालाहरुमा पक्कीपुल निर्माण गरी न. पा. को आवागमनमा सुगमता बृद्धि गर्दै नगरको व्यापारिक एवं सामरिक महत्व बृद्धि गर्न तल उल्लेख भएका खोलामा पक्की पुल तथा तटवन्धन गर्न नेपाल सरकार, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा आ. व. ०६६।६७ को वजेट तथा कार्यक्रममा समावेस गर्न नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार अनुरोध गर्ने निर्णय गरियो ।

१. रत्ननगर न. पा. वडा नं. ३ वेल्सीदेखि सेती चुरोट फेक्ट्री नजिक फसेराघाट बुढी राप्ती खोलामा पक्की पुल निर्माण गर्ने योजनालाई रु. १ करोड २५ लाख ।
२. रत्न्नगर न.पा.बार्ड नं.३ वेल्सी देखि हाजिपुर गाँउ हुदै पुरानो राजमार्ग खैरहनी गा.वि.स.जोड्ने वुढी राप्ती खोलामा पक्की पुल निमार्ण गर्न योजनालाई रु १ करोड २५ लाख ।

निर्णय नं. ४:

यस न.पा.ले रत्ननगर न.पा.को सौराहाचोक महेन्द्र राजमार्गबाट न.पा.को वार्ड नं.५ चित्रसारी हुदै बछयौली गा.वि.स. सौराहा वजारसँग सोझै सम्वन्ध कायम गरी पर्यटक आवागमनलाई सुगमता प्रदान गर्ने प्रमुख कालोपत्रे सडक क्षमता कम हुनु एवं अतिनै जीर्ण भएकोले समग्र राष्ट्रकै पर्यटन व्यवसायलाई प्रवर्धन गर्न भूमिका खेल्ने सौराहाचोक चित्रसारी हुदै वछौली सौराहा वजार जोड्ने निकुञ्ज मार्ग विस्तारित गरी पूनः निमार्ण गर्न रु १ करोड ५० लाख, नेपाल सरकार राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई आ.व.०६६।०६७ को वजेट तथा कार्यक्रममा समावेश गर्न नगर स्तरिय सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०६६ साल आषाढ २३ गतेका दिन यस रत्ननगर नगरपालिकाको वार्ड वैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

अन्य उपस्थिती

१ परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर द

२ लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय द

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय द

४ प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय द

५ सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय द.

**निर्णय**

निर्णय नं. १:

रत्ननगर नगरपालिका २०५३ सालमा स्थपना भएको ग्रामीण प्रकृतिको नगरपालिका हो । नगरपालिकाको धैरे जमिन कृषि क्षेत्रले ओगटेको छ । सदरमुकाम देखि १६ कि.मि.टाढा रहेको नगरमा करिव ४५,००० जनसंख्याको वसोवास रहेको छ । वढ्दो शहरीकरण वसाई सराईको कारणबाट नगरका पूर्वाधारहरु न्यून रहेका छन । नगरवासीहरुको विकास प्रतिको जागरुकता एंव मागका आधारमा नगरका सम्पूर्ण पूर्वाधारहरु नगरको सिमित श्रोतले मात्र निर्माण गर्न नसकिने हुँदा निम्न योजनाहरुलाई सर्वदलिय समन्वय संयन्त्रको सहमतीमा नेपाल सरकार राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

| सि.न. | योजना | लागत रु |
|---|---|---|
| १ | र.न.पा. क्षेत्रको महेन्द्र राजमार्ग क्षेत्रमा साइडमा पेटी निर्माण ग्रिनरी वेल्ट ड्रेन निर्माण आदी | १५ करोड |
| २ | रत्ननगर १ सौराहाचोक बाट चितवन राष्ट्रिय निकुञ्ज बछौली गा.वि.स. सिमा सम्मको न.पा. खण्डको बाँकी कालोपत्रे | १ करोड पचास लाख |
| ३ | र.न.पा. १२ डुम्रेचोक हुदै शक्तिखोर नयाँबजार सम्म कालोपत्रे | ३ करोड |
| ४ | र.न.पा. र पदमपुर गा.वि.स. जोड्ने सडक कालोपत्रे | १ करोड |
| ५ | रत्ननगर न.पा. खैरहनी गा.वि.स. जोड्ने र.न.पा.३ को राप्ती नदीमा पक्की पुल निर्माण | १ करोड ५० लाख |
| ६ | र.न.पा. र वछौली गा.वि.स. को फसेरा जाड्ने र.न.पा. ३ को राप्ती नदीमा पक्की पुल निर्माण | १ करोड ५० लाख |
| ७ | र.न.पा. मा रहेका प्रमुख नदीहरु कयर खोला, वुढी कुलो, खगडी खोला भुताहा, बाँध नियन्त्रण तटवन्धन | २० करोड |
| ८ | र.न.पा., शक्तिखोर गा.वि.स., सिराइचुली हुदै हग्दी सम्म सडक निर्माण | २५ करोड |
| ९ | पार्क सहितको राष्ट्रिय स्तरको खेल मैदान निर्माण, र.न.पा. ८ स्थित टिकौलीचौरमा | ७ करोड |
| १० | र.न.पा. ८ र १० को पञ्चकन्या सामुदायिक वन क्षेत्र भित्र अन्तराष्ट्रिय स्तरको गल्फ खेल मैदान निर्माण | १० करोड |

निर्णय नं. २:

यस रत्ननगर नगरपालिकाले आ. व. ०६५।६६ को वजेट तथा कार्यक्रममा न. पा. का विभिन्न स्थानमा हेमपाईप कलभर्ट शिर्षकमा रु. १,००,०००।- मात्र वजेट विनियोजन गरेको र स्थानिय TLO/वडा/उपभोक्ताको व्यापक मागका आधारमा हेमपाईप कलभर्ट निकासा गर्दा छुट्टाईएका रकम न्यून भएको र भक्तिनी-भेडी हुँदै लालपर्सा जोड्ने सडक उपभोक्तासंग प्रस्तावित ल. ई. अनुसार गरिएको सम्झौतानुसार निर्माण कार्य संचालन गर्दा उपभोक्ताबाट सडक चौडाई बृद्धि गरी कार्य सम्पादन गर्दा रु. ५५,२०००।- रुपैया न्यून हुन गएकोले उपभोक्ता समितिको माग तथा न. पा. अनुगमन तथा सुपरिवेक्षण समितिको निर्णय एवं सिफारिसलाई समेत ध्यानमा राखी प्रस्तावित ल. ई लाई पूर्न ल. ई. गरी सो योजना समेतलाई मुल्यांकनका आधारमा भुक्तानीमा न्यून भएको रकम समेत थप दिई योजना फरफारक गर्न न. पा. ले आ. व. ०६५।६६ को विकास अनुदान शिर्षकमा छुट्टाएको शान्तिनगर बुढी कुलो पुल पूर्न निर्माण शिर्षकको १२ लाख रुपैया मध्ये २ लाख रकमान्तर गरी माथि उल्लेख भए अनुसार वजेट न्यून भएका कार्यक्रमलाई सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ३:

रत्ननगर नगरपालिकाको आ. व. ०६४।६५ को अन्तिम लेखा परिक्षण प्रतिवेदन पेश गरिएकोमा सो उपर जानकारी लिने तथा छलफल गर्ने कार्य गरियो । उक्त प्रतिवेदन नगर परिषदमा पेश गर्न तथा औंल्याईएका बेरुजु असुल उपर गर्न, दिईएका सुझाव एवं सल्लाहहरुलाई प्रकृयागत ढंगबाट कार्यान्वयन गर्ने सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

निर्णय नं. ४:

न. पा. को काम कारवाहीलाई प्रभावकारीढंगले संचालन गर्न देहाय वमोजिम विषयगत समितिहरु सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार गठन गरी स्वीकृतीका लागि नगरपरिषद बैठकमा पेश गर्ने निर्णय गरियो ।

१. सुपरिवेक्षण तथा अनुगमन समिति

| | |
|---|---|
| संयोजक | श्री सम्मर बहादुर मल्ल |
| सदस्य | श्री राम शरण कुंवर |
| ,, | श्री विष्णु प्रसाद पौडेल |
| सदस्य सचिव | श्री प्रकाश चन्द्र ढुंगाना |

२. लेखा समिति

| | |
|---|---|
| संयोजक | श्री राम शरण कुंवर |
| सदस्य | श्री हरि प्रसाद पौडेल (र. न. पा. १) |
| ,, | श्री विश्वनाथ खनाल |
| सदस्य सचिव | श्री सीताराम पोखरेल |

३. कृषि वन तथा सिंचाई समिति

| | |
|---|---|
| संयोजक | श्री ईन्द्रप्रसाद पौडेल |
| सदस्य | श्री विष्णु हरि देवकोटा |
| ,, | श्री झनक पौडेल |
| सदस्य सचिव | श्री लक्ष्मी प्रसाद थपलिया |

४. यूवा तथा खेलकुद तथा संघ संस्था पूर्वाधार समिति

| | |
|---|---|
| संयोजक | श्री कृष्ण प्रसाद सापकोटा |
| सदस्य | श्री मोहन प्रसाद खतिवडा |
| ,, | श्री उत्तम आचार्य |
| सदस्य सचिव | श्री तोरण राज पौडेल |

५. सार्वजनिक क्षेत्र साझेदारी प्रवर्धन समिति

| | |
|---|---|
| संयोजक | श्री त बहादुर विश्वकर्मा |
| सदस्य | श्री हरि प्रसाद पौडेल (र. न. पा. ७) |
| ,, | श्री जीवनाथ अधिकारी |
| सदस्य सचिव | श्री तोरण राज पौडेल |

आज मिति २०६६ साल आषाढ २४ गतेका दिन यस रत्ननगर नगरपालिकाको वार्ड वैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |
| | अन्य उपस्थिती | |
| १ | परियोजना व्यवस्थापक ई श्री शिवराज पौडेल, UEIP, रत्ननगर | द |
| २ | लेखा शाखा प्रमुख श्री सीताराम पोखरेल, र. न. पा. कार्यालय | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, र. न. पा. कार्यालय | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, र. न. पा. कार्यालय | द |
| ५ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, र. न. पा. कार्यालय | द. |

**निर्णय**

निर्णय नं. १:

प्रस्तुत न. पा. को संगठन स्वरुप र वर्तमान कर्मचारी स्वीकृत दरवन्दि संख्या ७६ मा नयाँ दरवन्दि २ र थप दरवन्दि ४ गरी जम्मा दरवन्दि ८२( बयासी) पुऱ्याउने र मुखिया दरवन्दि ३ मध्ये हाल कार्यरत २ दरवन्दि पद्धि खरिदार पदमा बढुवा भएपछि स्वतः दरवन्दि खाली हुने गरी हाल कायम राखी अनावश्यक १ दरवन्दिको साथै स्वीकृत खरिदार दरवन्दि २१ मा एक कट्टा गरी २० कायम गरी हुन आउने जम्मा ८०(असी) दरवन्दि कायम गर्न सर्वदलिय समन्वय संयन्त्रको सहमतीमा स्वीकृतीको लागि नगर परिषद बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

प्रस्तुत बालश्रम शोषण विरुद्धको कार्यक्रम अनुसार समाज सेवा तथा मानव अधिकारमा महिला र बालबालिका काठमाण्डौं (CWISH) संग साझेदारी गरी संचालन गर्न र रत्ननगर न.पा. ले बालबालिका सम्बन्धि कार्यक्रम संचालन गर्न तयार गरेको ७(सात) बुँदे निती समेत सर्वदलिय समन्वय संयन्त्रको सहमतीमा पारित गर्न नगर परिषद बैठकमा पेश गर्ने निर्णय गरियो ।

आज मिति २०६६ साल त्रण २० गतेका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |
| २ | आ.प्र.शाखा प्रमुख श्री सिताराम पोखरेल, रनपा कार्यालय | द. |
| ३. | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना, रनपा कार्यलय | द. |
| ४. | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, रनपा कार्यालय | द. |
| ५. | शा.वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, रनपा कार्यालय | द. |

**निर्णय**

निर्णय नं. १: राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ अनुसार २०६६ फाल्गुण महिनादेखि संचालन हुने गरी साविकमा साक्षरता कार्यक्रममा स्वयम् सेवक पदमा रही काम गर्ने व्यक्तिहरुलाई प्राथमिकता दिई छनौट गर्न ३ दिने सूचना प्रकाशित गर्ने र उक्त सूचना पश्चात सम्पर्कमा नआउने व्यक्तिहरुको हकमा सम्वन्धित वडाको वडा सचिव मार्फत नामावली दिने साथै निरिक्षकको हकमा समेत साविकमा काम गर्ने १ जनालाई प्राथमिकता दिई छनौट गर्ने र बाँकी ३ जनाका लागि ३ दिने सूचना प्रकाशित गरी कार्यक्रम संचालनका लागि न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. २: यस नगरपालिकामा स्थानिय विकास मन्त्रालयबाट स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि प्राप्त हुने थप अनुदानको कार्यक्रम संचालन गर्न संचालन कार्य विधी २०६६ अन्तर्गत नगर क्षमता विकास समन्वय समिति तपसिल वमोजिम न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | न. पा. प्रमुख एवं कार्यकारी अधिकृत |
| २. | सदस्य | योजना अनुगमन तथा प्रशासकिय अधिकृत जिल्ला विकास समितिको कार्यालय, चितवन, भरतपुर |
| ३. | ,, | प्रमुख जिल्ला प्राविधिक कार्यालय, चितवन, भरतपुर |
| ४. | ,, | प्रशासन शाखा प्रमुख रत्ननगर न. पा. का. |
| ५. | ,, | अधिकृत प्रतिनिधी शहरी तथा भवन विकास डिभिजन कार्यालय, चितवन, भरतपुर |
| ६. | ,, | अध्यक्ष रत्ननगर उद्योग वाणिज्य संघ, रत्ननगर |
| ७ | , | अध्यक्ष नगरस्तरिय टोल विकास संस्था समन्वय समिति, रत्ननगर |
| ८. | ,, सचिव सामुदायिक विकास शाखा प्रमुख, र. न. पा. का. | |

निर्णय नं. ३: यस न. पा. को आ. व. ०६६।६७ को स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम **(LGCDP)** अन्तर्गत महिला तथा बालबालिका, जेष्ठ नागरिकलाई प्रत्यक्ष फाईदा पुग्ने पूर्वाधार जन्य कार्यक्रममा विनियोजन गर्नु पर्ने कम्तीमा १५% रकमबाट रत्ननगर न. पा. वडा नं. १२ स्थित असहाय बृद्ध कल्याण समाजको बृद्ध आश्रम भवन निर्माणमा रु. ५,००,०००।- (पाँच लाख) लगानी गर्ने निर्णय गरियो साथै उल्लेखित क्षेत्र र कार्यक्रममा न. पा. को यस आ. व. मा विनियोजित रकम निष्कृय गरी अन्य कार्यक्रममा रकमान्तर गर्ने समेत न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ४: यस रत्ननगर नगरपालिका अन्तर्गत स्थानिय विकास मन्त्रालय जगेडाकोष स्थानिय उपभोक्ता न. पा. को लागत साझेदारीमा आव ०६६।६७ वैशाख मसान्तसम्ममा सम्पन्न गर्ने गरी तयार भएका ३ थान प्रस्तावमा समावेश भएका योजनाहरुको तपसिलमा उल्लेख भए अनुसार लागत अनुमान तयार हुन आएकाले प्रस्तावित योजनाहरुको प्रस्ताव स्वीकृतीका लागि जगेडाकोष संचालन समितिमा पेश गर्न न. पा. सर्वदलिय सहमतिमा अनुसार पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र. सं. | प्रस्ताव नं. | योजनाको नाम | ठेगाना | योजनाको प्रस्तावित लागत |
|---|---|---|---|---|
| १ | प्रस्ताव नं. १ | कालोपत्रे सडक निर्माण योजना | रनपा ८, १० र ३ | ४९,३२,९७१।८० |
| २ | प्रस्ताव नं. २ | कालोपत्रे सडक निर्माण योजना | रनपा ३, ८, ११ र १३ | ४९,२१,६२३।६० |
| ३ | प्रस्ताव नं. ३ | कालोपत्रे सडक निर्माण योजना | रनपा ८ र १० | ४९,९६,८६१।४० |
| | | **जम्मा कुल लागत** | | **१,४८,५१,४५६।८०** |

निर्णय नं. ५: यस न. पा. ले आव ०६६।६७ का लागि सडक बोर्ड नेपाल तथा न. पा. लागत साझेदारीमा न. पा. क्षेत्रभित्र भएका कालोपत्रे सडक मर्मत गर्ने कार्यका लागि तयार भएका कार्यक्रम प्रस्ताव लागत रु. २३,८३,८५३।९५ बरावरलाई न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार स्वीकृतीका लागि सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: यस न. पा. को रत्ननगर १ सौराहाचोकबाट चित्रसारी डुंगेघाट हुँदै सौराहा जोड्ने निकुन्ज मार्गको पुन:निर्माण गर्न बाँकी रहेको खण्डको प्रस्तावित लागत रु. १,२०,८५,४५४।१५ (अक्षेरुपी एक करोड वीस लाख पचासी हजार चारसय चउन्न रुपैया पैसा पन्ध्र) बरावरको योजना निर्माणका लागि नेपाल सरकार सम्बन्धित मन्त्रालयहरुमा न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: यस न. पा. ले ADB Loan No. NEP(SF) बाट संचालन गरेको शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत संचालन गरेको निपनी-डुंगेघाट सडक निर्माण गर्ने ठेक्का नं. RA-NCB-B-04 निर्माण गर्न छनौट भएको कालिका रमण जे. भि. बाट माग भै पेश हुन आएको Price Escalation upto Enterim Payment रु. ३६,९७,०२५।०१ (अक्षेरुपी छत्तिस लाख सन्तानव्वे हजार पच्चिस रुपैया एक पैसा मात्र) भ्याट समेतलाई नेपाल सरकारको मिति २०६५।३।५ को निर्णयलाई आधारमानी Consultant Tech Studio of Engineering (TSE) बाट समेत सिफारिस भैआएको हुँदा आवश्यक स्वीकृती एवं सहमतीका लागि परियोजना समन्वय कार्यालय, काठमाण्डौं तथा ADB मा न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार पठाउने निर्णय गरियो ।

निर्णय नं. ८: संघ संस्था लागत साझेदारीमा सामाजिक विकास गर्ने कार्यक्रमको लागि न. पा. ले ३०% र माग गरेको संस्थाले ७०% व्यहोर्ने गरी मानव अधिकार संरक्षण मंचको प्राप्त पत्रानुसार कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ९: चितवन जिल्ला खेलकुद विकास समितिको मिति २०६६।१०।१४ को पत्रका सम्बन्धमा दोश्रो राष्ट्रपति रनिङ्ग शिल्ड २०६६ संचालनको लागि रु. ५,०००।- (पाँच हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०: द थर्ड भिजन (The Third Vison) चितवनको मिति २०६६।५।५ को पत्रका सम्बन्धमा जिल्लाको हरेक क्षेत्रको सुरक्षाको लागि आधुनिक प्रविधी Close Circuit Televison (CCTV) जडानका लागि न. पा. क्षेत्रमा कम्तिमा २ या ३ स्थानमा जडान हुने गरी रु. १,००,०००।-( अक्षेरुपी एक लाख मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११: रत्ननगर न. पा. वार्ड नं. ५ निवासी खुवलाल माझीको मिति २०६६।११।०६ को निवेदनका सम्बन्धमा निवेदकको छोरा मनोज माझीको मृगौला उपचारको लागि रु. ५,०००।- (अक्षेरुपी पाँच हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२: रत्ननगर न. पा. वडा नं. १० निवासी कृष्ण प्रसाद पोखरेलको मिति २०६६।११।१४ को निवेदनका सम्बन्धमा निवेदकको घरमा मिति २०६६।११।०९ गतेका दिन राती अचानक घर लागलागी भई धनमालको क्षति हुन गएकोमा राहत स्वरुप रु. ३,०००।- (अक्षेरुपी तीन हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३: जिल्ला प्रशासन कार्यालय, चितवन भरतपुरको मिति २०६६।४।१९ को पत्रका सम्बन्धमा न. पा. बाट सिफारिस भै गएका अनुसुची फाराम र साथमा संलग्न कागजातहरुलाई सुरक्षित रुपमा राख्ने कार्यका लागि बुक वाईण्डीङ्ग गर्न रु. २५,०००।- (पच्चीस हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४. कोष तथ लेखा नियन्त्रण कार्यालय, चितवन भरनपुरले माग गरे अनुसार इन्भर्टर जडानको लागि भुक्तानी भै गएको रु.२७,३००।-(सत्ताइस हजार तिन सय मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०६६ साल फाल्गुण २० गतेका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |
| २ | आ.प्र.शाखा प्रमुख श्री सिताराम पोखरेल, रनपा कार्यालय | द. |
| ३. | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना, रनपा कार्यलय | द. |
| ४. | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, रनपा कार्यालय | द. |
| ५. | शा.वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, रनपा कार्यालय | द. |

## निर्णय

निर्णय नं. १: राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ अनुसार २०६६ फाल्गुण महिनादेखि संचालन हुने गरी साविकमा साक्षरता कार्यक्रममा स्वयम् सेवक पदमा रही काम गर्ने व्यक्तिहरुलाई प्राथमिकता दिई छनौट गर्न ३ दिने सूचना प्रकाशित गर्ने र उक्त सूचना पश्चात सम्पर्कमा नआउने व्यक्तिहरुको हकमा सम्बन्धित वडाको वडा सचिव मार्फत नामावली दिने साथै निरिक्षकको हकमा समेत साविकमा काम गर्ने १ जनालाई प्राथमिकता दिई छनौट गर्ने र बाँकी ३ जनाका लागि ३ दिने सूचना प्रकाशित गरी कार्यक्रम संचालनका लागि न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. २: यस नगरपालिकामा स्थानिय विकास मन्त्रालयबाट स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि प्राप्त हुने थप अनुदानको कार्यक्रम संचालन गर्न संचालन कार्य विधी २०६६ अन्तर्गत नगर क्षमता विकास समन्वय समिति तपसिल वमोजिम न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार गठन गर्ने निर्णय गरियो।

तपसिल:

| | | |
|---|---|---|
| १. | अध्यक्ष | न. पा. प्रमुख एवं कार्यकारी अधिकृत |
| २. | सदस्य | योजना अनुगमन तथा प्रशासकिय अधिकृत जिल्ला विकास समितिको कार्यालय, चितवन, भरतपुर |
| ३. | ,, | प्रमुख जिल्ला प्राविधिक कार्यालय, चितवन, भरतपुर |
| ४. | ,, | प्रशासन शाखा प्रमुख रत्ननगर न. पा. का. |
| ५. | ,, | अधिकृत प्रतिनिधी शहरी तथा भवन विकास डिभिजन कार्यालय, चितवन, भरतपुर |
| ६. | ,, | अध्यक्ष रत्ननगर उद्योग वाणिज्य संघ, रत्ननगर |
| ७ | , | अध्यक्ष नगरस्तरिय टोल विकास संस्था समन्वय समिति, रत्ननगर |
| ८. | ,, सचिव | सामुदायिक विकास शाखा प्रमुख, र. न. पा. का. |

निर्णय नं. ३: यस न. पा. को आ. व. ०६६।६७ को स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम **(LGCDP)** अन्तर्गत महिला तथा बालबालिका, जेष्ठ नागरिकलाई प्रत्यक्ष फाईदा पुग्ने पूर्वाधार जन्य कार्यक्रममा विनियोजन गर्नु पर्ने कम्तीमा १५% रकमबाट रत्ननगर न. पा. वडा नं. १२ स्थित असहाय बृद्ध कल्याण समाजको बृद्ध आश्रम भवन निर्माणमा रु. ५,००,०००।- (पाँच लाख) लगानी गर्ने निर्णय गरियो साथै उल्लेखित क्षेत्र र कार्यक्रममा न. पा. को यस आ. व. मा विनियोजित रकम निष्कृय गरी अन्य कार्यक्रममा रकमान्तर गर्ने समेत न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ४: यस रत्ननगर नगरपालिका अन्तर्गत स्थानिय विकास मन्त्रालय जगेडाकोष स्थानिय उपभोक्ता न. पा. को लागत साझेदारीमा आव ०६६।६७ वैशाख मसान्तसम्ममा सम्पन्न गर्ने गरी तयार भएका ३ थान प्रस्तावमा समावेश भएका योजनाहरुको तपसिलमा उल्लेख भए अनुसार लागत अनुमान तयार हुन आएकाले प्रस्तावित योजनाहरुको प्रस्ताव स्वीकृतीका लागि जगेडाकोष संचालन समितिमा पेश गर्न न. पा. सर्वदलिय सहमतिमा अनुसार पेश गर्ने निर्णय गरियो ।

**तपसिल:**

प्रस्ताव नं. १ मा समावेश भएका योजनाहरुको विवरण:

| सि. नं. | योजनाको विवरण | ठेगाना | योजनाको प्रस्तावित लागत |
|---|---|---|---|
| १ | शुभ प्रभात मार्ग कालोपत्रे गर्ने योजना | रत्ननगर ८ | रु. १९,४६,२५८।५० |
| २ | धौलागिरी मार्ग ,, ,, | रत्ननगर ८ | रु. ८,१६,६९६।- |
| ३ | पृथ्वी मार्ग ,, ,, | रत्ननगर १० | रु. ५,४७,९२९।- |
| ४ | सुन्दरवस्ती हाजिपुर ,, ,, | रत्ननगर ३ | रु. १६,२२,०८७।५० |
| | | **जम्मा कुल लागत** | **रु. ४९,३२,९७१।-** |

प्रस्ताव नं. २ मा समावेस भएका योजनाहरुको विवरण:

| सि. नं. | योजनाको विवरण | ठेगाना | योजनाको प्रस्तावित लागत |
|---|---|---|---|
| १ | सिद्धेश्वरी मार्ग कालोपत्रे गर्ने योजना | रत्ननगर ३ | रु. ९,८२,०४३।- |
| २ | क. प्रतिक मार्ग ,, ,, | रत्ननगर १३ | रु. १०,८९,११२।- |
| ३ | आदर्श पथ ,, ,, | रत्ननगर ११ | रु. १०,३६,८३०।- |
| ४ | कैलाश मार्ग ,, ,, | रत्ननगर ८ | रु. १८,१३,६३८।६० |
| | | **जम्मा कुल लागत** | **रु. ४९,२१,६२३।६०** |

प्रस्ताव नं. ३ मा समावेस भएका योजनाहरुको विवरण:

| सि. नं. | योजनाको विवरण | ठेगाना | योजनाको प्रस्तावित लागत |
|---|---|---|---|
| १ | गणेश मार्ग कालोपत्रे गर्ने योजना | रत्ननगर १० | रु. ३९,०७,७४९।- |
| २ | क. दिपक पन्त ,, ,, | रत्ननगर ८ | रु. १०,८९,११२।- |
| | | **जम्मा कुल लागत** | **रु. ४९,९६,८६१।-** |

निर्णय नं. ५: यस न. पा. ले आव ०६६।६७ का लागि सडक बोर्ड नेपाल तथा न. पा. लागत साझेदारीमा न. पा. क्षेत्रभित्र भएका कालोपत्रे सडक मर्मत गर्ने कार्यका लागि तयार भएका कार्यक्रम प्रस्ताव लागत रु. २३,८३,८५३।९५ बरावरलाई न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार स्वीकृतीका लागि सडक बोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: यस न. पा. को रत्ननगर १ सौराहाचोकबाट चित्रसारी डुंगेघाट हुँदै सौराहा जोड्ने निकुन्ज मार्गको पुन:निर्माण गर्न बाँकी रहेको खण्डको प्रस्तावित लागत रु. १,२०,८५,४५४।१५ (अक्षेरुपी एक करोड वीस लाख पचासी हजार चारसय चउन्न रुपैया पैसा पन्ध्र) बरावरको योजना निर्माणका लागि नेपाल सरकार सम्बन्धित मन्त्रालयहरुमा न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: यस न. पा. ले ADB Loan No. NEP(SF) बाट संचालन गरेको शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत संचालन गरेको निपनी-डुंगेघाट सडक निर्माण गर्ने ठेक्का नं. RA-NCB-B-04 निर्माण गर्न छनौट भएको कालिका रमण जे. भि. बाट माग भै पेश हुन आएको Price Escalation upto Enterim Payment रु. ३६,९७,०२५।०१ (अक्षेरुपी छत्तिस लाख सन्तानव्वे हजार पच्चिस रुपैया एक पैसा मात्र) भ्याट समेतलाई नेपाल सरकारको मिति २०६५।३।५ को निर्णयलाई आधारमानी Consultant Tech Studio of Engineering (TSE) बाट समेत सिफारिस भैआएको हुँदा आवश्यक स्वीकृती एवं सहमतीका लागि परियोजना समन्वय कार्यालय, काठमाण्डौं तथा ADB मा न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार पठाउने निर्णय गरियो ।

निर्णय नं. ८: संघ संस्था लागत साझेदारीमा सामाजिक विकास गर्ने कार्यक्रमको लागि न. पा. ले ३०% र माग गरेको संस्थाले ७०% व्यहोर्ने गरी मानव अधिकार संरक्षण मंचको प्राप्त पत्रानुसार कार्यक्रमको लागि आर्थिक सहयोग उपलब्ध गराउने न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार निर्णय गरियो ।

निर्णय नं. ९: चितवन जिल्ला खेलकुद विकास समितिको मिति २०६६।१०।१४ को पत्रका सम्बन्धमा दोश्रो राष्ट्रपति रनिङ्ग शिल्ड २०६६ संचालनको लागि रु. ५,०००।- (पाँच हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०: द थर्ड भिजन (The Third Vison) चितवनको मिति २०६६।५।५ को पत्रका सम्बन्धमा जिल्लाको हरेक क्षेत्रको सुरक्षाको लागि आधुनिक प्रविधी Close Circuit Televison (CCTV) जडानका लागि न. पा. क्षेत्रमा कम्तिमा २ या ३ स्थानमा जडान हुने गरी रु. १,००,०००।-( अक्षेरुपी एक लाख मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११: रत्ननगर न. पा. वार्ड नं. ५ निवासी खुवलाल माझीको मिति २०६६।११।०६ को निवेदनका सम्बन्धमा निवेदकको छोरा मनोज माझीको मृगौला उपचारको लागि रु. ५,०००।- (अक्षेरुपी पाँच हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२: रत्ननगर न. पा. वडा नं. १० निवासी कृष्ण प्रसाद पोखरेलको मिति २०६६।११।१४ को निवेदनका सम्बन्धमा निवेदकको घरमा मिति २०६६।११।०९ गतेका दिन राती अचानक घर लागलागी भई धनमालको क्षति हुन गएकोमा राहत स्वरुप रु. ३,०००।- (अक्षेरुपी तीन हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३: जिल्ला प्रशासन कार्यालय, चितवन भरतपुरको मिति २०६६।४।१९ को पत्रका सम्बन्धमा न. पा. बाट सिफारिस भै गएका अनुसुची फाराम र साथमा संलग्न कागजातहरुलाई सुरक्षित रुपमा राख्ने कार्यका लागि बुक वाईण्डीङ्ग गर्न रु. २५,०००।- (पच्चीस हजार मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४. कोष तथ लेखा नियन्त्रण कार्यालय, चितवन भरनपुरले माग गरे अनुसार इन्भर्टर जडानको लागि भुक्तानी भै गएको रु.२७,३००।-(सत्ताइस हजार तिन सय मात्र) न.पा.को सर्वदलिय समन्वय संयन्त्रको सहमति अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०६६ साल चैत्र ५ गतेका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |
| २ | आ.प्र.शाखा प्रमुख श्री सिताराम पोखरेल, रनपा कार्यालय | द. |
| ३. | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना, रनपा कार्यलय | द. |
| ४. | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, रनपा कार्यालय | द. |
| ५. | शा.वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, रनपा कार्यालय | द. |

## निर्णय

निर्णय नं. १: यस न. पा. अन्तर्गत स्थानिय विकास मन्त्रालय जगेडा कोष, स्थानिय उपभोक्ता तथा न. पा. को लागत साझेदारीमा आ. व. ०६६।६७ वैशाख मसान्तसम्ममा सम्पन्न गर्ने गरी तयार भएका ३ थान योजना प्रस्तावमा प्रस्तावित योजनाहरुको कुल लागतमा तपसिल अनुसार लागत सहभागितात्मक दायित्व रहने गरी प्रतिवद्धता व्यक्त गर्दै स्वीकृतीका लागि जगेडा कोष संचालन समितिमा न. पा. को सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

| सि. नं. | प्रस्ताव नं. | योजनाको नाम | ठेगाना | प्रस्तावित सहभागितात्मक दायित्व | | | योजनाको प्रस्तावित लागत |
|---|---|---|---|---|---|---|---|
| | | | | जगेडाकोष ५०% | न. पा. १०% | उपभोक्ता ४०% | |
| १ | प्रस्ताव नं. १ | कालोपत्रे सडक निर्माण योजना | रनपा ३, ८ र १० | २४,६६,४८५।९० | ४,९३,२९७।१८ | १९,७३,१८८।७२ | ४९,३२,९७१।८० |
| २ | प्रस्ताव नं. २ | कालोपत्रे सडक निर्माण योजना | रनपा ३, ८, ११ र १३ | २४,६०,८१०।८० | ४,९२,१६२।३६ | १९,६८,६४९।४४ | ४९,२१,६२३।६० |
| ३ | प्रस्ताव नं. ३ | कालोपत्रे सडक निर्माण योजना | रनपा ८ र १० | २४,९८,४३०।७० | ४,९९,६८६।१४ | १९,९८,७४४।५६ | ४९,९६,८६१।४० |
| | **जम्मा कुल लागत** | | | | | | **१,४८,५१,४५६।८०** |

निर्णय नं. २: राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ अनुसार संचालन हुने साक्षरता कार्यक्रमका लागि साविक दोश्रो चरणको साक्षरता कार्यक्रममा स्वयं सेवक पदमा रही काम गर्ने व्यक्तिहरुलाई प्राथमिकता दिई छनौट गर्ने निर्णय अनुसार तपसिलमा उल्लेखित व्यक्तिहरुलाई साक्षरता स्वयं सेवक पदमा निर्देशिका अनुसार काम गर्ने गरी नियुक्ती दिने न. पा. को सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

निर्णय नं. ३: राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ अनुसार साक्षरता कार्यक्रममा स्थानिय निरिक्षक पदमा विज्ञापन अनुसार ४( चार) पदमा १७(सत्र) जनाको निवेदन पर्न आएकोमा यस क्षेत्रमा जिल्ला शिक्षा कार्यालय मार्फत साक्षरता कार्यक्रम अनुगमन गर्ने श्रोत व्यक्तिद्धारा मिति २०६६।१२।९ गतेभित्र निरिक्षक पदमा ४ वटामा निर्देशिका अनुसार छनौट गरी नियुक्ती दिने न. पा. को  सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

निर्णय नं.४: रत्ननगर न. पा. वडा नं. ११ मिलिजुली टोल विकास संस्थालाई फुटवल खेल संचालन गरी समापन गरेको माग पत्र र विवरणका आधारमा रु. २०,०००।-(वीस हजार) मात्र यूवा तथा खेलकुद शिर्षकबाट आर्थिक सहायता न. पा. को  सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५: रत्ननगर न. पा. वडा नं. १ निवासी तेकान्दो खेलाडी श्री पुष्प राज जोशीलाई अन्तर्राष्ट्रिय तेकान्दो प्रशिक्षकमा सफलतापूर्वक तालिम प्राप्त गरे वापत प्रोत्साहन स्वरुप रु. १०,०००।-(दश हजार) मात्र न. पा. को  सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार यूवा तथा खेलकुद शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६: यस न. पा. ले यसै आ. व. ०६६।६७ मा LGCDP अनुदान अन्तर्गत प्राप्त रकमबाट सो अनुदान संचालन निर्देशिका अन्तर्गत तयार भएको विभिन्न कार्यक्रमको प्रस्ताव पाना ३ तपसिल अनुसार गत वजेट कार्यक्रममा समावेस कार्यक्रम वजेटमा केही संसोधन गरी स्वीकृती गर्ने न. पा. को  सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार  न. पा. लाई सहमती दिने निर्णय गरियो ।

आज मिति २०६६ साल चैत्र २७ गतेका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय द.

**अन्य उपस्थिती**

१ परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP द.
२ आ.प्र.शाखा प्रमुख श्री सिताराम पोखरेल, रनपा कार्यालय द.
३. योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना, रनपा कार्यलय द.
४. प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, रनपा कार्यालय द.
५. शा.वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, रनपा कार्यालय द.

## निर्णय

निर्णय नं. १: यस रत्ननगर नगरपालिका अन्तर्गत नेपाल सरकार स्थानिय विकास मन्त्रालय जगेडा कोष र स्थानिय उपभोक्ताको लागत साझेदारीमा निर्माण सम्पन्न गर्ने गरी मिति २०६६।१२।५ गते जगेडा कोष संचालन समितिबाट स्वीकृत तपसिलमा उल्लेख भए अनुसारका योजना प्रस्तावहरुको निम्न अनुसार हुने प्रथम किस्ता रकम निकासाको लागि नेपाल सरकार स्थानिय विकास मन्त्रालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिलः**

| सि. नं. | प्रस्ताव नं. | योजनाको विवरण | योजना स्थल | जगेडा कोषबाट व्यहोर्ने स्वीकृत रकम | प्रथम किस्ता रकम |
|---|---|---|---|---|---|
| १ | प्रस्ताव नं. १ | कालोपत्रे सडक निर्माण योजना | रनपा १० र ३ | २४, ६७,०००।- | १७,२६,९००।- |
| २ | प्रस्ताव नं. २ | कालोपत्रे सडक निर्माण योजना | रनपा ३, ८, ११ र १३ | २४,६१,०००।- | १७,२२,७००।- |
| ३ | प्रस्ताव नं. ३ | कालोपत्रे सडक निर्माण योजना | रनपा ८ र १० | २४,९९,०००।- | १७,४९,३००।- |
| | | | **कुल जम्मा रकम रु.** | **७४,२७,०००।-** | **५१,९८,९००।-** |

आज मिति २०६६ साल चैत्र ३१ गतेका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती, रनपा कार्यालय | द. |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल, UEIP | द. |
| २. | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया, रनपा कार्यालय | द. |
| ३. | शा.वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, रनपा कार्यालय | द. |

## निर्णय

निर्णय नं. १: यस रत्ननगर नगरपालिकाले विगत द्वन्द कालमा क्षतिग्रस्त भएको कार्यालय भवन तथा कार्यालय परिसर सुधार गर्ने योजनाको कुल लागत रु. ३१,७६,०७५।८० -एकतीस लाख छैयत्तर हजार पचहत्तर रुपैया पैसा असी मात्र) मध्ये सहुलियत ऋण तर्फ रु. २८,५८,४६८।२२ (अट्ठाईस लाख अन्ठाउन्न हजार चारसय अठसट्ठी रुपैया पैसा बाईस मात्र) बरावर रकम नगरविकास कोषको प्रकृया मुताविक क्रमशः न. पा. बाट भुक्तानी गर्दै जाने गरी योजनाका लागि नगर विकास कोषबाट सहुलियत ऋण लिन न. पा. को सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

निर्णय नं. २: यस रत्ननगर न. पा. ले निर्णय नं १ वमोजिम माग गरेको योजनामा नगर विकास कोषबाट लिईने सहुलियत ऋण तथा अनुदान सम्वन्धित सम्झौता पत्रमा हस्ताक्षर गर्न न.पा. तर्फ बाट न. पा. प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेतीलाई न. पा. को सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ३ यस रत्ननगर न.पा. अन्तर्गत वार्ड नं. ४ मा शहरी तथा वातावरणीय सुधार परियोजना अर्न्तगत संचालित ढल प्रशोधन केन्द्रको (RBTP) प्रभावित क्षेत्रमा रहेका सुकुम्वासीहरुको घर अन्यत्र व्यवस्थित गर्न, मूल्याङ्कनको साथै जमिन व्यवस्थाको लागि सुझाव दिन न. पा. को सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१) संयोजकः श्री त बहादुर विश्वकर्मा ने.क.पा.माले जि.का.समिति चितवन ।
२) सदस्य :श्री कृष्ण प्रसाद सापकोटा ए.ने.क.पा. माओवादी
३) ,, : श्री प्रेमनाथ दुवाडी ने.क.पा. एमाले
४) ,, : श्री गोर्कण प्रसाद अधिकारी रा.प्र.पा. नेपाल
५) सदस्य सचिवः श्री योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना, रत्ननगर न.पा.कार्यालय ।

निर्णय नं. ४ यस रत्ननगर न.पा.को वार्ड नं.१ सौराहा चोकबाट वछौली गा.वि.स.को सौराहा जाने निकुञ्ज मार्ग कालोपत्रे पूनः निर्माण कार्यको लागि कुल प्रस्तावित ल.ई. रु ७४,८९,१९२।- भएकोमा उपभोक्ता समितिले तत्कालिन आवश्यकता समेत लाई मध्यनजर गरी थप कार्य समेत गर्न परेकोले रु ३,३७,७५७ ।५२ पैसा अतिरिक्त थप कार्य भै कुल कार्य सम्पादन गर्नका लागि लाग्ने लागत रु ७८,२६,९४९ ।५२ भएकोमा उपभोक्ता समितिबाट जम्मा हनु पर्ने रकम सम्पूर्ण रुपमा हाल सम्म जम्मा हुन नसकी उ.स.को मिति ०६६।१०।१२ गतेको निर्णय अनुसार त्यस क्षेत्रमा रहेका उपभोक्ताहरु मध्येबाट प्रति मिटर रु २११।४२ का दरले न.पा.बाट एकिकृत सम्पति कर असुल गर्दाका वखत प्राप्त लागत अनुसार उपभोक्ता सहभागिता वापतको रकम असुली गर्ने व्यवस्था न.पा.ले गर्ने र उक्त निर्माण कार्यको लागि भुक्तानी गर्न बाँकी रहेको रु ६,५०,००० ।- र अतिरिक्त काम वापतको रु ३,२९,८१७ ।३४ हाल न.पा.कोषवाट भुक्तानी गर्न न.पा.ले आवश्यक व्यवस्था गर्ने साथै त्यस सडकको वाँकी खण्डको निर्माण कार्य संचालन गर्नु पूर्व हाल समेतको जनसहभागिता वापतको रकम नउठेका कारणले कठिनाई सृजना हुने हुदाँ सो समेतको जानकारी गराई उक्त बाँकी निर्माण कार्य गर्न नसकिने व्यहोरा समेत जानकारी गराउने न. पा. को सर्वदलिय समन्वय संयन्त्रको सहमती अनुसार निर्णय गरियो ।

आज मिति २०६७ साल वैशाख ९ गतेका दिन यस रत्ननगर नगरपालिकाको वोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री राम कृष्ण उप्रेती | द. |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| १ | परियोजना व्यवस्थापक ई. श्री शिवराज पौडेल | द. |
| २. | प्रशासन शाखा प्रमुख श्री लक्ष्मी प्रसाद थपलिया | द. |
| ३. | नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सीना | द. |

**निर्णय**

निर्णय नं. १: स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ को परिच्छेद ८ को नियम १४३ बमोजिम आ. व. ०६८।६९ मा नगरपरिषदको निर्णय अनुसार विज्ञापन कर असुली गर्ने नीति अनुरुप नीजि संस्थालाई विज्ञापन कर असुलीको लागि मिति २०६८।१२।२८ को न. पा. बोर्ड बैठको निर्णय अनुसार रुट्स एडभरटाईजिङ्ग, काठमाण्डौं नामक संस्थालाई आ. व. २०६८।६९ देखि ५ वर्षदेखिको लागि पहिलो वर्ष रु. ५०,०००।- (पचास हजार मात्र) र दोश्रो वर्षदेखि १०% का दरले बृद्धि हुने गरी न. पा. लाई कर बुझाउने गरी विज्ञापन कर उठाउन ईजाजत दिईएकोमा उक्त संस्थाले सम्झौताको पालना नगरी आ. व. २०६९।७० को समाप्ति तथा २०७०।७१ को भाद्रसम्म पनि अघिल्लो वर्षको दोश्रो किस्ता रकम दाखिला नगरेको र न. पा. बाट सम्पर्कका लागि पत्राचार हुँदा समेत सम्पर्कमा नआएकाले उक्त संस्थासंग भएको सम्झौता खारेज गरी पुनः सूचना आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. २: यस नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका उद्योग, कलकारखाना, नीजि संघ संस्था, विभिन्न व्यवसायीहरुसंग घर दैलोमा गई व्यवसायकर उठाउने न. पा. को नीति अनुरुप कर उपशाखा प्रमुखको नेतृत्वमा टोली बनाई व्यवसाय कर असुलीका लागि पठाईएकोमा सो टोलीले वडा नं. १, ७ र ८ बाट रु.६,०५,४००।- (छ लाख पाँच हजार चारसय मात्र) असुली गरी राजश्व बृद्धि गरेकोले कर्मचारीको मनोवल उच्च राख्न उक्त टोलीमा खटिएका कर्मचारीहरुलाई जम्मा उठेको रकमको १०% अर्थात एकमुष्ठ रु. ६०,०००।- (साठी हजार मात्र) रकम प्रोत्साहन स्वरुप उपलव्ध गराउने र आगामी घरदैलो कार्यक्रमलाई निरन्तरता दिई आन्तरिक आय (राजश्व) बृद्धि गराउन टोली परिचालन गर्ने निर्णय गरियो ।

निर्णयनं. ३: शुभ विजयादशमी २०७० को पावन अवसरमा रत्ननगर न. पा. वडा नं. ९ मा अवस्थित रत्ननगरकै ऐतिहासिक एवं पौराणिक मन्दिरको रुपमा परिचित **“पंचकन्या देवी मन्दिर”** को रंगरोगन कार्यका लागि यस आ. व. को संघ संस्था लागत साझेदारी शिर्षकबाट व्यय हुने गरी रु. १५,०००।- (पन्ध्र हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट सहभागिता जनाउने निर्णय गरियो ।

निर्णय नं. ४: महिला शशक्तिकरण तथा परिवर्तनशील संस्था, नेपालद्धारा लैंगिक हिंसा/विभेद न्यूनिकरणका लागि सचेतना प्रशिक्षण कार्यक्रम संचालनका लागि लागत साझेदारीमा कार्यक्रम संचालन गर्न प्रस्ताव पेश भएकोमा न. पा. को तर्फबाट यस आ. व. को विभिन्न संघ संस्था लागत साझेदारी शिर्षक अन्तर्गत व्यय हुने गरी रु. ३०,०००।- (तीस हजार मात्र) उपलव्ध गराई सहभागिता जनाउने निर्णय गरियो ।

निर्णय नं. ५: मुनाल स्पोर्टस एण्ड वेयलफेयर क्लव, पिठुवाको विजयादशमीको उपलक्ष्यमा जिल्ला स्तरिय व्याडमिन्टन प्रतियोगिता संचालानार्थ लागत साझेदारी स्वरुप यूवा तथा खेलकूद शिर्षकबाट व्यय हुने गरी न. पा. को तर्फबाट रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६: साहित्यकार श्री केशवराज आमोदीको ‘बहर बाटिका’ र गिरीधारी घिमिरे विशिष्टको ‘कतै रोदन कतै हाँसो’ नामक गजल तथा कविता संग्रह प्रकाशन सहयोगार्थ न. पा. को साहित्य श्रष्टा सम्मान कार्यक्रमबाट व्यय हुने गरी रु. १०,०००।- का दरले जम्मा रु. २०,०००।- (बीस हजार मात्र) सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७० साल आश्विन १५ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, | रनपा कार्यालय | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | नेपाल नगरपालिका कर्मचारी एसोसियसन, इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |

**निर्णय:**

निर्णय नं. १: यस रत्ननगर न. पा. ले आ. व. ०७०।७१ को लागि जिल्ला दररेट निर्धारण समितिले पारित गरेको निर्माण सामाग्री एवं कामदारको मजदुरी ज्याला अनुसार नेपाल सरकारको स्वीकृत नर्म्स भित्र रही तयार गरेको दर विश्लेषण तालिका अनुसारको निर्माण कार्यको दरलाई स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २: यस रत्ननगर न. पा. ले आ. व. ०७०।७१ को लागि तयार गरेको भौतिक निर्माण कार्यहरुको वार्षिक कार्य संचालन तालिका तथा वार्षिक खरिद योजना स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: आ.व. २०६९।७० को मिति २०७०।६।३ गते भएको सामाजिक परिक्षण सम्पन्न प्रतिवेदन बोर्ड बैठक मार्फत आगामी नगर परिषद बैठकमा अनुमोदनका लागि पेश गर्ने साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा १(एक) प्रति पठाउने निर्णय गरियो ।

निर्णय नं. ४: यस न. पा. को आ. व. २०७०।७१ को संघ संस्था पूर्वाधार शिर्षकमा विनियोजित रकम मध्ये रु.१०,०००।- (दश हजार मात्र) कंचन टोल विकास संस्था मिलिजुली चोकमा रहेको प्रतिक्षालय रंगरोगनका लागि निकासा दिने निर्णय गरियो ।

निर्णय नं. ५: यस न. पा. को आ. व. २०७०।७१ को संघ संस्था पूर्वाधार शिर्षकमा विनियोजित रकम मध्येबाट रु. २०,०००।- (बीस हजार मात्र) लोक संस्कृति जर्गेना समाज रत्ननगर १२ लौरीघोलमा रहेको कामाख्या देवी शिवालय मन्दिर तथा कम्पाउण्ड परिसर रंगरोगन गर्न निकासा दिने निर्णय गरियो ।

निर्णय नं. ६: यस न. पा. को वडा नं. १ को वडाबजेट वडा सेवाकेन्द्र निर्माणमा विगत आ. व. देखि नै खर्च हुँदै आएकाले वडा अन्तर्गतका भित्री सडक ग्रावेल मर्मत गर्ने कार्य नभएको र टोलहरुको व्यापक माग तथा वडाको सिफारिसबाट रत्ननगर १, बकुलहर थारु गाउँ तथा आनन्दनगर टोल अन्तर्गतका भित्री सडक ग्रावेल कार्य विविध आकस्मिक योजना शिर्षकबाट खर्च गर्ने गरी निर्माण सम्पन्न गर्ने निर्णय गरियो।

निर्णय नं. ७: रत्ननगर न. पा. वडा नं. ५, बाघमारा स्थित रहेको श्री सिद्धईच्छाकामना मन्दिरको भवन रंगरोगन कार्यका लागि विभिन्न संघ संस्था पूर्वाधार विकास कार्यक्रमबाट खर्च हुने गरी रु. १५,०००।- (पन्ध्र हजार मात्र) उपलब्ध गराई सहयोग गर्ने निर्णय गरियो ।

आज मिति २०७० साल आश्विन १६ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, | रनपा कार्यालय | द |
| | **अन्य उपस्थिती:** | | |
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, ,, | द |
| ७ | नेपाल नगरपालिका कर्मचारी एसोसियसन, इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | द |

**निर्णयः**

निर्णय नं. १: गुंजनगर गाविस वडा नं. ५ निवासी दृष्टिविहिनद्धय श्री गोविन्द अर्याल (क्यालेण्डर/कम्प्यूटर बाबु) र श्री कालीदास काका नेपालीलाई दयनिय आर्थिक अवस्थाको कारण कष्टकर जीवनयापनमा सहायता स्वरुप न. पा. को आ. व. २०७०।७१ को असहाय सहायता तथा उपचार कोष शिर्षकबाट व्यहोरिने गरी रु. ५,०००।- का दरले जम्मा रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराई सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. २: विश्व हिन्दु महासंघ जिल्ला कार्य समिति चितवनको आयोजनामा मिति २०७० आश्विन २२ गते हुने कार्यक्रममा सहयोगार्थ कला तथा संस्कृति संरक्षण शिर्षकबाट रु. ५,०००।- (पाँच हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट सहभागिता जनाउने निर्णय गरियो ।

निर्णय नं. ३: रत्ननगर न. पा. वडा नं. ६ निवासी एकल महिला श्री सविता महतोको छोरा ईश्वर महतो सुस्त मनस्थितीको भएकोले उपचारार्थ सहयोग पाउँ भनी निवेदन पेश भएकोमा असहाय उपचार तथा सहायता कोषबाट खर्च हुने गरी रु. २,५००।-(दुई हजार पाँच सय मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४: मिलिजुली टोल विकास संस्था, रत्ननगर १ को पत्रानुसार विजयादशमीको उपलक्ष्यमा नकाउट क्रिकेट प्रतियोगितामा सहयोगार्थ न. पा. को तर्फबाट रु. २,५००।- (दुई हजार पाँच सय मात्र) यूवा तथा खेलकूद शिर्षकबाट व्ययभार हुने गरी उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५: श्री पंचकन्या सामुदायिक वन उपभोक्ता समुह, रत्ननगरको मिति २०७०।५।७ को पत्रानुसार कलेज अफ मेडिकल साईन्सेस टिचिङ्ग हस्पिटल, भरतपुरको प्राविधि सहयोग तथा रत्ननगर न. पा. को सह-आयोजना र पंचकन्या सामुदायिक वनको आयोजनामा सम्पन्न निःशुल्क स्वाास्थ्य शिविर २०७० का लागि नगरपालिकाको तर्फबाट रु. ८,५००।- (आठ हजार पाँच सय मात्र) उपलव्ध गराई सहभागिता जनाउने निर्णय गरियो ।

आज मिति २०७० साल आश्विन १७ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय

**अन्य उपस्थिती:**

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल ,, ,,

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, ,, ,,

४ सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, ,, ,,

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, ,, ,,

६ राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे ,, ,,

७ ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल

## निर्णयः

निर्णय नं. १:

यस नगरपालिकाको विद्यमान कर्मचारी दरवन्दीलाई समसामयिक, बैज्ञानिक एवं कार्यबोझ तथा कर्मचारीको बृत्ति विकासको समेत सम्भावना रहने गरी कुल दरवन्दी संख्यामा नबढ्ने गरी निम्नानुसार दरवन्दी पुनः संरचना गरी लागु गर्न आगामी नगरपरिषद (आ.व. ०७१।७२) समक्ष स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।


तपसिल:

# रत्ननगर नगरपालिका कार्यालय
## रत्ननगर, चितवन

**दरवन्दि पुन: संरचना प्रस्ताव (आगामी नगर परिषद समक्ष पेश गर्ने प्रयोजनको लागि)**

| सि. नं. | श्रेणी | पद | सेवा | स्वीकृत दरवन्दि साधारण | | पदपूर्ति | | | रिक्त | प्रस्तावित दरवन्दि | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साधारण | विशेष | साधारण | विशेष | करार । ज्यालादारी | | हाल | समायोजन पछि कायम हुने अन्तिम दरवन्दि | |
| १ | अधिकृतस्तर छैठौं तह | लेखा अधिकृत | प्र./लेखा | १ | १ | – | १ | – | १ | १ | १ | |
| | | आन्तरिक लेखापरिक्षक अधिकृत | प्र./लेखा | – | – | – | – | – | – | – | १ | आन्तरिक आय १ करोडभन्दा माथि भएमा अधिकृतस्तरको आलेप व्यवस्था हुनुपर्ने |
| | | ईन्जिनियर | प्रा. | १ | १ | – | १ | – | १ | १ | २ | |
| २ | सहायकस्तर पाचौं तह | लेखापाल | प्र./लेखा | २ | – | – | – | – | २ | – | १ | |
| | | आन्तरिक लेखापरिक्षक | प्र./लेखा | १ | – | – | – | – | १ | – | १ | |
| | | नायव सुव्वा | प्र. | १ | ५ | – | ५ | – | १ | ५ | १० | |
| | | नायव सुव्वा (कानून) | न्याय/प्र | – | – | – | – | – | – | – | १ | |
| | | सामुदायिक विकास परिचालक | प्र. | १ | – | – | – | – | १ | – | १ | |
| | | सव ईन्जिनियर | प्रा. | २ | १ | _ | १ | _ | २ | १ | ३ | |
| | | कम्प्यूटर अप्रेटर | प्रा. | १ | – | – | – | – | १ | – | १ | |
| ३ | सहायकस्तर चौथों तह | खरिदार | प्र. | १५ | – | १३ | – | १ | २ | १४ | ९ | |
| | | सह लेखापाल | प्र./लेखा | १ | – | – | – | – | १ | – | – | |
| | | सामुदायिक विकास सहायक | प्र. | १ | – | १ | – | – | – | १ | १ | |
| | | कम्प्यूटर सहायक | प्रा. | १ | – | १ | – | – | – | १ | १ | |
| | | अमिन | प्रा. | १ | – | – | – | १ | १ | १ | १ | |
| | | समुदाय परिचालक | प्र. | ३ | – | – | – | ३ | ३ | ३ | ३ | |
| ४ | सहायकस्तर तेश्रो तह | विजुली मिस्त्री | प्रा. | ३ | – | २ | – | १ | १ | ३ | ३ | |
| | | फिल्ड सहायक | प्र. | २ | – | – | – | २ | २ | २ | १ | |
| ५ | श्रेणी विहिन | सवारी चालक | प्रा. | ६ | – | ३ | – | ३ | ३ | ६ | ६ | |
| | | नगरप्रहरी (हवल्दार) | प्र. | १ | – | – | – | – | १ | – | १ | |
| | | नगरप्रहरी (सिपाही) | प्र. | ५ | – | ३ | – | २ | २ | ५ | ५ | |
| | | दमक्ल कर्मचारी (फायरमेन) | प्र. | – | – | – | – | – | – | – | ४ | |
| | | सहयोगी कर्मचारी | प्र. | १० | – | ५ | – | ५ | ५ | १० | १० | |
| | | स्वीपर | प्र. | १५ | – | ८ | – | ७ | ७ | १५ | १५ | |
| | | | | ७४ | ८ | ३६ | ८ | २५ | ३८ | ६९ | ८२ | |
| | | | **साविक दरवन्दि ८२** | | | **कार्यरत ६९** | | | | **हाल कार्यरत** | **संसोधित दरवन्दि ८२** | |

रत्ननगर नगरपालिकाको प्रस्तावित सांगठनिक ढाँचा (आगामी नगर परिषद समक्ष पेश गर्ने प्रयोजनको लागि)



आज मिति २०७० साल आश्विन २१ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |

**निर्णयः**

निर्णय नं. १:

रोटरी क्लव अफ रत्ननगरलाई सार्वजनिक शौचालय निर्माण परियोजनाका लागि रु. २,००,०००।- (दुई लाख मात्र) खुल्ला दिशामुक्त कार्यक्रम शिर्षकबाट उपलब्ध गराई न. पा. को तर्फबाट सहभागिता जनाउने निर्णय गरियो ।

निर्णय नं. २:

सामुदायिक सेवाकेन्द्र रत्ननगर २ को भवन निर्माण तथा नारी जागरण केन्द्र रत्ननगर ३ को भवन निर्माणार्थ सामुदायिक भवन निर्माण कार्यक्रम शिर्षकबाट क्रमशः रु. २,००,०००।- (दुई लाख मात्र) र रु. २,२५,०००।- (दुई लाख पच्चीस हजार मात्र) हाललाई उपलब्ध गराउने र आगामी दिनमा समेत निरन्तरता दिदैं जाने निर्णय गरियो ।

निर्णय नं. ३:

शिवालय टोल र नमुना टोल रत्ननगर २ मा सोलार बत्ती विकासका लागि रु. ५०,०००।- (पचास हजार मात्र) विधुत विस्तार कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०७० साल आश्विन २२ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय

**अन्य उपस्थिती:**

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल ,, ,,

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, ,, ,,

४ सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, ,, ,,

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, ,, ,,

६ राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे ,, ,,

७ ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल

**निर्णय:**

निर्णय नं. १:

यस नगरपालिकाको अमिन पदमा कार्यरत बलराम बहादुर राउत मिति २०६८।०१।१८ मा अनिवार्य अवकाश भएपछि अर्को व्यवस्था नहुँदासम्म निजलाई नै सेवा करार गरी काममा लगाउँदै आएकोमा पछिल्लो समयमा यस नगर क्षेत्रमा घर नक्सापास संख्या अत्याधिक रुपमा बृद्धि हुंदा अमिनको कार्यबोझ बढ्नुका साथै निज करारमा कार्यरत अमिनले उमेरको कारण समेत विद्यमान कार्यबोझ धान्न गाह्रो भईरहेकोले खुल्ला प्रतियोगिताबाट यस न. पा मा रहेको एक मात्र अमिन रिक्त पद समेत पदपूर्ति गर्न सूचना प्रकाशित भएकोमा यस न. पा. को अन्य पदहरु पदपूर्ति प्रकृया अगाडि बढाउने क्रममा पदपूर्ति समितिबाट प्रतिशत निर्धारण हुँदा उक्त अमिन पद नै भूलवस समावेस हुन नसकेको तर उक्त पद न. पा. को प्रमुख काम सार्वजनिक जग्गाको साँध, सिमाना छुट्‌याउने, घर नक्सापास लगायतका अत्यन्त महत्वपूर्ण कार्यमा बाधा पर्ने भएकाले अन्य पदहरुसंगैं पदपूर्ति प्रकृया अगाडि बढाउनु पर्ने भई न. पा. द्धारा विज्ञापन भएको अमिन पद १ खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति हुने गरी प्रतिशत निर्धारण गरि अनुमोदन गरिदिन पदपूर्ति समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

यस नगरपालिकामा विगत लामो समयदेखि रिक्त रहेका प्रशासनिक एवं प्राविधिक (स्थानीय स्वायत्त शासन नियमावलि २०५६ पांचौ संशोधन २०६९ को दफा २१३ वमोजिम सीमित प्रतियोगिता वाट पदपूर्ति हुने समेत) पदहरु यस न.पाको अनुरोध अनुसार पदपूर्ति गर्न पदपूर्ति समितिबाट प्रतिशत निर्धारण भई पदपूर्ति प्रकृया अगाडि बढाईएकोमा सीमित प्रतियोगिता तर्फ पदपूर्ति प्रकृया अघि नबढाउन सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश, स्थानीय राजनैतिक दलको ध्यानाकर्षण, कार्यालयका कर्मचारीहरु बीचको सीमित प्रतियोगिता र नियमित पदपूर्ति सगंसगैं गर्ने/नगर्ने भन्ने मतान्तर लगायतका कारण पदपूर्ति प्रकृया थप अघि बढ्न नसकेको सन्दर्भमा नगरपालिकाको विद्यमान दरवन्दी संरचना अनुसार बृत्ति विकास (बढुवा) हुनसक्ने माथिल्लो दरवन्दी संख्या अत्यन्त न्यून रहँदा कर्मचारीको बढुवाको अवसरको तिव्र माग एवं चाहना, नगरपालिकाको विद्यमान कार्यबोझ अनुसार तत्काल पदपूर्ति नगर्दा न. पा. को कार्यसम्पादनमा बाधा पुग्ने पदहरु पदपूर्ति नगरी नहुने अवस्था समेतलाई मध्यनजर गरी न. पा. को विद्यमान आन्तरिक श्रोत, आसन्न निर्वाचन, कर्मचारी यूनियन एवं सर्वपक्षिय भेलाको राय समेतलाई ध्यानमा राख्दै न. पा. को रिक्त पदहरु मध्ये खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न प्रकृयागत समय केही बढी लाग्ने हुनाले चाडोभन्दा चाडो पदपूर्ति गर्न जरुरी देखिएको अमिन -१, लेखापाल-१ पदपूर्ति प्रकृया तत्काल अघि बढाई बाँकी खुल्ला तर्फ प्रतिशत निर्धारण भएका पदहरु एवं अन्य आवश्यक पदहरु न. पा. को आन्तरिक श्रोत बृद्धि गर्न विशेष पहल गर्दै आसन्न निर्वाचन कार्यक्रम सम्पन्न हुनासाथ विज्ञापन प्रकाशित लगायतको पदपूर्ति प्रकृया अघि बढाउने न. पा. को आन्तरिक तयारी र मनसायका साथ केही पदहरु खुल्ला एवं कार्यक्षमताको आधारमा पदपूर्तिको लागि विज्ञापन प्रकाशन भएकोमा न.पा को अनुरोधमा निर्वाचन आयोग र स्थानीय विकास मन्त्रालयवाट प्राप्त सहमती पत्र अनुसार थप प्रकृया अघि वढाउन पदपूर्ति समितिको बैठक बसी पदपूर्ति प्रकृया र यसको कार्यान्वयन बारे छलफल हुँदा यस प्रकृयालाई अलि बढी गम्भीर ढंगले गृहकार्य गरी एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र लोकसेवा आयोग संग थप मार्गदर्शन एवं राय प्राप्त गरेर मात्र पदपूर्ति प्रकृया बढाउन उपयुक्त हुने सल्लाह प्राप्त भएकाले न. पा. को विद्यमान दरवन्दि संरचना र संख्या, न. पा. को कार्य प्रकृति, कार्यबोझ एवं रिक्त दरवन्दी र यसले कार्यसम्पादनमा पारेको असर,न. पा.को आन्तरिक श्रोत, पदपूर्ति सम्वन्धमा हालसम्म भएको प्रगति विवरण, आगामि नगर परिषद समक्ष पेश गर्ने प्रयोजनको लागि तयार गरिएको प्रस्तावित दरवन्दी र संगठन संरचनाको विवरण समेत संलग्न राखि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र लोकसेवा आयोग समक्ष थप मार्गदर्शन एवं राय माग गरी प्राप्त राय अनुसार पदपूर्ति प्रकृया अघि बढाउने निर्णय गरियो ।

आज मिति २०७० साल आश्विन २४ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय

**अन्य उपस्थिती:**

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल ,, ,,

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, ,, ,,

४ सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, ,, ,,

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, ,, ,,

६ राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे ,, ,,

७ ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल

## निर्णयः

निर्णय नं. १:

यस नगरपालिकाको आन्तरीक श्रोत तर्फ विज्ञापन कर ठेक्काको माध्यमबाट अशुल गर्दै आएकोमा आ.व. २०६८/०६९ देखी ५ वर्षको लागि काठमाण्डौ स्थित रुट्स एडभरटाईजिङ्ग नामक संस्थासंग न.पा.बाट सम्झौता गरी पहिलो वर्षको लागि रु ५०,०००।- त्यस पछिका वर्षहरुमा वार्षिक १० प्रतिशतका दरले ठेक्का रकम वृद्धी गर्ने गरी न.पा. लाई बुझाउने गरी उक्त कम्पनीसंग सम्झौता भएकोमा सम्झौता भए बमोजिम पहिलो वर्षको रकम रु ५०,०००।- र दोश्रो वर्षको पहिलो किस्ता रु २७,५००।- बुझाई दोश्रो वर्षको अन्तिम किस्ता र तेश्रो वर्षको पहिलो किस्ता समेत सम्झौता भए बमोजिम निर्धारीत सबै रकम निर्धारण गरेको समय अवधि भित्र जम्मा नगरी सम्झौता उल्लंघन गरेको हुंदा निजलाई पटक पटक मौखिक ताकेता गर्दा समेत सम्पर्कमा नआएकोले ७(सात) दिनको म्याद दिई अन्तिम पटक लिखित रुपमा सम्झौता बमोजिमको रकम जम्मा नगरेको सन्दर्भमा जानकारी माग्दा समेत निज सम्पर्कमा नआएको हुंदा मिति २०६९/०१/२६ मा न.पा. द्धारा उक्त कम्पनीसंग भएको विज्ञापन कर संकलन गर्न दिने गरी भएको सम्झौता खारेज गरिएको सन्दर्भमा उक्त संस्थासंग सम्झौता खारेज भएपछी उक्त शिर्षकबाट कर उठाउन अन्य वैकल्पीक व्यवस्था गर्न जरुरी देखिएको एवं यस शिर्षकमा आ.व. २०७०/०७१ को लागि रु ५०,०००।- लक्ष्य रहेको हुंदा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम १६७ को उप नियम ४(ग) बमोजिम आ.व. २०७०/०७१ को लागि सोही शिर्षकमा लक्षित राजश्व एवं यस अघिको कम्पनिसंग गरिएको पहिलो वर्षमा सम्झौता भन्दा वार्षिक रु १६,०००।- ले बढी कुल रु ६६,०००।- त्यस पछीको वर्ष अघिल्लो वर्षको ठेक्का रकमको १० प्रतिशतले बृद्धी गरी बुझाउन आपसी वार्ताद्धारा मञ्जुर गर्ने छँया एडभरटाईजिङ्ग, विराटनगरलाई आ.व. २०७०/०७१ देखी बढीमा ३ वर्षका लागि नगर परिषदबाट पारित दररेट अनुसार विज्ञापन कर अशुली गरी पहिलो वर्ष पुरै रकम सम्झौता हुनासाथ र त्यस पछिको वर्षहरुमा प्रत्येक आ.व. को श्रावणमसान्त भित्रमा ५० प्रतिशत र सोही आ.व. को आषाढ मसान्तभित्र बांकी रकम बुझाउने सम्झौता गरी उक्त संस्थालाई विज्ञापन कर अशुल गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. २: नेपाल स्काउटले लामो समयपछि यस नगरपालिकाको टिकौली चौरमा २०७० वैशाखमा आयोजना भएको स्काउट जेम्वोरी कार्यक्रममा पाल्नु भएका १६८ जना राष्ट्रिय एवं अन्तराष्ट्रिय पाहुनाहरुलाई एक दिनको बेलुकीको खाना यस नगरपालिकाको तर्फबाट खुवाउने जेम्वोरी आयोजक समितिबाट अनुरोध भैआएकाले यस नगर क्षेत्रमा भएको अन्तराष्ट्रियस्तरको राष्ट्रिय महत्वको कार्यक्रम भएकाले पाहुनाहरुलाई खुवाएको बेलुकीको खाना वापतको रु. ६७,२०३।- (सतसठ्ठी हजार दुईसय तीन रुपैया मात्र) नेपाल स्काउट चितवन शाखाको अनुरोध वमोजिम होटल स्टार बैंक्वट प्रा. लि., रत्ननगर १ लाई भुक्तानी दिने निर्णय गरियो ।

आज मिति २०७० साल कार्तिक १२ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय

**अन्य उपस्थिती:**

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल ,, ,,

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, ,, ,,

४ सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, ,, ,,

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, ,, ,,

६ राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे ,, ,,

७ ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल

**निर्णय:**

**निर्णय नं. १:**

यस रत्ननगर न. पा. ले आ. व. ०७०।७१ को सडक बोर्ड नेपाल, न. पा. तथा स्थानीय उपभोक्ता समेतको लागत साझेदारी रहने गरी तयार भएको नगरभित्रका विभिन्न चालु सडक पटके मर्मत योजनाको तपसिल अनुसारको कुल लागत मध्ये देहायको दायित्व रहने गरी तयार भएको वार्षिक सडक मर्मत कार्यक्रम सहमतिका लागि सडक बोर्ड नेपालमा पठाउने निर्णय गरियो ।

**तपसिल:**

| क्र. सं. | योजनाको विवरण | ठेगाना | योजनाको प्रस्तावित लागत (रु.) (भ्याट, ओभरहेड बाहेक) | प्रस्तावित लागत दायित्व | | |
|---|---|---|---|---|---|---|
| | | | | सडक बोर्ड नेपाल | नगरपालिका | उपभोक्ता |
| १ | भानुचोकदेखि-सालघारीचोक जोड्ने कालोपत्रे सडक मर्मत योजना | रत्ननगर ८/९ | ३४,२५,६०२।- | १९,१८,०००।- | ८,२२,०००।- | ६,८५,०००।- |
| २ | शान्तिचोकबाट पिठुवा जोड्ने कालिका मार्ग कालोपत्रे मर्मत योजना | रत्ननगर ३ | १२।७७,८२२।- | ७,१५,०००।- | ३,०७,०००।- | २,५६,०००।- |
| ३ | रत्ननगर न. पा. वडा नं. ७ का मुख्य कालोपत्रे सडक मर्मत योजना | रत्ननगर ७ | १७,२६,०१६।८० | ९,६७,०००।- | ४,१४,०००।- | ३,४५,०००।- |
| | **जम्मा लागत (रु.)** | | **६४,२९,४४०।८०** | **३६,००,०००।-** | **१५,४३,०००।-** | **१२,८६,०००।-** |
| | **कन्टेन्जेन्सी रकम ३0% (न.पा.ले व्यहोर्ने)** | | **१,९२,८८३।२२** | | | |
| | **कुल जम्मा लागत (रु.)** | | **६६,२२,३२४।०२** | | | |
| | **(अक्षेरुपी- छैसठ्ठी लाख बाईस हजार तीनसय चौविस रुपैया दुई पैसा मात्र)** | | | | | |

**निर्णय नं. २:**

यस रत्ननगर न. पा. ले आ. व. ०७०।७१ को स्थानीय विकास मन्त्रालय (जगेडाकोष), न.पा. तथा स्थानीय उपभोक्ता समेतको लागत सहभागिता रहने गरी तयार भएको विभिन्न प्रस्तावहरुको तपसिल अनुसारको लागत अनुमान तयार हुन आएकोले सो योजना प्रस्ताव स्वीकृतिका लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालय, स्थानीय विकास शुल्क कोष संचालन समिति समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल:</u>

| सि. नं. | योजना प्रस्ताव नं. | योजनाको नाम | ठेगाना | कुल लागत रकम (रु.) | प्रस्तावित सहभागितात्मक दायित्व | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | जगेडाकोष | न. पा. | उपभोक्ता |
| १ | प्रस्ताव नं. १ आ.व.०७०।७१ | दमकल खरिद गर्ने योजना | रत्ननगर न.पा. | ७०,००,०००।- | ६३,००,०००।- | ७,००,०००।- | - |
| २ | प्रस्ताव नं. २ आ.व.०७०।७१ | कालोपत्रे सडक पुर्न:निर्माण तथा विस्तार योजना | रत्ननगर ५, चित्रसेनमार्ग | २९,९०,९८२।- | १४,९५,४९१।- | ५,९८,१९६।४० | ८,९७,२९४।६० |
| ३ | प्रस्ताव नं. ३ आ.व.०७०।७१ | कालोपत्रे सडक निर्माण योजना | पंचकन्यामार्ग रत्ननगर ९ | ४९,९९,७६२।५० | २४,९९,८८१।२५ | - | २४,९९,८८१।२५ |
| ४ | प्रस्ताव नं. ४ आ.व.०७०।७१ | कालोपत्रे सडक पुर्न:निर्माण तथा विस्तार योजना | रत्ननगर १३, बकुलहर जयंगला हुँदै जमुनापुर जाड्ने सडक | ४९,९७,४००।३६ | २४,९८,७००।१८ | ९,९९,४८०।०७ | १४,९९,२२०।११ |
| | **कुल जम्मा रकम (रु.)** | | | **१,९९,८८,१४४।८६** | **१,२७,९४,०७२।४३** | **२२,९७,६७६।४७** | **४८,९६,३९५।९६** |

**<u>निर्णय नं. ३:</u>**

यस न. पा. ले आ. व. ०७०।७१ को विविध आकस्मिक योजनाबाट तपसिल अनुसारको सडक मर्मत कार्यको निम्नानुसार रकम भुक्तानी दिने निर्णय गरियो ।

<u>तपसिल:</u>

१. कृष्णमन्दिरबाट चिसापानी हुँदै वटर पुल जोड्ने ग्रावेल सडक मर्मत योजना, रत्ननगर ८, ९ र १० रु. ७९,८००।-
(अक्षेरुपी- उनासी हजार आठसय मात्र)

२ शिवालय टोल पदम मार्ग ग्रावेल मर्मत योजना रु. ४२,०००।-
(अक्षेरुपी- बयालीस हजार मात्र)

३ नविन चोकबाट भिमबहादुर चोक जोड्ने सडक खाल्टाखुल्टी पुर्ने योजना, रत्ननगर १२ रु. ५२,०००।-
(अक्षेरुपी- बाउन्न हजार मात्र)

४ जयमंगलाबाट जिरौना पदमपुर तथा जयमंगला खोलेसिमल जोड्ने कालोपत्रे सडक, खाल्टाखुल्टी पुर्ने योजना रु. २२,५००।-
(अक्षेरुपी- बाईस हजार पाँचसय मात्र)

**<u>निर्णय नं. ४:</u>**

यस न. पा. ले रत्ननगर ३ र छिमेकी बछ्यौली तथा कुमरोज गाविस जोड्ने वेल्सी सेती चुरोट सडकको फसेर्नी घाटमा अस्थाई वेली व्रिज निर्माण गर्न अत्यावश्यक भएकोले सो कार्यका लागि न. पा. को तर्फबाट विविध आकस्मिक योजना शिर्षकबाट रु. ३,२९,७२२।- (तीन लाख उनन्तीस हजार सातसय बाईस) साझेदारी गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५:</u>**

रत्ननगर ३ स्थित शान्तिज्योति यूवा क्लवले वडादशैं २०७० को पावन अवसरमा दुर्गा पुजा तथा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न गरेकोले माग वमोजिम न. पा. को कला तथा संस्कृति शिर्षकबाट व्यय हुने गरी रु. ८,०००।- (आठ हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७० साल मंसीर १७ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, ,, | ,, | द | |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | द | |
| ८ | सूचना अधिकारी श्री लिलानाथ अर्यालय | | | द |
| ९ | राजश्व सहायक श्री पुष्पराज आचार्य | | द | |

**निर्णय:**

**निर्णय नं. १:**

मिति २०७०।०७।२९ गते रत्ननगर न. पा. को आ. व. २०७०।७१ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको प्राप्त प्रतिवेदन उपर समिक्षा गरियो । साथै सहभागीहरुबाट प्राप्त राय, सुझाव र सल्लाहलाई न. पा. को नीति तथा बजेट कार्यक्रम मार्फत क्रमशः कार्यान्वयन गर्दै जाने एवं न. पा. बाट व्यक्त प्रतिवद्धतालाई समेत कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस रत्ननगर नगरपालिका कार्यालयको र यस अन्तर्गत संचालित योजना एवं कार्यक्रम लगायत विभिन्न कोषहरुको आ. व. २०६९।७० को अन्तिम लेखा परिक्षण गर्न रजिष्ट्रर लेखा परिक्षकको आशय पत्र माग भएकोमा प्राप्त आशय पत्र मध्येबाट विभिन्न मापदण्ड (पर्याप्त समय दिनसक्ने तथा कार्य अनुभव आदि) का आधारमा एस. के. एसोसियट्स (लेखापरिक्षक लेखराज सापकोटा) लाई आ. व. २०६९।७० को अन्तिम लेखा परिक्षकमा नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस न. पा. को रत्ननगर २ मा रहेको रहमानिया जामे मस्जिदलाई रु. ३०,०००।- (तीस हजार मात्र) बराबरको कार्यालय सामाग्री खरिदका लागि संघ संस्था पूर्वाधार शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस रत्ननगर न. पा. को वडा नं. ३ मा रहेको सिद्धी गणेश मन्दिर परिसर निर्माणाधिन धर्मशाला एवं बहुआयामिक सामुदायिक भवनलाई न. पा. को तर्फबाट रु. १,००,०००।-(एक लाख मात्र) लागत साझेदारी अन्तर्गत यस आ. व. ०७०।७१ को संघ/संस्था पूर्वाधार कार्यक्रमबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

यस न. पा. को रत्ननगर १, बकुलहरमा रहेको ुर्गा मन्दिरलाई रंगरोगन गर्न रु. १०,०००।-(दश हजार मात्र) लागत साझेदारी अन्तर्गत संघ/संस्था पूर्वाधान सहयोगबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

चितवन चलचित्र कलाकार संघ, रत्ननगर चितवनको मिति २०७०।५।११ को चितवन आईडल गायन प्रतियोगिताको लागि न. पा. को कला तथा संस्कृति शिर्षकबाट रु. ३०,०००।- (तीस हजार मात्र) उपलव्ध गराई न. पा. को तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

जागृती टोल विकास संस्था रत्ननगर १ निवासी भरत गिरीलाई पक्षघात भई हातखुट्टा नचल्ने अपांग भएको र निजको घरायसी आर्थिक अवस्था अत्यन्त दयनिय भएको कारण असहाय तथा गरिव सहयोग शिर्षकबाट रु. ३,०००।- (तीन हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८:**

यस रत्ननगर न. पा. को १८ औं नगर परिषद बैठक मिति २०७० पौष २२ गते बस्ने र सो को तयारीका लागि वडाभेला सहितको व्यापक गृहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

यस न. पा. ले विगतदेखि फोहोर मैला व्यवस्थापन गर्दै आएको पंचकन्या सामुदायिक वनको अति प्रभाव क्षेत्र वसोवास गर्ने स्थानीय सामुदायिक वन तथा उपभोक्ता समिति एवं टोल विकास संस्थाको सिफारिसमा स्थानीयवासी १(एक) जनालाई न. पा. ले दैनिक फोहोर फाल्ने खाडलमा आवश्यकतानुसार झिंगा तथा लामखुट्टे नियन्त्रण गर्न किटनासक औषधि छर्ने कामका लागि करार सम्झौता गर्ने निर्णय गरियो ।

आज मिति २०७० साल पौष ३ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ८ | आ.ले.प. श्री राजेश गुरुङ्ग | | | द |

**निर्णयः**

**निर्णय नं. १:**

सामुदायिक सेवा केन्द्र रत्ननगरलाई रत्ननगर न. पा. मार्फत संचालित CFLG कार्यक्रम तर्फ बाल संरक्षण र बालश्रम कार्यक्रम शहरी बाल शिक्षा कक्षा संचालन गर्न न. पा. संग सम्झौता भए वमोजिम उक्त कक्षाहरु संचालन गर्न भौतिक क्षमताको अभाव भएको भनी न. पा. समक्ष सहयोगको लागि अनुरोध भई आएकोले चालु आ. व. २०७०।७१ को बालबालिका विकास कार्यक्रममा विनियोजित रकमबाट रु. ४०,०००।- (चालिस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:**

रत्ननगर क्षेत्रका सरकारी विद्यालयहरु एवं समुदायस्तरमा किशोर किशोरीहरुका लागि लागु औषद विरुद्ध सचेतना कार्यक्रम र HIV/AIDS सम्बन्धि कार्यक्रम संचालनका लागि रत्ननगर ७ स्थित सपोर्ट एण्ड केयरलाई साझेदारी स्वरुप रु. ६०,०००।- (साठी हजार मात्र) कार्यक्रम संचालानार्थ पलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस रत्ननगर न. पा. को संगठन क्षमता विकास कार्य (OD) यही आ. व. २०७०।७१ मा तयार गर्नुपर्ने भएको र सो कार्य गर्न URS Nepal Pvt. Ltd. संस्थाबाट प्रस्ताव पेश भै आएकोले उक्त प्रस्ताव स्वीकृत गरी संगठन क्षमता विकास कार्य गर्न उक्त संस्थालाई परामर्शदाता नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस न. पा. कार्यालयमा कार्यरत ना.सु. राजेश गुरुङ्गले यस न. पा. को स्वीकृत दरवन्दिको रिक्त पद आन्तरिक लेखा परिक्षक, सहायकस्तर पाचौं तहमा पद मिलान गरी पाउँ भनी निवेदन पेश गरेकोमा निज स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५(ख) वमोजिम बढुवा भई समायोजना भईनसकेकोले निजको शैक्षिक योग्यता तथा तालिम सम्बन्धित पदको लागि उपयुक्त भएकाले समायोजन हुनासाथ आवश्यक प्रकृया पुरा गरी पद मिलान गर्न न. पा. को पदपूर्ति समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

यस न. पा. कार्यालयमा विगत वर्षदेखि कार्यरत साईटसुपर भाईजर क्षेत्रबहादुर गुरुङ्गले करार नियुक्ती पाउँ भनी निवेदन पेश गरेकोमा निजको कार्य सम्पादन समेत राम्रो रहेको एवं कार्यनुभव समेत सुरक्षाकर्मीको रहेकोले निकट भविश्यमा दमकल खरिद गरिने निर्णय समेत भैसकेको एवं उक्त दमकल संचालन गर्ने कर्मचारीहरुको दरवन्दि सृजना गर्न समेत परिषदमा पेश गर्ने निर्णय भएको हुँदा उक्त दरवन्दिमा कर्मचारी नियुक्ती गर्दा निजलाई प्राथमिकता दिने निर्णय गरियो ।

आज मिति २०७० साल पौष ४ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय द

**अन्य उपस्थिती:**

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल ,, ,, द

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, ,, ,, द

४ सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, ,, ,, द

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, ,, ,, द

६ राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे ,, ,, द

७ ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल द

८ आ.ले.प. श्री राजेश गुरुङ्ग द

९ जिन्सी प्रमुख श्री नवराज तिवारी द

१० नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सीना द

**निर्णयः**

**निर्णय नं. १ः**

यस न. पा. को रिक्त पदहरु मध्ये पदपूर्ति समितिको मिति २०७०।०९।०३ को निर्णयानुसार देहायका कर्मचारीहरुलाई कार्य क्षमताको मुल्यांकनद्धारा एकतह माथि बढुवा गर्न सिफारिस गरेकोले देहायको पदहरुमा बढुवा गर्ने निर्णय गरियो साथै यस न. पा. को कर्मचारी विनियमावलीको नियम ४.१२ (१) बमोजिम बढुवा निर्णय उपर दावी विरोधको उजुरीको लागि ३५ दिनको म्याद दिई स्थानीय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी उक्त म्याद समाप्त भएपछि बढुवा नियुक्त दिने निर्णय गरियो ।

| क.सं. | कर्मचारीको नाम थर | साविक पद | बढुवा भएको पद |
|---|---|---|---|
| १ | तोरण राज पौडेल | सामुदायिक विकास परिचालक सहायक, सहायकस्तर चौथौं तह | सामुदायिक परिचालक, सहायकस्तर पाचौं तह |
| २ | उर्मिला तमाङ्ग दाहाल | कम्प्यूटर सहायक अप्रेटर, सहायकस्तर चौथो तह | कम्प्यूटर अप्रेटर, सहायकस्तर पाचौं तह |
| ३ | पुष्पराज आचार्य | खरिदार, सहायकस्तर चौथो तह | नायव सुव्वा, सहायकस्तर पाचौं तह |

आज मिति २०७० साल पौष ११ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ८ | जिन्सी प्रमुख श्री नवराज तिवारी | | | द |

**निर्णयः**

**निर्णय नं. १:**

यस रत्ननगर न. पा. को पदपूर्ति समितिको निर्णय अनुसार मिति २०७०।०९।०३ मा प्रकाशित पदपूर्ति एवं परिक्षा कार्यक्रम सम्बन्धि सूचना वमोजिम क्रमशः वि. नं. ५/०७०।७१ अमिन, वि. नं. ४ र ६/०७०।७१ लेखापाल र ना.सु. र वि. नं. ७/०७०।७१ सव ईन्जिनियर पदहरुको परिक्षा कार्यक्रम प्रकाशित गरिएकोमा न. पा. को आसन्न नगर परिषद तथा रत्ननगर महोत्सव २०७० को तयारीको क्रममा उक्त परिक्षा कार्यक्रम संचालनमा बाधा पर्न जाने देखिएकाले हाललाई अर्को व्यवस्था नहुन्जेलसम्मको लागि परिक्षा कार्यक्रम स्थगित गर्ने निर्णय गरियो ।

आज मिति २०७० साल पौष २० गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री पुरुषोत्तम सापकोटा, रनपा कार्यालय द

**अन्य उपस्थिती:**

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल ,, ,, द

३ योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, ,, ,, द

४ सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, ,, ,, द

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, ,, ,, द

६ राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे ,, ,, द

७ ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल द

८ जिन्सी प्रमुख श्री नवराज तिवारी द

**निर्णयः**

आज मिति २०७० साल माघ १९ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ८ | जिन्सी शाखा प्रमुख श्री नवराज तिवारी | | | द |
| ९ | नगर सुचना अधिकारी लिलानाथ अर्याल | | | द |
| १० | आ.ले.प. श्री राजेश गुरुङ्ग | | | द |

**निर्णय:**

**निर्णय नं. १:**

यस न. पा. को आ. व. २०७०।७१ को यूवा तथा खेलकुद कार्यक्रमको बजेटबाट व्यय हुने गरी विभिन्न खेल प्रवर्द्धन गर्न देहाय वमोजिम संघसंस्थाहरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

क टांडी रक्स (Tandi Rocks) द्वारा आयोजित राष्ट्रिय क्रिकेट प्रतियोगिता संचालन गर्नका लागि रु. ३५,०००।- (पैंतिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ख रत्ननगर तेक्वान्दो डोजाङ्गद्धारा रत्ननगर महोत्सव २०७० को अवसरमा आयोजित तेक्वान्दो प्रतियोगिताको लागि रु. २५,०००।- (पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ग मास जर्स व्याडमिन्टन ग्रुप अफ रत्ननगरलाई जिल्ला स्तरिय व्याडमिन्टन प्रतियोगिता संचालन गर्न रु. २५,०००।- (पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस रत्ननगर न. पा. ले आ. व. २०७०।७१ मा गोठ सुधार कार्यक्रम शिर्षकमा विनियोजित गरेको रकम रु.२,५०,०००।- (दुई लाख पचास हजार मात्र) विगतदेखि संचालनमा रहेको रत्ननगर ६ स्थित जस्पाल देवी टोल विकास संस्थालाई गोठ सुधार कार्यक्रमलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस न. पा. को आ. व. २०७०।७१ मा यूवा तथा खेलकुद शिर्षकमा विनियोजित रकमबाट रत्ननगर ३ वेल्सी स्थित जनजागरण यूवा क्लवलाई रु. ५,०००।- (पाँच हजार वरावरको मात्र) क्रिकेट सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस न. पा. को आ. व. २०७०।७१ को महिला विकास कार्यक्रम शिर्षकबाट रत्ननगर १ स्थित समुन्नत नमुना समाज नेपाललाई ६ महिने शिलाई कटाई तालिम संचालनका लागि रु. ५०,०००।- (पचास हजार मात्र) साझेदारी स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

यस न. पा. ले आ. व. २०७०।७१ मा स्वीकृत सार्वजनिक जग्गा संरक्षण तथा सिमांकन शिर्षक अन्तर्गत विनियोजित बजेट मध्येबाट स्थानीय नवदुर्गा आमा समुह रत्ननगर १ संग लागत सहभागितामा निर्माण गर्ने गरी यस न. पा. को रत्ननगर १, ४ र ८ वडा मा पर्ने पुरानो बुढीकुलो-बकुलहर-देवौली जोड्ने देवौली कुलो संरक्षण एवं व्यवस्थापन गर्न रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

यस न. पा. को रत्ननगर ९ मा रहेको घेघौली घोल संरक्षण गर्ने कार्य जागृति यूवा क्लवको अगुवाईमा सम्पादन भएको न. पा. को साविक बोर्ड निर्णय भै सहमती भएअनुसार सो कार्यमा प्रयोग भएको ईन्धन वापत २०० (दुईसय) लि. डिजेल न. पा. को सार्वजनिक जग्गा संरक्षण एवं सिमांकन शिर्षकबाट खर्च हुने गरी निकासा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

यस न. पा. को रत्ननगर १३ पंचकन्या हाईस्कुल टोल विकास संस्थामा वैकल्पिक उर्जा सोलारबाट संचालन गर्ने गरी जडान भएको सोलार वत्तिलाई न. पा. को तर्फबाट रु. ५०,०००।- (पचास हजार मात्र) आ. व. २०७०।७१ को बजेट तथा कार्यक्रमको सडकवत्ति व्यवस्थापन तथा विस्तार शिर्षकबाट साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

रत्ननगर १ स्थित अनाथ बालबालिका संरक्षण तथा आवास केन्द्र (साहाराको घर) मा रहेका बालबालिकाहरुको लागि एक महिनाको खाद्य सामाग्री स्वरुप रु. १५,०००।- (पन्ध्र हजार मात्र) बरावरको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९:**

यस न. पा. को चित्रसारी-डुंगाघाट जोड्ने चित्रसेन मार्ग विस्तार तथा पुर्न निर्माण गर्ने क्रममा सो सडक छेउमा वसोवास गर्ने सुक बहादुर भुजेलको घर अयन्त्र सार्नुपर्ने र निजको आर्थिक अवस्था अति नै दयनिय भएकोले सो घर सार्न सहयोग स्वरुप प्रकोप सहयोग कोषबाट रु. ५,०००।- (पाँच हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०:**

रत्ननगर १ स्थित शान्तिनगर टोल बस्ने रोशन परियारलाई क्यान्सर उपचार गर्नका लागि न. पा. बाट रु. ५,०००।- (पाँच हजार मात्र) विपन्न एवं असहाय स्वास्थ्य उपचार स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७० साल फाल्गुण १४ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |

**निर्णय:**

**निर्णय नं. १:**

यस रत्ननगर नगरपालिकाले आ. व. ०७०।७१ मा जगेडा कोष तथा नगरपालिकाको लागत साझेदारी रहने गरी स्थानीय विकास शुल्क कोष संचालन समितिबाट मिति २०७०।०७।१५ मा स्वीकृत भएको दमकल खरिद योजनालाई हाल न. पा. ले रोटरी ईन्टरनेशनल क्लव ३२९२ बाट न. पा. ले अत्याधुनिक प्रविधियुक्त दमकल प्राप्त गर्न गईरहेकोले सो योजनालाई परिवर्तन गरी तपसिल अनुसारका योजनाहरुको प्रस्ताव तयार गरी जगेडा कोष साझेदारी कार्यक्रम स्वीकृतीका लागि स्थानीय विकास शुल्क कोष संचालन समितिमा पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| योजना प्रस्ताव नं. | योजनाको नाम | ठेगाना | कुल लागत रकम (रु.) | प्रस्तावित सहभागितात्मक दायित्व | | |
|---|---|---|---|---|---|---|
| | | | | जगेडाकोष | न. पा. | उपभोक्ता |
| **कालोपत्रे सडक निर्माण योजना:** | | | | | | |
| प्रस्ताव नं. ५ | भक्तिनी-नेपाल टोल जोड्ने सडक कालोपत्रे | रत्ननगर १ र ४ | ३०,१२,९७६।४० | १५,०६,४८८।२० | - | १५,०६,४८८।२० |
| प्रस्ताव नं. ६ | वटर पुल-पंचकन्या सामुदायिक वनको गेट सडक कालोपत्रे | रत्ननगर १० | ३९,९८,१७५।- | १९,९९,०८७।५० | - | १९,९९,०८७।५० |
| | | **कुल जम्मा रकम (रु.)** | **७०,११,१५१।४०** | **३५,०५,५७५।४०** | **-** | **३५,०५,५७५।४०** |

**निर्णय नं. २:**

यस रत्ननगर नगरपालिकाको आ. व. २०७०।७१ का लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जगेडा कोषबाट साझेदारी कार्यक्रम अन्तर्गत स्वीकृत योजनाहरुको निर्माण कार्य स्थानीय उपभोक्ताको लागत सहभागिता तथा कृयाशिलतामा सुचारु भैरहेकेले सो सम्पूर्ण आयोजनाको त्यहाँबाट स्वीकृत कार्यक्रम अनुसार निम्नानुसार प्रथम किस्ता वापत रकम निकासा माग गर्ने निर्णय गरियो ।

तपसिल:

| सि. नं. | योजनाको नाम | जगेडा कोषबाट स्वीकृत रकम (रु.) | प्रथम किस्ता वापत रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | कालोपत्रे सडक निर्माण योजना, पंचकन्या मार्ग रनपा ९ | २५,००,०००।- | १७,५०,०००।- | |
| २ | कालोपत्रे सडक निर्माण योजना, चित्रसेन मार्ग, रनपा ५ | १५,००,०००।- | १०,५०,०००।- | |
| ३ | कालोपत्रे सडक निर्माण योजना, बकुलहर-वैरियादेखि जयमंगला हुादै जिरौना जोड्ने सडक, रनपा १३ | २४,९९,०००।- | १७,४९,३००।- | |
| | **कुल जम्मा रकम (रु.)** | **६४,९९,०००।-** | **४५,४९,३००।-** | |

आज मिति २०७० साल फाल्गुण २५ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | जिन्सी शाखा प्रमुख श्री नवराज तिवारी | ,, | ,, | द |
| ८ | आ.ले.प. श्री राजेश गुरुङ्ग | ,, | ,, | द |
| ९ | नगर सुचना अधिकारी लिलानाथ अर्याल | ,, | ,, | द |
| १० | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |

**निर्णयः**

**निर्णय नं. १:**

मिति २०७०।११।२९ गते हुने यस न. पा. को दोश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रममा यस न. पा. बाट भए गरेका कामको शाखा/उपशाखा तथा वडागत प्रगति विवरण सहित कार्यक्रममा सहभागी हुने निर्णय गरियो ।

**निर्णय नं. २:**

पत्रकार महासंघ, चितवनको माग वमोजिम आ. व. २०७०।७१ को पत्रकार क्षमता विकास कार्यक्रम शिर्षकबाट व्यय हुने गरी रु. ७,०००।- (सात हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

आ. व. २०७०।७१ को IPM कार्यक्रम शिर्षकबाट व्यय हुने गरी रत्ननगर न. पा. ४ स्थित आदिवासी थारु महिला किसान समुहलाई सोही शिर्षकमा रु. ३५,०००।- ( पैंतीस हजार मात्र) उपलब्ध गराई लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

आ. व. २०७०।७१ को स्वीकृत बजेट महिला विकास कार्यक्रमबाट Heads Nepal रत्ननगर १ लाई रु. ४०,०००।- ( चालिस हजार मात्र) Health Camp संचालनका लागि उपलब्ध गराई न. पा. को तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

यस न. पा. अन्तर्गत विपद तथा जोखिम व्यवस्थापन सम्बन्धि कार्य गर्न यस न. पा. कार्यालयका कर्मचारी ख. श्री लिलानाथ अर्याललाई सम्पर्क व्यक्ति तोकी कामको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**

श्री नवदुर्गा आमा समुह, रत्ननगर १ लाई घरेलु फोहोर व्यवस्थापन तालिमका लागि सोही शिर्षकबाट व्यय हुने गरी रु. १५,०००।- (पन्ध्र हजार मात्र) उपलब्ध गराई साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

महिला स्वास्थ्य स्वयंसेविका शिर्षकबाट व्यय हुने गरी यस न. पा. को सबै वडाहरुमा महिला स्वास्थ्य स्वयं सेविका समन्वय समिति रत्ननगरले आयोजना गरेको क्यान्सर सम्बन्धि स्वास्थ्य शिविर कार्यक्रममा न. पा. को तर्फबाट रु. १,५०,०००।- (एक लाख पचार हजार मात्र) उपलब्ध गराई लागत सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ८:**

श्री पंचकन्या सामुदायिक वन उपभोक्ता समिति, रत्ननगर १० को प्राप्त पत्रानुसार प्रस्तावित अध्ययन अवलोकन भ्रमणका सम्बन्धमा उपयुक्त समयमा भ्रमणको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ९:**

पूर्वी चितवन कुखुरा व्यवसायी संघको मिति २०७०।८।२८ को पत्रानुसार आ. व. २०७०।७१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार बायो सेक्यूरिटी तालिम कार्यक्रम संचालनका लागि रु. ७५,०००।- (पचहत्तर हजार मात्र) उपलब्ध गराई न. पा. को तर्फबाट सहभागिता जनाउने निर्णय गरियो ।

आज मिति २०७० साल फाल्गुण २८ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |

**निर्णयः**

**निर्णय नं. १**ः

यस रत्ननगर नगरपालिकाले आ. व. २०७०।७१ का लागि जगेडा कोष तथा न. पा. को लागत साझेदारीमा योजना तथा कार्यक्रम संचालन गर्ने गरी न. पा. को लागत साझेदारीमा योजना तथा कार्यक्रम संचालन गर्ने गरी न. पा. को फोहर मैला व्यवस्थापन कार्यमा प्रयोग हुने गरी फोहर ढुवानी गर्ने, पुर्ने। खाडल खन्ने, सम्याउने तथा फोहर पुर्न माटो तथा ग्रावेल लोड गरी ढुवानी गर्ने आदी कार्य गर्ने गरी १(एक) थान JCB Backheoe Loader तथा १(एक) थान सामे २ सिलिण्डरको ट्रेक्टर खरिद गर्ने गरी तयार भएको विशेष योजनाको प्रस्तावित लागत रु. ५०,०००।- (पचास हजार मात्र) बरावरको प्रस्ताव स्वीकृतीका लागि स्थानीय विकास शुल्क कोष संचालन समितिमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**ः

यस रत्ननगर न. पा. वडा नं. ९ चिसापानी टोल अन्तर्गत पर्ने चिसापानी पंचकन्या मंदिरदेखि वटरखोला किनारै किनार मैवले टोल निस्कने कृषि सडक स्थानीय उपभोक्ताबाट उल्लेख्य जनसहभागिता जुटाई निर्माण गरेकोले सो योजनालाई न. पा. को तर्फबाट आ. व. २०७१।७२ को कृषि सडक कार्यक्रममा उच्च प्राथमिकता दिई निर्माण गर्ने गरी सो योजनाका लागि आगामी आ. व. २०७१।७२ को कार्यक्रमबाट रु. १,२५,०००।-(एक लाख पच्चीस हजार मात्र) उपलव्ध गराउने गरी स्थानीय उपभोक्तालाई निर्माण कार्य बढाउन सहमती दिने निर्णय गरियो ।

**निर्णय नं. ३**ः

यस रत्ननगर न. पा. को वडा नं. ११ का स्थानीय वासिन्दाका बालबालिकाले प्रत्यक्ष पठनपाठन गर्ने न. पा. तथा जुटपानी गा.वि.स. सिमानामा पर्ने जमुनापुर रा.प्रा.वि. (क) लाई भौतिक पूर्वाधार सुधार गर्न न. पा. को आ. व. २०७०।७१ को विविध आकस्मिक योजना शिर्षकबाट रु. ५०,०००।- (पचास हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**ः

यस रत्ननगर न. पा. को वडा नं. १ मा रहेको ईलाका प्रहरी कार्यालय कम्पाउण्ड गर्न न. पा. को तर्फबाट रु. ३५,०००।- (पैंतीस हजार मात्र) बरावरको निर्माण सामाग्री विविध आकस्मिक योजना शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७० साल चैत्र २० गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | जिन्सी प्रमुख श्री नवराज तिवारी | ,, | ,, | द |
| ८ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ९ | नगर सूचना अधिकारी श्री लिलानाथ अर्याल | | | द |
| १० | आलेप श्री राजेश गुरुङ्ग | | | द |

**निर्णय:**

**निर्णय नं. १:**

उन्नती बाल विकास केन्द्र, रत्ननगर १३ को मिति २०७०।११।२९ को प्राप्त पत्रानुसार माग वमोजिम शौचालय निर्माणको लागि विविध आकस्मिक योजनाबाट रु. ५,०००।- (पाँच हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:**

स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ को परिच्छेद ७, नियम १४३ वमोजिम नगरपालिका क्षेत्रभित्रका सवारी साधनहरु दर्ता संचालनको अधिकार प्रत्योजन भए वमोजिम हाल यस नगर क्षेत्रभित्रका टांगाहरु दर्ता भई संचालनमा आएको तर नविकरण नभएको वर्तमान सन्दर्भमा टांगाहरुले अत्यधिक फोहर गरी वातावरण प्रदुषण गर्ने गरेकोले नगरलाई स्वच्छ, सफा र प्रदुषण रहित बनाउने उद्धेश्यले हाल संचालनमा आएको टांगाहरुलाई विस्थापित गरी व्याट्रीबाट चल्ने ३(तीन) पांग्रे रिक्सा संचालनका लागि सौर्य ईन्जिनियरिङ्ग ट्रेडर्स प्रा. लि. हेटौंडा ११ संग तपसिलका बुँदाहरु मान्य हुने गरी हाललाई २०(बीस) वटा व्याट्रीबाट चल्ने ३(तीन) पांग्रे रिक्सा माग गर्ने सार्थ संचानको लागि सम्बन्धित सरोकारवालाहरुलाई ईजाजत दिने निर्णय गरियो ।

तपसिल:

१. यस न.पा. क्षेत्र भित्र हाललाई व्याट्रीबाट चल्ने ३ (तीन) पांग्रे रिक्सा २०(बीस) वटा संचालनका लागि ईजाजत दिने र भविश्यमा बजारको बिस्तार तथा माग बमोजिम थपघट गर्न सक्नेछ ।
२. व्याट्रीबाट चल्ने ईीन्जन भएकोले सौर्य ईन्जिनियरिङ्ग ट्रेडर्स प्रा.लि. हेटौंडा-११ ले रिक्साको विमा गरिसकेपछि मात्र न. पा. ले संचालन गर्न ईजाजत दिनेछ ।
३. न.पा ले तोकेको रुटमा वा छिमेकी गा.वि.स. का आसपासका क्षेत्रहरुमा रिक्सा संचालन गर्नु पर्नेछ । साथै भाडा दररेट न. पा. ले तोके वमोजिम नै हुनेछ ।
४. नेपाल सरकारले उक्त सवारी साधन दर्ता गर्ने निर्देशन भएमा सो को जिम्मेवारी स्वयं सौर्य ईन्जिनियरिङ्ग ट्रेडर्स प्रा.लि. हेटौंडा-११ को नै हुनेछ ।
५. भविश्यमा कुनै समस्या सिर्जना भएमा न.पा. ले हटाउन वा राख्न सक्नेछ ।
६. सडक अवरोध, अन्य कुनै सवारी साधनलाई असर नगरी संचालन गर्नु पर्नेछ ।
७. यस न.पा. क्षेत्रका परम्परागत टांगा तथा रिक्सा धनीहरुलाई संचालन गर्न प्राथमिकता दिईनेछ ।
८. रिक्सा चालक धनी यस नगरबासी, छिमेकी गा.वि.स. तथा कम्तीमा चितवनबासी हुनुपर्ने छ ।
९. व्याट्रीबाट चल्ने ३ पाङग्रे अटो रिक्सालाई **"डांफे"** नामाकरण गरिनेछ ।
१०. उक्त रिक्साले वार्षिक सवारी कर रु. ५००।- (पाँच सय मात्र) लाग्नेछ ।
११. उक्त रिक्सा संचालनको क्रममा कुनै दुर्घटना भएमा रिक्सा उपलब्ध गराउने सम्बन्धित विमा कम्पनी वा रिक्सा चालक स्वंय जिम्मेवार हुनेछ ।

**निर्णय नं. ३:**

साक्षरता कार्यक्रम अन्तर्गत कक्षा संचालन गरिरहेको ज्योतिर्मय सामुदायिक अध्ययन केन्द्रलाई रात्री कक्षा संचालन स्थलमा चार्जिङ्ग लाईट ८(आठ) थान उपलव्ध गराउनको लागि रु. ६,०००।- (छ हजार मात्र) साक्षरता कार्यक्रम शिर्षकबाट व्यय हुने गरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

केन्द्रिय अमर प्रहरी परिवार संघको राष्ट्रिय भेलाका लागि राहत/सान्त्वना स्वरुप रु. ५,०००।- (पाँच हजार मात्र) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

रेडियो अर्पण १०४.५ को मिति २०७०।११।२५ को प्राप्त पत्रानुसार उक्त रेडियोको वार्षिक साधारण सभाको खुल्ला भजन प्रतियोगितामा सहभागिता स्वरुप विभिन्न संघ संस्था लागत साझेदारी शिर्षकबाट व्यय हुने गरी रु. ३५,०००।- (पैंतीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

जिल्ला सहकारी संघ लि. भरतपुर, चितवनको मिति २०७०।१२।१६ को प्राप्त पत्रानुसार राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा रु. १५,०००।- (पन्ध्र हजार मात्र) सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

मिति २०७०।११।२९ गते सम्पन्न न. पा. को आ. व. २०७०।७१ को दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको प्राप्त प्रतिवेदन उपर समिक्षा गरियो । साथै सहभागीहरुबाट प्राप्त राय, सुझावलाई न. पा. को नीति तथा बजेट कार्यक्रम मार्फत क्रमशः कार्यान्वयन गर्दै जाने एवं न. पा. बाट व्यक्त प्रतिवद्धतालाई समेत कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ८:**

सुनौलो स्वास्थ्य नेपाल भरतपुर मार्फत रत्ननगर न. पा. क्षेत्रमा रहेको श्रमिक बालबालिकाहरुका लागि स्वास्थ्य पहुँच बृद्धि गर्ने उद्धेश्यले आयोजना हुने दन्त शिविर कार्यक्रमका लागि न. पा. को तर्फबाट लागत साझेदारी हुने गरी उपलब्ध गराईएको रकम रु. ६५,०००।- (पैंसट्ठी हजार मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

चितवन बहिरा संघको मिति २०७०।११।२८ को प्राप्त पत्रानुसार माग वमोजिम बहिराहरुको साङ्केतिक भाषा सिकाई कार्यक्रमका लागि न. पा. को तर्फबाट लागत साझेदारी हुने स्वरुप रु. ४०,०००।- (चालिस हजार मात्र) अपांग सहयोग शिर्षकबाट व्यय हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०७१ साल वैशाख १४ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेल, रनपा कार्यालय | | | द |
| २ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ३ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ४ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ५ | आलेप श्री राजेश गुरुङ्ग | | | द |
| ६ | नक्सापास प्रमुख श्री मोहन प्रसाद तिमिल्सीना | ,, | ,, | द |
| ७ | जिन्सी प्रमुख श्री नवराज तिवारी | ,, | ,, | द |
| ८ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ९ | वडा सचिव १ र ७ श्री सूर्य प्रसाद ढुंगाना, | | | द |

**निर्णयः**

निर्णय नं. १

यस रत्ननगर न.पा.को वडा नं. ५ र ६ मा हालसम्म खानेपानी विस्तार नभएको र सो क्षेत्रमा हाल उपभोग गर्दै आएको पानी अति नै आर्सेनिकयुक्त भै जनस्वास्थ्यलाई असर गर्ने अवस्था विद्यमान रहेकोले सो रत्ननगर ५ र ६ वडामा खानेपानी विस्तार गर्न हाल न.पा.मा संचालन रहेको रत्ननगर खानेपानी तथा सरसफाई उपभोक्ता समिति मातहत नै रहने गरि खानेपानी विस्तार गर्न वडास्तरको भेलाबाट समेत निर्णय भै आएकोले सो अनुसार यस रत्ननगर विस्तार गर्न न.पा.समेत प्रतिवद्ध रहेकोले सो वडामा खानेपानी विस्तार गर्न तेश्रो साना शहरी खानेपानी आयोजना माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट), जिल्ला कमिटी चितवनको माग वमोजिम रु. ४,०००।- (चार हजार मात्र) आर्थिक सहायता शिर्षकबाट सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३ः

राधाकृष्ण टोल विकास संस्था, रत्ननगर २ को माग वमोजिम मानसिक सन्तुलन गुमाएकी उक्त टोल बस्ने माया क्षेत्रीको उपचारार्थ असहाय/अशक्त उपचार शिर्षकबाट रु. ७,०००।- (सात हजार मात्र) सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७१ साल वैशाख २५ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना तथा प्राविधिक शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन शाखा प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | नगर सुचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | ,, | ,, | द |
| ८ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ९ | जिन्सी शाखा प्रमुख श्री नवराज तिवारी | | | द |

**निर्णय:**

**निर्णय नं. १:**

रत्ननगर न. पा. वडा नं. ६ भेडी निवासी लेख बहादुर तमाङ्गको माग वमोजिम रत्ननगर १ निपनीबाट रत्ननगर न. पा. वडा नं. ६ जोड्ने ढुंगाघाट सडक खण्डमा पटके सवारी ढाँट संचालन गर्न निजसंग सम्झौता गरी आ. व. २०७०।७१ को जेष्ठ र आषाढ २ महिनाको लागि न. पा. ले निर्णय गरेको दररेटको आधारमा उक्त स्थानमा पटके सवारी ढाँट संचालन गर्न सम्झौता गरिएकोमा सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

यस न. पा. को वडा नं. ७ स्थित चित्रवन दुग्ध प्रशोधन प्रा. लि. रहेको जग्गा सदुपयोग गर्ने उद्धेश्यले रत्ननगर न. पा. वडा नं. ३ निवासी ईश्वरी प्रसाद अर्यालको प्रस्ताव वमोजिम सो जग्गामा अर्गानिक खेती गरी कृषि प्रवर्द्धन गर्नका लागि घटीमा वार्षिक रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) एकमुष्ट शुल्क लिई कम्तिमा ३(तीन) वर्षको लागि सम्झौता गरी जग्गा उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३:

न. पा. को तरकारी बजार भवनको पश्चिमतर्फको खाली जग्गामा ग्रेड्डिङ गरी यस न. पा. क्षेत्रभित्र खल्ने सवारी साधनहरु आम नगरवासी तथा स्थानीयवासीहरुलाई सार्वजनिक राजमार्ग तथा बाटोहरुमा रोकी निर्वाधरुपमा आवत जावत गर्न नै असुविधा उत्पन्न भैरहेकोले यस क्षेत्रमा चल्ने सवारी साधनहरुलाई मिति २०७१।०२।०१ गतेदेखि बसपार्क संचालनमा ल्याउन उद्योग वाणिज्य संघ, रत्ननगर, ईलाका प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय तथा यातायात व्यवसायीसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

न. पा. को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत देहायका संघ संस्थाहरुलाई न. पा. को तर्फबाट लागत साझेदारी स्वरुप सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

क. रत्ननगर कला मन्दिर रत्ननगर, चितवनको माग वमोजिम कला तथा संस्कृति प्रवर्द्धन शिर्षकबाट रु. २०,०००।- (बीस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

ख. सक्षम आमा समुहको माग वमोजिम फोहर मैला व्यवस्थापन शिर्षकबाट व्यय हुने गरी कम्पोष्ट म बनाउने तालिमका लागि न. पा. को तर्फबाट रु. २५,०००।- (पच्चीस हजार मात्र) लागत साझेदारी गर्ने निर्णय गरियो ।

ग. थारु कल्याणकारिणी सभा क्षेत्र नं. ८ को प्रस्ताव वमोजिम आदीवासी जनजाति शिर्षक अन्तर्गत महिलाहरुलाई आयमुलक तालिम (वेल्ना चौका र कुचो बनाउने) संचालन गर्न न. पा. को तर्फबाट लागत साझेदारी स्वरुप रु. ३०,०००।- (तीस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

घ. चितवन पर्यटन विकास समिति, चितवनको माग वमोजिम वेटर/वेट्रेस तालिम संचालनका लागि आन्तरिक पर्यटन विकास शिर्षकबाट रु. ३५,०००।- (पैंतीस हजार मात्र) लागत साझेदारी गर्ने निर्णय गरियो ।

ङ चित्रसेन मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिको प्रस्ताव वमोजिम संघ संस्था लागत साझेदारी शिर्षकबाट व्यय हुने गरी सिलाई कटाई तालिमका लागि रु. ४५,०००।- (पैतालिस हजार मात्र) उपलव्ध गराई लागत साझेदारी गर्ने निर्णय गरियो ।

च. नेपाल निजामती कर्मचारी यूनियन, जिल्ला कार्य समिति, चितवनको माग वमोजिम केन्द्रिय महाधिवेसनको लागि व.शि.नं. आर्थिक सहायताबाट रु. ५,०००।- (पाँच हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

छ. रत्ननगर न. पा. ६ निवासी ठगिया महतोलाई स्वास्थ्य उपचार स्वरुप रु. ५,०००।- (पाँच हजार मात्र) असहाय उपचार शिर्षकबाट उपलव्ध गराउने ।

आज मिति २०७१ साल जेष्ठ २ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | ,, | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |

**निर्णय:**

**निर्णय नं. १**ः

यस रत्ननगर नगरपालिकाको प्रमुख नदीहरु मध्ये खगेरी खोला रत्ननगर ५, ६, ७ र ८ भएर बग्ने नदीले वर्षदको समयमा खेतियोग्य जमिन तथा मानव वस्तिलाई नै कटान गरी क्षति पुऱ्याई रहेको र नगरपालिकाले आफ्नै श्रोतबाट खोला तटवन्धन गर्न नसकिरहेको सन्दर्भमा सो खोला नियन्त्रण गर्न नेपाल सरकार, सिंचाई मन्त्रालयको वार्षिक बजेट कार्यक्रममा योजना समावेसका लागि सिंचाई मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल जेष्ठ २३ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना तथा प्राविधिक शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन शाखा प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ८ | जिन्सी शाखा प्रमुख श्री नवराज तिवारी | | | द |
| ९ | नक्सापास शाखा प्रमुख श्री मोहन प्रसाद तिमल्सेना | | | द |

**निर्णयः**

निर्णय नं. १:

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२४ अनुसार निम्नानुसार बोलपत्र मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | संयोजक | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, र. न. पा. कार्यालय |
| २ | सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल |
| ३ | ,, | योजना तथा प्राविधिक शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना |
| ४ | ,, | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल |
| ५ | ,, | जिन्सी शाखा प्रमुख श्री नवराज तिवारी |

निर्णय न. २:

यस न. पा. को बोलपत्र मुल्यांकन समितिमा प्राविधिक विशेषज्ञको रुपमा भरतपुर नगरपालिका कार्यालयका मेकानिकल ईन्जिनियर श्री विजय राज पौडेललाई आमन्त्रित सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल जेष्ठ २७ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना तथा प्राविधिक शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन शाखा प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ८ | जिन्सी शाखा प्रमुख श्री नवराज तिवारी | | | द |
| ९ | नगरसूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | | | द |

## निर्णयः

**निर्णय नं. १ः**

यस न. पा. कार्यालयको मिति २०७१।१।२४ मा प्रकाशित सूचना अनुसार Backhoe Loader खरिद सम्बन्धि बोलपत्र आव्हान गएिकोमा कार्यालयले तोकेको समयभित्र नियमानुसार शिलवन्दी बोलपत्र पेश गर्ने २(दुई) संस्थाहरु मध्ये कम अंक कबोल गर्ने आईएमई अटोमोटिव्स प्रा. लि. पानीपोखरी, काठमाण्डौंको कबोल अंक रु. ३६,५०,०५१।- (छत्तीस लाख पचास हजार एकाउन्न मात्र) लाई न. पा. बोलपत्र मुल्यांकन समितिको सिफारिस अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।साथै सम्झौता गरी कार्यादेश दिने समेत निर्णय गरियो ।

**निर्णय नं. २ः**

यस न. पा. कार्यालयको मिति २०७१।१।२४ मा प्रकाशित सूचना अनुसार Tracktor added Hydrolic Talor खरिद सम्बन्धि बोलपत्र आव्हान गरिएकोमा नियमानुसार बोलपत्र शिलवन्दी पेश गर्ने एकमात्र बालेपत्रदाता आईएमई अटोमोटिव्स प्रा.लि., पानीपोखरी, काठमाण्डौंको कबोल अंक रु. ९,५१,१४९।- (नौ लाख एकाउन्न हजार एकसय उनन्पचास मात्र) लाई न. पा. बोलपत्र मुल्यांकन समितिको सिफारिस वमोजिम स्वीकृत गरी सम्झौता गर्ने र कार्यादेश दिने निर्णय गरियो ।

आज मिति २०७१ साल आषाढ १२ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | | |
|---|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, रनपा कार्यालय | | | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना तथा प्राविधिक शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन शाखा प्रमुख श्री एकदेव घिमिरे | ,, | ,, | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ८ | जिन्सी शाखा प्रमुख श्री नवराज तिवारी | | | द |
| ९ | नगरसूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | | | द |

**निर्णयः**

**निर्णय नं. १ः**

यस न. पा. को वडा नं. १ सेवाकेन्द्र भवनको कोठाहरु व्यवसायिक प्रयोजनका लागि भाडामा लगाउने सन्दर्भमा मिति २०७१।०१।१६ मा १५ दिने सूचना प्रकाशित गरिएकोमा निर्धारित समयभित्र एउटा पनि निवेदन पेश हुन नआएकाले यस न. पा. को भाडादर अध्ययन ⁄ निर्धारण समितिको सिफारिस अनुसार निम्नानुसार भाडादर कायम हुने गरी पुनः७(सात) दिने सूचना प्रकासन गर्ने निर्णय गरियो ।

तपसिलः

१. कोठा नं. १ः भवनको पश्चिमतर्फ मोहोडा रहेको एक शटर भएको बकुलहर मा. वि. तर्फको कोठालाई मासिक रु.४,०००।- (चार हजार मात्र) ।
२. कोठा नं. २ः भवनको पश्चिमतर्फ मोहोडा रहेको दुई शटर भएको कोठालाई मासिक रु. ४,२००।- (चार हजार दुईसय मात्र)
३ कोठा नं. ३ः भवनको दक्षिणतर्फ मोहोडा रहेको एक शटर भएको हल कोठालाई मासिक रु.४,५००।- (चार हजार पांचसय मात्र) ।
४ कोठा नं. ४ः भवनको दक्षिणतर्फ मोहोडा रहेको एक शटर भएको कोठालाई मासिक रु. २,२००।- (दुई हजार दुई सय मात्र)
५. कोठा नं. ५ः भवनको दक्षिणतर्फ मोहोडा भई देवौली कुलोको आडमा रहेको एक शटर भएको कोठालाई मासिक रु. २,१००।- (दुई हजार एकसय मात्र)

**निर्णय नं. २ः**

रत्ननगर न. पा. वडा नं. ३ निवासी साहित्यकार मोदनाथ मरहट्टालाई “निवन्ध संग्रह” प्रकाशसनको लागि न. पा. को कला, साहित्य श्रस्टा सम्मान तथा सहयोग शिर्षकबाट व्यहोरिने गरि रु. १०,०००। (दश हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७१ साल आषाढ १९ गतेका दिन यस रत्ननगर न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती :**

| | | | |
|---|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठ, | रनपा कार्यालय | द |

**अन्य उपस्थिती:**

| | | | | |
|---|---|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | ,, | ,, | द |
| ३ | योजना तथा प्राविधिक शाखा प्रमुख श्री प्रकाशचन्द्र ढुंगाना, | | ,, | द |
| ४ | सा. वि. शाखा प्रमुख श्री तोरण राज पौडेल, | ,, | ,, | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, | ,, | ,, | द |
| ६ | राजश्व प्रशासन शाखा- श्री डिम्मेश्वरी पौडल | ,, | ,, | द |
| ७ | नक्सापास शाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सीना | ,, | ,, | द |
| ८ | ने.न.क.ए.इकाई समिति रत्ननगरका अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | | | द |
| ९ | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | | | द |

**निर्णय:**

**निर्णय नं. १:**

यस न. पा. को मिति २०७१।०३।२३ गते हुने आ. व. ०७०।७१ को तेश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम न. पा. स्तरिय राजनितिक दल, भद्रभलाद्मी, समाजसेवी, नागरिक समाज लगायत व्यापक जनसहभागिता गराई सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस न. पा. को आगामी आ.व. २०७१।७२ को नगरपरिषदबाट स्वीकृत योजना संचालनका लागि तयार भएको वार्षिक योजना संचालन कार्य तालिका र वार्षिक खरिद योजना पारित गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस न. पा. मा संचालित बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रम तर्फ सामुदायिक सेवा केन्द्रद्धारा संचालित र. न. पा. ६ रमाईलो डाँडा स्थित ग्इक्ए ऋबिकक केन्द्र (घर) मर्मत गर्दा लागेको खर्च रकम रु. १०,४४५।- (दश हजार चारसय पैंतालिस मात्र) र सो केन्द्रमा विदेशी अवलोकन टोली आउँदा स्वागत खर्च रु. ७,१५०।- (सात हजार एकसय पचास) गरी जम्मा रु. १७,५९५।- (सत्र हजार पाँचसय पन्चानव्वे मात्र) बालबालिका शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४:** श्री हंश बहुउद्धेश्यीय सहकारी संस्था लि. को “गणतन्त्र दिवसको उपलक्ष्यमा आयोजित रक्तदान तथा विविध कार्यक्रमका लागि रु. १०,३९५।- (दश हजार तीनसय पन्चानव्वे मात्र) गणतन्त्र समारोह खर्चबाट व्यय हुने गरी उपलव्ध गराई न. पा. को तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ५:** श्री हंश बहुउद्धेश्यीय सहकारी संस्था लि. को “गणतन्त्र दिवसको उपलक्ष्यमा आयोजित रक्तदान तथा विविध कार्यक्रमका लागि रु. १०,३९५।- (दश हजार तीनसय पन्चानव्वे मात्र) गणतन्त्र समारोह खर्चबाट व्यय हुने गरी उपलव्ध गराई न. पा. को तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं. ६:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वातावरण व्यवस्थापन शाखाको च. नं. ४२७, मिति २०७१।०३।१९ को वेभसाईट सूचना वमोजिम प्लाष्टिकजन्य फोहोरलाई खुलारुपमा आगो लगाउन वन्देज गर्ने सम्बन्धि परिपत्रलाई अध्ययन एवं मनन गरी सो अनुसार सक्रियताका साथ व्यापक प्रचार प्रसार गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

यस न. पा. लाई साक्षर नगरपालिका यसै आ. व. भित्रमा गर्ने सन्दर्भमा आवश्यक तथ्यांक संकलन एवं तयारीका लागि आवश्यक प्रकृयाहरु अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस न. पा. मा कार्यरत कर्मचारीहरुको उच्च मनोवल कायम राख्न आ. व. २०७०।७१ को लागि आवश्यक सूचकहरुको आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्न निम्न तीन सदस्यीय “उत्कृष्ट कर्मचारी मुल्यांकन सिफारिस समिति” गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १. | संयोजक | उर्मिला तमाङ्ग दाहाल | प्रशासन शाखा प्रमुख र. न. पा. कार्यालय |
| २. | सदस्य | कृष्ण प्रसाद नेपाल, अध्यक्ष ने. न. क. ए. इकाई समिति रत्ननगर | |
| ३. | ,, | लिलानाथ अर्याल नगर सूचना केन्द र. न. पा. का. | |

**निर्णय नं. ८:** रत्ननगर न. पा. वडा नं. १ अवस्थित यस न. पा. को वडा नं. १ वडा सेवाकेन्द्र भवन अन्तर्गत रहेका व्यवसायिक सटरहरु भाडामा लगाउने सम्बन्धि दाश्रो पटक मिति २०७१।०३।१२ मा प्रकाशित ७(सात) दिने सूचना अनुसार छुट्टाछुट्टै सटरहरुका लागि अलग अलग १/१(एक/एक) थान मात्र निवेदनहरु पर्न आएकाले नियमानुसार आवश्यक प्रकृया अगाडि बढाई सम्झौता गरी निम्न निवेदक/फर्म/संस्थाहरुलाई देहाय वमोजिम हुने गरी सटर भाडामा उपलव्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | | ठेगाना | सटर नं. | भाडा दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सुनिता कुमारी महतो | रत्ननगर ८ | सटर नं. १ | रु. ४,०००।- (चार हजार मात्र) | |
| २ | श्री सानु रिमाल | रत्ननगर १ | सटर नं. २ | रु. ४,२००।- (चार हजार दुईसय मात्र) | |
| ३ | श्री अनिता सिंह ठकुरी | रत्ननगर १ | सटर नं. ३ | रु. ४,५१०।- (चार हजार पाँचसय दश मात्र) | |

आज मिति २०७१ साल कार्तिक ११ गतेका दिन यस न. पा. को बोर्ड बैठक निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेले, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ३ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ४ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ५ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ६ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ७ | आ. ले. प. श्री राजेश गुरुङ्ग | द |
| ८ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| ९ | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णयः**

निर्णय नं. १: स्पेशल ओलपिक्स नेपालको प्राप्त पत्रानुसार बौद्धिक अपांगता भएकाहरुको बिचमा हुने ओलपिक्स खेलकुद प्रतियोगितामा न.पा.को तर्फबाट लागत साझेदारी स्वरुप रु. १०,०००/– (अक्षेरुपी : दश हजार मात्र) सुस्तामनस्थिति सहयोग शिर्षकबाट व्यय हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २: जेष्ठ नागरिक संघ चितवनको मिति २०७१।०७।१० को प्रस्ताव पत्र बमोजिम जेष्ठ नागरिकहरुको राष्ट्रिय सम्मेलन कार्यक्रममा न.पा.को तर्फबाट रु. २०,०००/– (अक्षेरुपी : बिस हजार मात्र) असहाय उपचार तथा सहायता शिर्षकबाट सहयोग उपलब्ध गराई न.पा.को तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. मिति २०७१ कार्तिक १३–१५ सम्म सञ्चालन हुने ४२ औं रत्ननगर आमन्त्रण तेक्वान्दो प्रतियोगितामा न.पा. समेत आयोजक रहेको र न.पा. भित्र अन्तराष्ट्रिय खेल सञ्चालन हुँदा न.पा.को प्रतिष्ठा बढ्ने र अन्तराष्ट्रिय पहिचान समेत हुने भएकाले मुख्य आयोजक रहेको रत्ननगर तेक्वान्दो डोजाङ्ग, रत्ननगर, चितवनलाई यूवा तथा खेलकुद विकास कार्यक्रम शिर्षकबाट रु. ५०,०००/– (अक्षेरुपी : पचास हजार मात्र) थप उपलब्ध गराई न.पा.को तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल कार्तिक २३ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. प. श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णय:**

निर्णय नं. १: यस न. पा. को आ. व. ०७१।७२ को पहिलो त्रैमासिक अवधिको सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा (३) को प्रयोजनको लागि जारी गरिएको सूचना पुस्तिका सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं. २: अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धीमा आवद्धताको २५ औं वर्षगाँठको अवसरमा यस रत्ननगर न. पा. बालमैत्री स्थानीय शासन कार्यक्रम तर्फ रत्ननगर न. पा. क्षेत्रमा निम्नानुसार कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

क. रत्ननगर न. पा. वडा नं. ९ पंचकन्या हाईट टोल विकास संस्था स्थित पंचकन्या हरियाली पार्कलाई पंचकन्या हरियाली बाल उद्यान रत्ननगर ९ चितवन नामाकरण गरी संचालक रत्ननगर न. पा. कार्यालय र निर्माण तथा संरक्षण जिम्मेवारी पंचकन्या हरियाली बाल उद्यान निर्माण समिति रत्ननगर ९ को एक होडिङ्ग बोर्ड राख्ने ।

ख. बाल अधिकार महासन्धीको २५ औं वर्षको अवसरमा मिति २०७१ मंसीर ४ गतेका दिन रत्ननगर न. पा. वडा नं. ९ पंचकन्या हाईट टोल विकास संस्था स्थित पंचकन्या हरियाली बाल उद्यानमा बृक्षारोपण गर्ने र रत्ननगर ९ स्थित शान्तिकुन्ज टोल विकास संस्थालाई **"बालश्रम मुक्त टोल"** घोषणा गर्ने ।

ग. उल्लेखित कार्य सम्पादन गर्नका लागि रत्ननगर न. पा. र यूनिसेफ नेपाल, भरतपुरको ५०%, ५०% लागत साझेदारीमा हुने गरी रु. ८०,०००।- (असी हजार) मा कार्यक्रम संचालन गर्ने ।

घ. उक्त कार्यक्रम रत्ननगर न. पा. -आयोजक, यूनिसेफ नेपाल भरतपुर- सहयोगी, रत्ननगर उद्योग वाणिज्य संघ- सह आयोजक र शान्ति कुन्ज टोल विकास संस्था, रत्ननगर ९ कार्यक्रम संयोजनको भूमिका निर्वाह गरी भव्यरुपमा सफल पार्ने ।

ङ उल्लेखित कार्य सम्पादन गर्नका लागि देहायको कार्यदल गठन गर्ने र कार्य गर्ने जिम्मेवारी दिने ।

| | | |
|---|---|---|
| १. | संयोजक | श्री प्रकाश चन्द्र ढुंगाना, रत्ननगर न. पा. का. |
| २ | सदस्य | श्री निरज श्रेष्ठ, प्रतिनिधी रत्ननगर उ. वा. संघ |
| ३ | ,, | श्री रघुनाथ भट्ट, प्रतिनिधी शान्ति कुन्ज TLO, र.न.पा. ९ एवं संयोजक TLO समन्वय समिति |
| ४ | सदस्य सचिव | श्री तोरण राज पौडेल, सा. वि. शाखा प्रमुख र. न. पा. का. |

निर्णय नं. ३: यस न. पा. ले आ. व. २०७१।७२ का लागि योजनाहरुको लागत अनुमान गर्ने प्रयोजनका लागि जिल्ला दररेट निर्धारण समितिको निर्धारित निर्माण सामाग्रीका दररेटबाट तयार भएको दररेट विश्लेषण विवरण स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल कार्तिक २३ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. प. श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णय:**

निर्णय नं. २: अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धीमा आवद्धताको २५ औं वर्षगाँठको अवसरमा यस रत्ननगर न. पा. बालमैत्री स्थानीय शासन कार्यक्रम तर्फ रत्ननगर न. पा. क्षेत्रमा निम्नानुसार कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

क. रत्ननगर न. पा. वडा नं. ९ पंचकन्या हाईट टोल विकास संस्था स्थित पंचकन्या हरियाली पार्कलाई पंचकन्या हरियाली बाल उद्यान रत्ननगर ९ चितवन नामाकरण गरी संचालक रत्ननगर न. पा. कार्यालय र निर्माण तथा संरक्षण जिम्मेवारी पंचकन्या हरियाली बाल उद्यान निर्माण समिति रत्ननगर ९ को एक होडिङ्ग बोर्ड राख्ने ।

ख. बाल अधिकार महासन्धीको २५ औं वर्षको अवसरमा मिति २०७१ मंसीर ४ गतेका दिन रत्ननगर न. पा. वडा नं. ९ पंचकन्या हाईट टोल विकास संस्था स्थित पंचकन्या हरियाली बाल उद्यानमा बृक्षारोपण गर्ने र रत्ननगर ९ स्थित शान्तिकुन्ज टोल विकास संस्थालाई **"बालश्रम मुक्त टोल"** घोषणा गर्ने ।

ग. उल्लेखित कार्य सम्पादन गर्नका लागि रत्ननगर न. पा. र यूनिसेफ नेपाल, भरतपुरको ५०%, ५०% लागत साझेदारीमा हुने गरी रु. ८०,०००।- (असी हजार) मा कार्यक्रम संचालन गर्ने ।

घ. उक्त कार्यक्रम रत्ननगर न. पा. -आयोजक, यूनिसेफ नेपाल भरतपुर- सहयोगी, रत्ननगर उद्योग वाणिज्य संघ- सह आयोजक र शान्ति कुन्ज टोल विकास संस्था, रत्ननगर ९ कार्यक्रम संयोजनको भूमिका निर्वाह गरी भव्यरुपमा सफल पार्ने ।

ङ उल्लेखित कार्य सम्पादन गर्नका लागि देहायको कार्यदल गठन गर्ने र कार्य गर्ने जिम्मेवारी दिने ।

१. संयोजक श्री प्रकाश चन्द्र ढुंगाना, रत्ननगर न. पा. का.
२ सदस्य श्री निरज श्रेष्ठ, प्रतिनिधी रत्ननगर उ. वा. संघ
३ ,, श्री रघुनाथ भट्ट, प्रतिनिधी शान्ति कुन्ज TLO, र.न.पा. ९ एवं संयोजक TLO समन्वय समिति
४ सदस्य सचिव श्री तोरण राज पौडेल, सा. वि. शाखा प्रमुख र. न. पा. का.

आज मिति २०७१ साल मंसीर १ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय

अन्य उपस्थिती:

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल
३ योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना
४ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल
५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल
६ राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे
७ ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल
८ नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सेना
९ जिन्सी प्रमुख श्री नवराज तिवारी
१० नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल

**निर्णयः**

निर्णय नं. १: यस न. पा. को आ. व. ०७०।७१ को मिति २०७१।०७।१९ गते सम्पन्न भएको सामाजिक परिक्षण कार्यक्रमको प्रतिवेदन प्राप्त भै सो प्रतिवेदन अद्यावधिक गरी अनुमोदन सहित व्यापक छलफल गरियो । साथै प्रतिवेदनबाट प्राप्त सुझावहरु न. पा. द्वारा क्रमशः कार्यान्वयन गर्दै जाने एवं प्रतिवेदन सार्वजनिक गर्ने र एक प्रति प्रतिवेदन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. २: यस न. पा. कार्यालयको जिम्मा रहेको नोकिया क्यामरा २(दुई) थान हराएकाले मिनाहाको लागि जिन्सी शाखाबाट पेश भएको हुँदा सो सम्बन्धमा अनुसन्धान प्रकृया जारी राख्ने र फेला परेमा जफल गर्ने गरी हाललाई उल्लेखित क्यामरा मिनाहा गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल मंसीर ३ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. . प्रमुख श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सेना | द |
| ११ | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णयः**

निर्णय नं. १: यस न. पा. को आ. व. ०७०।७१ को न. पा. तथा न. पा. द्वारा संचालित आयोजनाहरु तथा कार्यक्रमहरुको अन्तिम लेखा परिक्षण कार्य गर्न लेखा परिक्षक (रजिष्टर्ड नं. ०२६८) श्री हरि प्रसाद लुईटेललाई नियुक्ती गर्ने निर्णय गरियो ।

निर्णय नं. २: पुष्पान्जली यूवा क्लव र ईन्टरनेशनल स्पोर्टस क्लव, रत्ननगर को संयुक्त आयोजनामा संचालित जिल्ला स्तरिय खुल्ला फुटवल प्रतियोगिता, जिरौना कप २०७१ कार्यक्रममा न. पा. को तर्फबाट लागत साझेदारी स्वरुप यूवा तथा खेलकुख विकास शिर्षकबाट व्यय हुने गरी रु. ४०,०००।- (चालिस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३: यस न. पा. को वडा नं. २ स्थित वडा सेवा केन्द्र रत्ननगर २, तरकारी बजार नजिक जेष्ठ नागरिकहरुलाई विश्राम गर्न "जेष्ठ नागरिक विश्राम गृह" निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: Social Awarness Youth Club ((SAY) रत्ननगर, चितवनद्वारा "हाम्रै बाजा हाम्रै भाका २०७१" कार्यक्रम अन्तर्गत न. पा. को कला तथा संस्कृति जर्गेना शिर्षकबाट व्यय हुने गरी न. पा. को तर्फबाट रु. १०,०००।- (दश हजार मात्र) उपलव्ध गराई लागत सहभागिता जनाउने निर्णय गरियो ।

निर्णय नं. ५: रत्ननगर न. पा. क्षेत्रभित्र चना चटपट, पानी पुरी, भेल पुरी एवं ठेला राखी व्यवसाय गर्ने फुटकर व्यवसायीहरुलाई दैनिक रु. १०।(दश) का दरले कर (सरसफाई शुल्क) लगाउने निर्णय गरियो ।

निर्णय नं. ६: यस न. पा. क्षेत्रभित्र प्रवेश हुने पशु चौपायाहरुको प्रति गोटाको आधारमा शुल्क लगाउने र सो कार्य गर्न ठेक्कामा लगाउन सूचना आव्हान गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल मंसीर १५ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. . प्रमुख श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सेना | द |
| ११ | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णय:**

निर्णय नं. १: न. पा. बाट आ. व. २०७१।७२ को वार्षिक वजेट कार्यक्रममा यस न. पा. को वडा ९ स्थित सालघारीमा रहेको सुकुम्वासी वस्ती व्यवस्थापनमा विनियोजित रकम रत्ननगर न. पा. वडा नं. १२ स्थित भाङघारी सुकुम्वासी वस्ती व्यवस्थापनमा तत्काल गर्नुपर्ने निर्माण कार्यमा आवश्यकतानुसार खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. २: यस न. पा. को सूचना अनुसार दर्ता हुन आएका निम्न संस्थाहरु नक्सा डिजाईनका लागि न. पा. मा सूचीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. ए. एस. ईन्जिनियरिङ्ग रत्ननगर २ लगायत २२(बाईस) वटा कन्सल्टेन्सीलाई न. पा. मा व्यवसाय कर बुझाई नक्सा डिजाईन पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. ३: रत्ननगर न. पा. वडा नं. ३ स्थित नारी जागरण केन्द्र रत्ननगरको माग वमोजिम न. पा. को स्वीकृत वार्षिक वजेट कार्यक्रम (आ. व. ०७१।७२ को) महिलालाई प्रत्यक्ष फाईदा पुग्ने सामुदायिक भवन निर्माण शिर्षकबाट व्यय हुने गरी न. पा. को तर्फबाट रु. २,००,०००।- (दुई लाख मात्र) उपलव्ध गराई न. पा. बाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: रत्ननगर न. पा. वडा नं. १०, मंगलपुर आमा समुहको माग वमोजिम उक्त आमा समुहको अगुवाईमा निर्माणाधिन शिवालय मन्दिरलाई आ. व. २०७१।७२ को महिला लक्षित सामुदायिक भवन निर्माण शिर्षकबाट व्यय हुने गरी न. पा. को तर्फबाट रु. ७०,०००।- (सत्तरी हजार मात्र) उपलव्ध गराई न. पा. बाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: रत्ननगर व्याडमिन्टन संघ, रत्ननगर चितवनको माग वमोजिम व्याडमिन्टन कोर्ट निर्माण गर्न आ. व. ०७१।७२ को वार्षिक वजेट कार्यक्रमको यूवा तथा खेलकुद विकास शिर्षकबाट व्यय हुने गरी रु. १०,५००।- (दश हजार पाँच सय मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६: यस न. पा. को स्थापना कालदेखिको १९ औं नगर परिषद बैठक मिति २०७१ पौष २३ गते बुधबारका दिन बस्ने निर्णय गरियो ।

निर्णय नं. ७: मिति २०७१।०७।२३ गते सम्पन्न आ. व. २०७१।७२ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन प्राप्त भै सो प्रतिवेदन उपर व्यापक छलफल गरियो । सो प्रतिवेदनबाट प्राप्त राय तथा सुझावहरु क्रमशः कार्यान्वयन गर्दै जाने र कमी कमजोरीहरुलाई सच्याउदै आगामी दिनहरुमा चुस्त दुरुस्त एवं पारदर्शी सेवा प्रवाह नगरवासीहरुमा उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७१ साल मंसीर २१ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. . प्रमुख श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सेना | द |
| ११ | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णय:**

निर्णय नं. १: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च. नं. ७२, मिति २०७१।०८।१८ को प्राप्त परिपत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७१।८।१६ को निर्णयले यस न. पा. मा पिठुवा र बछौली गा. वि. स. गाभिएकाले हाललाई गाभिएका सोही गा. वि. स. हरुमा संयुक्त वडा कार्यालय स्थापना गरी सेवा प्रवाह संचालन गर्ने निर्णय गरियो र गा. वि. स. हरुलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २: हाल गाभिएका गा. वि. स. हरुमा निर्माण भएका र निर्माण हुने घरहरुलाई नक्सापास प्रकृयामा न. पा. को नियमानुसार लैजाने र मालपोतको सट्टामा एकीकृत सम्पत्तिकर (मालपोत कार्यालयले तोकेको दररेटलाई आधार मानी ५०% कम) लगाउने निर्णय गरियो ।

निर्णय नं. ३: सेवा शुल्कको हकमा साविक पिठुवामा- चारकिल्ला र घर बाटो प्रमाणित गर्दा र. न. पा. ११ र १२ सरह लिने र साविक बछौलीमा चारकिल्ला- वडा नं. १७ र १८ मा र. न. पा. १ र ८ सरह र १९ नं. वडामा र. न. पा. ५ र ६ सरह लिने र घरबाटो - बछौलीको १७ र १८ वडामा र. न. पा. २ सरह र १९ नं. वडामा र. न. पा. ५ सरह दस्तुर लिने र अन्य सेवाको हकमा सावि र. न. पा. ले तोके सरह राजश्व लिने निर्णय गरियो ।

आज मिति २०७१ साल पौष १ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. . प्रमुख श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सेना | द |
| ११ | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णय:**

निर्णय नं. १: रत्ननगर नगरपालिका र यूनिसेफ नेपाल मार्फत बालमैत्री स्थानीय शासन अन्तर्गत साझेदारीमा संचालित बाल संरक्षण एवं बालश्रम न्यूनिकरण कार्यक्रम तर्फ सन् May –Oct, 2014 सम्म रत्ननगर न. पा., रत्ननगर उद्योग वाणिज्य संघ, सामुदायिक सेवा केन्द्रद्धारा स्वीकृत भै सम्पन्न क्रियाकलापहरुको प्रगति विवरण बारे जानकारी प्राप्त भयो । सो विषयमा व्यापक छलफल गरी सम्पन्न क्रियाकलापहरुमा खर्च भएको रकमको समर्थन गर्दै रत्ननगर नगरपालिका कार्यालयद्धारा सम्पन्न गरिएको आन्तरिक लेखा परिक्षण प्रतिवेदन वमोजिम यूनिसेफ नेपाल मार्फत प्राप्त रु. २६,१३,३३५।- मा रु. २४,९३,८३५।- खर्च भई बाँकी रहेको रकम रु. १,१९,५००।- (एकलाख उन्नाईस हजार पाँचसय मात्र) यूनिसेफ नेपाललाई फिर्ता पठाउने र हर हिसाव फछ्र्यौटका लागि आ. ले. प. प्रतिवेदन साझेदार संस्थाहरुबाट प्राप्त प्रगति प्रतिवेदन संलग्न राखी यूनिसेफ नेपाल, भरतपुरमा पठाउने निर्णय गरियो ।

निर्णय नं. २: सुनौलो स्वास्थ्य नेपाल, चितवनको प्रस्ताव वमोजिम यस रत्ननगर न. पा. क्षेत्रभित्र रहेका बाल श्रमिकहरुलाई लक्षित गरी दन्त शिविर (निशुल्क) संचालन गर्न न. पा. को तर्फबाट लागत साझेदारी स्वरुप आ. व. २०७१।७२ को जनस्वास्थ्य कार्यक्रम बजेट शिर्षकबाट व्यय हुने गरि रु. ५०,०००।- (पचास हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३: रत्ननगर नगरपालिका र यूनिसेफ नेपालको साभेदारीमा विगत वर्षदेखि नै संचालित बालमैत्री स्थानीय शासन तर्फ बाल संरक्षण एवं बालश्रम न्यूनिकरण कार्यक्रम अन्तर्गत सेवा प्रदायक संस्थाहरु (रत्ननगर उ. वा. संघ र सामुदायिक सेवा केन्द्र, रत्ननगर) मार्फत माग भै पेश भएका कार्यक्रमहरु एवं न. पा. आफैले संचालन गर्ने कार्यक्रमहरु समेत गरी रु. ४५,२५,५००।- ( अक्षेरुपी- पैंतालिस लाख पच्चीस हजार पाँचसय मात्र) मध्ये रत्ननगर उद्योग वाणिज्य संघ मार्फत संचालन हुने रु. २७,०१,८००।- , रत्ननगर सामुदायिक सेवा केन्द्र मार्फत संचालन हुने रु. १४,५५,६००।- र रत्ननगर न. पा. आफैले संचालन गर्ने रु. ३,६८,१००।- को कार्यक्रम सन् २०१४ नोभेम्वरदेखि २०१५ अप्रिलसम्म संचालन गर्ने कार्यक्रमका लागि यूनिसेफ नेपाल, भरतपुरमा विस्तृत कार्यक्रम विवरण, फेस फर्म संलग्न राखी वजेट निकासाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल पौष ३ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. . प्रमुख श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सेना | द |
| ११ | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णय:**

निर्णय नं. १: यस नगरपालिकाको क्षेत्र विस्तार भै साविक पिठुवा र बछौली गा. वि. स. गाभिएको सन्दर्भमा जि. वि. स. चितवन मार्फत यस न. पा. क्षेत्रमा संचालित पटके सवारी कर डिपो (ढाँट) हटाउन आवश्यक व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. : यस न. पा. को १९ औं नगर परिषद बैठक मिति २०७१ पौष २३ गते गर्ने भनिएकोमा नगरपरिषद तयारीको समय बढाउनु पर्ने तथा विविध कारणवस सो कार्यक्रम मिति २०७१ पौष २८ गते गर्ने साथै उक्त नगर परिषद कार्यक्रमलाई सु-व्यवस्थितरुपमा संचालन गर्न निम्न कार्य तालिका अनुमोदन गरी सो अनुरुप कार्यक्रम तथा वडा भेलाहरु सम्पन्न गरी आ. व. २०७२।७३ का लागि वार्षिक वजेट नीति तथा कार्यक्रमहरु तर्जुमा गर्न नगर परिषद कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

आज मिति २०७१ साल पौष २० गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय

अन्य उपस्थिती:

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल

३ योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना

४ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल

६ राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे

७ ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल

८ आ. ले. प. प्रमुख श्री राजेश गुरुङ्ग

९ जिन्सी प्रमुख श्री नवराज तिवारी

१० नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल

**निर्णयः**

**निर्णय नं. १:** यस नगरपालिकाको आ. व. २०७०।७१ को अन्तिम लेखा परिक्षण प्रतिवेदन प्राप्त भै सो उपर व्यापक छलफल गरियो र प्रतिवेदनबाट प्राप्त भएको राय तथा सुझावहरु कार्यान्वयन गर्दै जाने र प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** यस न. पा. मा कार्यरत कर्मचारीहरुको उच्च मनोवल कायम राख्न आ. व. २०७१।७२ को लागि आवश्यक सूचकहरुको आधारमा उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्न निम्न तीन सदस्यीय “उत्कृष्ट कर्मचारी मुल्यांकन समिति” गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. संयोजक - श्री नारायण प्रसाद पाण्डे, प्रमुख एवं कार्यकारी अधिकृत र. न. पा. कार्यालय

२. सदस्य श्री सीताराम पोखरेल, लेखा अधिकृत र. न. पा. कार्यालय

३. ,, श्री राजशरण न्यौपाने, वडा सचिव र. न. पा. ५ र ६

**निर्णय नं. ३:** यस न. पा. को आ.व. २०७१।७२ को विविध आकस्मिक योजना शिर्षकबाट खर्च हुने गरी परशुराम मार्ग ग्रावेल निर्माण योजनाको लागि रु. १,४७,५००।०० (अक्षेरुपी : एक लाख सतउ्चालिस हजार पाँच सय रुपैंया) भुक्तानी दिने सर्वसम्वत निर्णय गरियो ।

**निर्णय नं. ४:** यस न. पा. को वडा नं. १० सिद्धी गणेश मन्दिर रंगरोगन तथा शौचालय निर्माणका लागि आ. व. २०७१।७२ को संघसंस्था पूर्वाधार निर्माण शिर्षकबाट रु. १५,०००।- (पन्ध्र हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

आज मिति २०७१ साल पौष २४ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

अन्य उपस्थिती:

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. प. प्रमुख श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |
| ११ | बछौली सेवा केन्द्र प्रमुख श्री तेजेन्द्र नाथ लामिछाने | द |
| १२ | पिठुवा सेवा केन्द्र प्रमुख श्री चन्द्रमणी आचार्य | द |

**निर्णय:**

निर्णय नं. १: यस नगरपालिकाको १९ औं नगरपरिषदको उद्घाटन कार्यक्रम रत्ननगर न. पा. १८ बछौली उच्च मा. वि. को प्राङगण (बछौली सेवा केन्द्र अगाडी) मा र बार्षिक वजेट तथा कार्यक्रम सार्वजनिक -पत्रकार सम्मेलन) कार्यक्रम रत्ननगर न. पा. १६ पिठुवा सेवा केन्द्र भवनमा संचालन गर्ने र उल्लेखित कार्यक्रमहरु व्यवस्थापनको जिम्मेवारी सम्बन्धित वडा सेवा केन्द्र प्रमुखहरु क्रमशः तेजेन्द्र नाथ लामिछाने र चन्द्रमणी आचार्यलाई दिने निर्णय गरियो ।

निर्णय नं. २: यस न. पा. को कर्मचारी कल्याण कोषको विनियमावली तयार गर्न निम्न चार सदस्यीय "रत्ननगर न. पा. कर्मचारी कल्याण कोष मस्यौदा समिति २०७१ गठन गर्ने र ३(तीन) दिनभित्र नगरपालिका बोर्ड मार्फत नगरपरिषदमा पेश गर्ने गरी समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| | | |
|---|---|---|
| संयोजक - | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र.न.पा. कार्यालय | |
| सदस्य | लेखा अधिकृत श्री सीताराम पोखरेल, | ,, |
| सदस्य | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | ,, |
| सदस्य | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | |

निर्णय नं. ३: यस रत्ननगर न. पा. को १९ औं नगरपरिषद कार्यक्रममा आ. व. ०७१।७२ को पहिलो करदाता साथै समयमा नै कर बुझाउन सबैलाई उत्प्रेरणा जगाउने व्यक्ति श्री एकनारायण पौडेललाई उत्कृष्ट करदाताको रुपमा सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: यस नगरपालिकाको योजना कार्यक्रम, नीति लगायत विविध गतिविधीहरु सूचना एवं जानकारीको रुपमा सरोकारवाला एवं आम नागरिक समक्ष पुऱ्याई न. पा. को सूचनाको क्षेत्रमा प्रवर्द्धनात्मक हीत अभिबृद्धि गर्न अमुल्य सहयोग पुऱ्याए वापत यस न. पा. क्षेत्रमा कार्यरत संचारकर्मी एवं पत्रकार श्री ध्रुर्व राज खनाल र श्री होमनाथ सापकोटालाई नगद रु. ५०००।- (पाँच हजार) सहित उत्कृष्ट पत्रकारको रुपमा सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: यस न. पा. क्षेत्रमा रहेर नेपाली साहित्य क्षेत्रमा अमुल्य योगदान पुऱ्याउनु हुने साहित्यकारहरु क्रमशः श्री धनराज गिरी, र. न. पा. १८, श्री गिरिधारी विशिष्ठ, र. न. पा. २ र श्री ईश्वरी ओझा, र. न. पा. ९ लाई जनही रु. ५०००।- (पाँच हजार) नगद सहित स-सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: यस न. पा. को १९ औं नगरपरिषद कार्यक्रममा न. पा. मा कार्यरत कर्मचारीहरु मध्ये निम्न कर्मचारीहरुलाई उत्कृष्ट वर्ष कर्मचारीको रुपमा जनही रु. ५०००।-(पाँच हजार) सहित पुरस्कृत गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क. | ईन्जिनियर (अधिकृतस्तर छैटों तह) श्री प्रकाशचन्द्र ढुंगाना |
| ख. | ना. सु. (सहायकस्तर पाचौं तह) श्री एकदेव घिमिरे |
| ग. | ना. सु. (सहायकस्तर पाचौं तह) श्री राजेश गुरुङ्ग |
| घ. | सरसफाईकर्मी (श्रेणी विहिन) श्री सावित्री बस्नेत |

आज मिति २०७१ साल पौष २७ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

उपस्थिती:

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय

अन्य उपस्थिती:

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल

३ योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना

४ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल

५ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल

६ राजश्व शाखा प्रमुख श्री एकदेव घिमिरे

७ ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल

८ आ. ले. प. प्रमुख श्री राजेश गुरुङ्ग

९ जिन्सी प्रमुख श्री नवराज तिवारी

१० नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सीना

११ नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल

१२ बछौली सेवा केन्द्र प्रमुख श्री तेजेन्द्र नाथ लामिछाने

१३ पिठुवा सेवा केन्द्र प्रमुख श्री चन्द्रमणी आचार्य

आज मिति २०७१ साल माघ ११ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती:**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय

**अन्य उपस्थिती:**

२ आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल

३ सामुदायिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल

४ प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल

५ ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल

६ आ. ले. . प्रमुख श्री राजेश गुरुङ्ग

७ जिन्सी प्रमुख श्री नवराज तिवारी

८ नक्सापास उपशाखा प्रमुख श्री मोहन प्रसाद तिमिल्सेना

९ नगर सूचना केन्द्र प्रमुख श्री लिलानाथ अर्याल

**निर्णय:**

**निर्णय नं. १ :** ब्रम्हाकुमारी राजयोग सेवा केन्द्र रत्ननगरद्धारा आयोजित **"तनाव व्यवस्थापन एवं आन्तरिक शान्ति अनुभुति शिविर"** कार्यक्रममा यस न. पा. को तर्फबाट स्वागतद्धार वापत लागत रु. १८,०००।- (अठार हजार मात्र) विविध आकस्मिक कोषबाट व्यय हुने गरी न. पा. को तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।

आज मिति २०७१ साल माघ २२ गतेका दिन यस न. पा. को बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितीमा बस्यो ।

**उपस्थिती:**

| | | |
|---|---|---|
| १. | प्रमुख एवं कार्यकारी अधिकृत श्री नारायण प्रसाद पाण्डे, र. न. पा. कार्यालय | द |

**अन्य उपस्थिती:**

| | | |
|---|---|---|
| २ | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल | द |
| ३ | योजना शाखा प्रमुख श्री प्रकाश चन्द्र ढुंगाना | द |
| ४ | सामाजिक विकास शाखा प्रमुख श्री तोरण राज पौडेल | द |
| ५ | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल | द |
| ६ | राजश्व प्रमुख श्री एकदेव घिमिरे | द |
| ७ | ने.न.क.ए.इकाई समिति रत्ननगर अध्यक्ष श्री कृष्ण प्रसाद नेपाल | द |
| ८ | आ. ले. प. प्रमुख श्री राजेश गुरुङ्ग | द |
| ९ | जिन्सी प्रमुख श्री नवराज तिवारी | द |
| १० | सूचनाकेन्द्र प्रमुख श्री लिलानाथ अर्याल | द |

**निर्णय:**

**निर्णय नं. १ :** यस रत्ननगर न.पा.को पिठुवा सेवा केन्द्र (वडा नं. १४, १५ र १६) मा रहेको शौचालय मर्मतका लागि रु. १,००,०००।– (एक लाख मात्र) आ.व. ०७१।०७२ को विविध आकस्मिक कोषबाट व्यय हुने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

